सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ भदौ २०८०, बिहीबार (14 Sep 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १५४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

महानगरको सक्रियतामा विपन्न विद्यार्थीलाई ६६ करोडको छात्रवृत्ति

काठमाडौं महानगरको सक्रिय पहलले विगतमा छात्रवृत्ति कोटामा हुने गरेको अनियमितता र विकृति रोकिएको छ भने जेहेनदार र विपन्न विद्यार्थी लाभान्वित भएका छन्

विपन्न र मिहिनेती विद्यार्थीले पनि राम्रो विद्यालय पढ्न पाउँछन्

● विद्यानाथ कोइराला, शिक्षाविद्



काठमाडौं महानगरले छात्रवृत्ति कार्यक्रममा गरेको अभ्यास उदाहरणीय छ। महानगर आफैंले छात्रवृत्ति कोटामा विद्यार्थी तोक्दा करोडौंको छात्रवृत्ति कार्यक्रम सदुपयोग भएको छ। यसबाट विपन्न र मिहिनेती विद्यार्थीले पनि राम्रो विद्यालयमा पढ्न पाउँछन्। अन्य स्थानीय तहले पनि शिक्षामा काठमाडौंको सिको गर्न जरुरी छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

विगतका वर्षमा काठमाडौं महानगरपालिकाभित्रका निजी स्कुलले कक्षा ११ र १२ मा दिँदै आएको छात्रवृत्ति कोटामा मनपरी थियो। लक्षित वर्गले छात्रवृत्ति कोटामा पढ्न 'महाभारत' हुन्थ्यो। पहुँचवाला, जनप्रतिनिधि र स्कुल सञ्चालकले आफू र आफ्ना नातेदारका छोराछोरीलाई छात्रवृत्तिको अवसर दिन्थे। अनुगमन नहुँदा अधिकांश विद्यालयले त छात्रवृत्ति कोटा नै कार्यान्वयन गरेका थिएनन्। तर, यसपटक काठमाडौं महानगरको कठोर पहलले छात्रवृत्ति कोटामा हुने गरेको अनियमितता र विकृति रोकिएको छ भने जेहेनदार र निम्न वर्गका विद्यार्थी लाभान्वित भएका छन्। १० प्रतिशत छात्रवृत्ति कोटामा लक्षित वर्गका विद्यार्थीले पढ्ने अवसर पाएका छन्।

महानगरभित्र कक्षा ११ र १२ मा पढाइ हुने निजी विद्यालयमा पाँच हजार हाराहारीको छात्रवृत्ति कोटा छ। हालसम्म महानगरले दुई हजार ६ सय ५१ विद्यार्थी छात्रवृत्ति कोटामा सिफारिस गरिसकेको छ। सिफारिस भएकामध्ये अधिकांश विद्यार्थी विज्ञान संकायमा आकर्षित छन्। तर, व्यवस्थापन, मानविकी, कानुन र शिक्षाशास्त्र संकायतर्फ विद्यार्थीको रुचि कम भएकाले सो विषयको कोटामा विद्यार्थी

» पृष्ठ ११ मा क्रमशः



कक्षा ११ को छात्रवृत्तिका लागि काठमाडौं महानगरको शिक्षा विभागले गत २० साउनमा लिएको परीक्षामा सहभागी विद्यार्थी

छात्रवृत्ति पाएका विद्यार्थीले के-के शुल्क तिर्नुपर्छ, के-के पर्दैन ?

छात्रवृत्तिमा सिफारिस भएका विद्यार्थीले विद्यालयले लिने अधिकांश शुल्क तिर्नुपर्दैन। तर, अतिरिक्त शुल्क भने तिर्नुपर्छ। हेल्थ चेकअप शुल्क, यातायात शुल्क, भ्रमण तथा अवलोकन शुल्क, प्रयोगात्मक परीक्षा शुल्क, होस्टेल शुल्क, परीक्षा शुल्क, रजिस्ट्रेसन शुल्क, इन्सुरेन्स शुल्क, ट्युसन शुल्कलगायत भने तिर्नुपर्छ। भर्ना शुल्क, मासिक शुल्क, प्रयोगशाला शुल्क र पुस्तकालय शुल्क भने तिर्नुपर्दैन। महानगरपालिकाले पुस्तकालय र प्रयोगशाला शुल्क पनि यसपटकदेखि लिन नपाउने नियम लागू गरेपछि विद्यालयले भने विरोध गरेका छन्। हिसानका अध्यक्ष रमेश सिलवाललेे राष्ट्रिय परीक्षा बोर्डले पनि रजिस्ट्रेसन शुल्क लिने, तर निजीलाई कडाइ गर्ने महानगरको नियम विभेदकारी भएको बताए। 'सरकारले आफूले चाहिँ शुल्क लिने, तर निजी क्षेत्रलाई चाहिँ कस्ने प्रवृत्ति सही भएन,' उनले भने, 'यो नियम सच्याउनुपर्छ।'

कुन-कुन संकायमा कति विद्यार्थीले पाए छात्रवृत्ति ?

महानगरले पहिलो, दोस्रो र तेस्रो चरण गरेर दुई हजार सात सय विद्यार्थी भर्नाका लागि सिफारिस गरेको थियो। तर, त्यसमध्ये दुई हजार तीन सय ४१ विद्यार्थी मात्रै भर्ना हुने भए। कोटा अपुग भएपछि शिक्षा विभागले १३ भदौमा तीन सय १० जनालाई छात्रवृत्तिका लागि सिफारिस गरेको थियो। योसँगै छात्रवृत्तिमा पढ्ने विद्यार्थी संख्या दुई हजार ६ सय ५१ पुगेको छ। महानगरपालिकाका शिक्षा विभागका शाखा अधिकृत नेत्रनारायण पौडेलका अनुसार धेरै विद्यार्थीले छात्रवृत्ति छाडेका छन्। उनका अनुसार १३ भदौमा सिफारिस गरिएका तीन सय १० जनाबाहेक त्यसअघि विज्ञान कोटामा एक हजार चार सय ८०, म्यानेजमेन्टमा सात सय ४७, मानविकीमा चार, कम्प्युटर साइन्समा १८, सिभिल इन्जिनियरिङमा ४४, शिक्षाशास्त्र संकायमा पाँच, कानुनमा ४३ जना सिफारिस भएका छन्। 'सहरका बाठा विद्यार्थीले यता पनि प्रयास गर्ने र उता पनि राम्रो विद्यालय भर्ना गरेर बसेका रहेछन्, आफूले तोकेको विद्यालय नपाएपछि धेरैले छात्रवृत्ति छाडे,' पौडेलले भने, 'सहरी क्षेत्र र आर्थिक अवस्था राम्रो भएकाले राम्रो विद्यालय नै रोज्ने रहेछन्, तर गाउँबाट आएकाहरू छात्रवृत्तिमा सहभागी हुन नै सकेनन्।'

सुन तस्करीमा जापानी 'याकुजा स्तरको समूह संलग्न रहेको सिआइबीको निष्कर्ष

दुई महिनामा ३ सय ६२ केजी भित्रिँदा ६० केजी मात्र बरामद



बुधबार पत्रकार सम्मेलनमा तस्करबाट बरामद सुन गाल्ने मेसिनलगायत सामग्री सार्वजनिक गर्दै सिआइबी। तस्बिर : संजित परियार/नयाँ पत्रिका

टेकराज थामी/नयाँ पत्रिका

जापानी आपराधिक समूह 'याकुजा सिन्डिकेट'ले ९० को दशकमा संगठित आर्थिक अपराध गरेर विश्व नै हल्लाएको थियो। ८० हजार संगठित सदस्य रहेको सिन्डिकेटले तेल र कारको मात्र होइन, यौनदासीको समेत विश्वभर तस्करी गर्थ्यो। हङकङबाट नेपाललाई 'ट्रान्जिट' बनाएर सुन तस्करी गर्ने आपराधिक समूह पनि सोहीस्तरको रहेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को निष्कर्ष छ।

२ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयबाट ब्रेकसुको नाममा जाँचपास भएर बाहिरिने क्रममा बरामद भएको सुनमाथि भन्डै दुई महिना अनुसन्धान गरेपछि सिआइबीले निष्कर्ष निकालेको छ- दिलीप भुजेलको नाममा दर्ता भएको कम्पनी रेडी ट्रेडको नाममा मात्रै दुई महिनामा ३६२.७७८ केजी सुन नेपाल भित्रिएको थियो। जसमध्ये ६०.७१६

» पृष्ठ ११ मा क्रमशः

५० विरुद्ध मुद्दा, बिगो तीन अर्ब

६०.७१६ केजी सुन तस्करी प्रकरणमा सिआइबीले ५० अभियुक्तलाई प्रतिवादी बनाएर प्रतिवेदन बुझाएको छ। जसमध्ये ३२ पक्राउ परिसकेका छन् भने १८ जना फरार छन्। उनीहरूविरुद्ध तीन अर्ब ५० करोड दुई लाख १६ हजार ५५२ रुपैयाँ बिगो दाबी गरिएको छ। सो रकम रेडी ट्रेडको नाममा तस्करी गरिएको सुनको मूल्यबराबर मात्रै हो।

■ **मुद्दा चलाइएका विदेशी** : दावा छिरिङ, याओ पुचेङ्ग, टियान मी, वेन तोङ, डिङ सेग्फा, ली-नेङकाई, ली वेन सुङ, थुप्देन छिरिङ, जी क्वाङ लिन

■ **मुद्दा चलाइएका नेपाली** : किशोर बस्नेत, सुमन खरेल, गणेश पौडेल, रामकुमार भुजेल, दिलीप भुजेल, हर्कराज राई, राजेन्द्र राई, अशोक लामा, राजन श्रेष्ठ, पुष्करराज भट्ट, कृष्ण श्रेष्ठ, यादव पराजुली, सुदर्शन गौतम, सन्तोष चन्द, कुमार ढकाल, सरोज श्रेष्ठ, सुरेन्द्र तामाङ, पुष्पा जोशी, वीरेन्द्र नेपाली, कमल परियार, शिवकुमार सर्राफ, रुक्मिना सुब्बासहित २३ जना।

■ **जो फरार छन्** : जोङ जिङगछुङ, ली जे क्विङ, जोङ जियन हाउ, तियान मी, वाङ डाओजिन, सिन पेङ योङ्गछिन, फेङ्ग चुङ्ग ली, पेङ लिङ्गफेङ, झोङ जिङ्गछुन, अमला रोकासहित १८ जना।

२८ वर्षे करिअरमा यस्तो आपराधिक समूहसँग पहिलोपटक मुकाबिला भयो



● एआइजी किरण बज्राचार्य, प्रमुख, सिआइबी

नेपाललाई 'ट्रान्जिट' बनाएर ठूलो परिमाणमा सुन तस्करी भएको छ। यो अपराध 'ट्रान्सनेसनल' देखिन्छ। यसमा प्रयोग भएका प्रविधि, मेनपावर, लगानी र रकम अन्तर्राष्ट्रियस्तरको तथा संलग्न अभियुक्तको पृष्ठभूमि हेर्दा जापानी तथा कोरियन 'याङ लर्ड' तहको देखिन्छ। मेरो २८ वर्षको करिअरमा यसस्तरको आपराधिक समूहसँग मुकाबिला गरेको पहिलोपटक हो।



संसद्मा विद्यालय शिक्षासम्बन्धी विधेयक

शिक्षककलाई राजनीतिमा लगाम



शिक्षकको सम्पत्ति विवरण राखिने, सरुवा-बढुवाको अधिकार स्थानीय तहलाई

(विस्तृत पृष्ठ ३)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

दुई करोड गैरकानुनी सम्पत्ति देखिएका सिडिई शाक्यलाई एक वर्ष कैद

काठमाडौं/ विशेष अदालतले गैरकानुनी सम्पत्ति मुद्दामा खानेपानी तथा ढल व्यवस्थापन विभागका सिनियर डिभिजनल इन्जिनियर राजकुमार शाक्यलाई दोषी ठहर गरेको छ। बुधबारको इजलासले उनीमाथि कसुर कायम गर्दै एक वर्ष कैद सजाय सुनाएको हो। न्यायाधीशद्वय यमुना भट्टराई र खुसीप्रसाद थारूको इजलासले यस्तो फैसला गरेको हो।

दायर भएको तीन वर्षपछि मुद्दा ठहर हुने फैसला सुनाइएको हो। विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीले कैदका साथै बिगोबमोजिम असुलउपर हुने सजाय सुनाएको जानकारी दिए। 'उहाँको दुई करोड ४२ लाख ६३ हजार रुपैयाँको स्रोत खुल्न नसकेपछि त्यसलाई बिगो रकम मान्दै उक्त रकमबराबर जरिवाना हुने र एक वर्ष कैद हुने सजाय सुनाइएको हो,' उनले भने।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १६ असार ०७७ मा गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्दै शाक्यसमेत तीनजनालाई प्रतिवादी बनाई मुद्दा चलाएको थियो। उनले आर्जन गरेको सम्पत्ति श्रीमती अल्का शाक्य र भान्जी नाता पर्ने प्रभा शाक्यमाथि खर्च गरेको भन्दै उनीहरूलाई समेत प्रतिवादी बनाइएको थियो। उनीहरूले भने सफाइ पाएका छन्।

शाक्य ०४९ जेठबाट सार्वजनिक सेवामा प्रवेश गरेका थिए। ओभरसियरका रूपमा सरकारी जागिर सुरु

» पृष्ठ ११ मा क्रमशः

■ संघविरुद्ध सर्वोच्च जाँदै बागमती सरकार

यातायात प्राधिकरणमा असहमति

प्रदेशको अधिकारमा हस्तक्षेप भयो



● गंगानारायण श्रेष्ठ प्रवक्ता, बागमती सरकार

संघ सरकारले सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण स्थापना गर्ने गरी ऐन ल्याएर प्रदेश सरकारको संविधानप्रदत्त एकल अधिकारमा हस्तक्षेप गरेको छ। संघको यस्तो रबैयाले प्रदेशका अन्य अधिकारमाथि हस्तक्षेप हुने देखियो।

हेटौंडामा पोष्टराज अधिकारी

बागमती प्रदेश सरकार पहिलोपटक संघ सरकारविरुद्ध सर्वोच्च अदालत जाने भएको छ। संघ सरकारले प्रदेशलाई प्राप्त संवैधानिक अधिकारमाथि हस्तक्षेप गर्दै काठमाडौं उपत्यका र सहरी क्षेत्रको सार्वजनिक यातायात व्यवस्थापन

» पृष्ठ ११ मा क्रमशः



मधेश सरकारले दायर गरेका मुद्दा संवैधानिक इजलासमा विचाराधीन

● सागरनाथ वन परियोजना र डिभिजनल वन अधिकृत प्रदेशमातहत हुनुपर्ने ● प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारी प्रदेशले सरुवा गर्न पाउनुपर्ने ● फौजदारी अधिकार प्रदेशले पनि पाउनुपर्ने ● प्रदेश प्रहरी हस्तान्तरण हुनुपर्ने ● समृद्ध तराई-मधेश सिँचाइ विशेष कार्यक्रम प्रदेश सरकारमातहत हुनुपर्ने

■ संघीय संसद्बाट पारित सहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण ऐनको दफा १२ उपदफा १ मा भनिएको छ, 'संघीय राजधानी, सहरी क्षेत्रको सार्वजनिक यातायात सेवालाई नियमन तथा व्यवस्थापन गर्न संघीय सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण स्थापना गरिनेछ।' बागमतीले उक्त ऐन संविधानसँग बाझिएको भन्दै बदरको माग गर्न लागेको हो। संविधानको अनुसूची ६ मा प्रदेशको एकल अधिकार सूचीमा सवारीसाधन कर, यातायात र प्रदेश लोकमार्ग उल्लेख छ। सवारी दर्ता, सवारीचालक अनुमतिपत्र प्रदान र नवीकरण, प्रदेशभित्र भाडा निर्धारण प्रदेश सरकारले गर्दै आएको छ।

आफूखुसी फुली लगाउने ४२ नगरप्रहरी निलम्बित

काठमाडौं/ आफूखुसी असइको फुली लगाउने ४२ नगर प्रहरीलाई काठमाडौं महानगरलपालिकाले निलम्बन गरेको छ। महानगरले ती नगर प्रहरीलाई ३० दिनका लागि निलम्बन गरेको हो।

'महानगले औपचारिक कार्यक्रम आयोजना गरेर दर्ज्यानी चिह्न दिनुपर्ने भए पनि उहाँहरूले आफूखुसी आजैदेखि फुली लगाएर हिँड्नुभएको रहेछ। उहाँहरूले अनुशासनविपरीतको कार्य गर्नुभएकाले निलम्बन गरिएको हो,' महानगरका प्रवक्ता नवीन मानन्धरले भने। उनका अनुसार ती नगर प्रहरीहरूलाई ३० दिन निलम्बन गरेर छानबिन गर्न समितिसमेत गठन गरिएको छ। महानगरले उनीहरूलाई गत २५ असारमा बढुवा गरेको थियो। उनीहरू सहायकस्तर तेस्रो तहबाट सहायकस्तर चौथोमा बढुवा भएका थिए। प्रदेश निजामती ऐन २०७९ जारी भएपछि छैटौं र आठौं तहबाहेकका कर्मचारीको स्वतः बढुवा हुने व्यवस्था थियो। तर, महानगरले ऐनबमोजिम बढुवा नगरेपछि ती कर्मचारी उच्च अदालत पाटन पुगेका थिए। अदालतले उनीहरूका पक्षमा फैसला गरेपछि महानगरले बढुवा गरेको थियो।

बुधबार उपत्यकामा

काँडाघारी : अनधिकृत लाभ लिएको अभियोगमा काठमाडौं मनपा-३२ का ३३ वर्षीय सुरजकुमार श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीका अनुसार उनले काँडाघारीस्थित घरजग्गा कारोबार तथा ड्राइभिङ सेन्टर सञ्चालन गर्ने कार्यालयमा पीडितलाई बन्धक बनाई २० लाख रुपैयाँको चेक र आठ लाख ५० हजार रूपैयाँको कागज गराएका थिए। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले काँडाघारीबाट उनलाई पक्राउ गरेको हो। श्रेष्ठ जबर्जस्ती करणी मुद्दामा पाँच वर्ष कैद भुक्तान गरी छुटेको र गुण्डागर्दीमा समेत संलग्न रहेको खुल्न आएको छ।

जोरपाटी : गोकर्णेश्वर नपा-६ जोरपाटी चामुण्डा मन्दिरस्थित गल्लीबाट नियन्त्रित लागुऔषध डाइजेपाम, नोर्फिन, फेनागनसहित सर्लाही हरिवन नपा-५ का ३९ वर्षीय गुलाम मन्सुलीलाई प्रहरीले प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो।

नख्खु : ललितपुर महानगरपालिका-४ नख्खुस्थित चोडछड मन्दिरको भवनबाट करिब एक तोला सुनजस्तो देखिने पहँलो ब्रासलेट एक थान, क्यामेरा एक थान, चाइनिज युआन एक हजार र सिंगापुर डलर दुई सय चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न व्यक्तिको खोजी गर्नुको साथै थप अनुसन्धान गरिरहेको जनाएको छ।

सिनामंगल : अल्बानिया पठाइदिने भन्दै ठगी गर्ने काठमाडौं मनपा-९, सिनामंगल बस्ने भ्फा बिर्तामोड नपा-४ की २५ वर्षीया सुधा चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। उनी पीडितबाट दुई लाख ७२ हजार रुपैयाँ लिई सम्पर्कविहीन भएकी थिइन्।

कुमारीपाटी : कास्कीको पोखरा-बाग्लुङ बसपार्कस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिना गरी फरार भएका ललितपुर गोदावरी नपा-४ बस्ने संस्थाकी कोषाध्यक्ष ४२ वर्षीय कुमार रम्तेललाई प्रहरीले पक्राउ गरेको छ। उनीविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी परेको थियो।

गौशाला : काठमाडौं मनपा-८, गौशालाको वनकालीस्थित मानव सेवा कल्याण आश्रममा बस्ने मकवानपुर भीमफेदी गापा-४ का ५० वर्षीय अमरराज पुडासैनीलाई इँटा प्रहार गरी हत्या गरेको अभियोगमा मकवानपुर हेटौंडा उमनपाका ७२ वर्षीय जगतबहादुर तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

दुई महिनापछि तार व्यवस्थापन अभियान फेरि सुरु

तार व्यवस्थापनका संयोजक केदारबहादुर कार्की भन्छन्-



महानगरले हालसम्मको तार व्यवस्थापन अभियानबाट एक सय ट्रक तार काटिसकेको छ, तर ती तार व्यवस्थापन गर्न सकिएको छैन। टेकुस्थित वातावरण विभाग परिसरमा ती तार थुपारिएको छ। पुनः प्रयोग गर्न नमिल्ने भएका कारण व्यवस्थापन हुन सकेको छैन। ती तार लिन कोही आए निःशुल्क उपलब्ध गराउँछौं।

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले अव्यवस्थित तार व्यवस्थापन अभियानलाई फेरि नियमित गर्ने भएको छ। दुई महिनादेखि रोकिएको यो अभियान बिहीबारदेखि सुरु हुन लागेको हो।

महानगर प्रहरी बलका प्रहरी नायब उपरीक्षक तथा तार व्यवस्थापन संयोजक केदारबहादुर कार्कीका अनुसार बुधबार बैठक बसेर बिहीबारदेखि नै तार व्यवस्थापन अभियानलाई निरन्तरता दिने निर्णय भएको हो। 'रोकिएको तार व्यवस्थापन कार्य भोलिदेखि फेरि सुरु गर्ने निर्णय भएको छ,' संयोजक कार्कीले भने, 'बीचमा केही व्यक्तिले हामीसँग समन्वयविना नै गौशाला क्षेत्रको तार काटेका थिए। उनीहरूलाई कारबाही गर्यौं। अब हाम्रै निगरानीमा तार काटेर व्यवस्थापन हुन्छ।'

महानगरले २० असारमा बर्खा सुरु भएको भन्दै १० दिनका लागि तार व्यवस्थापन स्थगित गरेको थियो। २२ वैशाखमा सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै महानगरका मेयर बालेन्द्र साहले अव्यवस्थित तारका कारण आगलागीको जोखिम बढेको र सहर कुरूप बनेको भन्दै गत वर्षको आगलागीको तथ्यांकसहित व्यवस्थापन गर्ने बताएका थिए। उनले फेसबुकमा यस्तो लेखिसकेपछि महानगरले २४ वैशाखमा छलफल गरेर २५ वैशाखबाटै तार व्यवस्थापन सुरु भएको थियो। माइतीघरबाट तार काट्न थालेको महानगरले थापाथली, टेकु, त्रिपुरेश्वर-लैनचौर, न्युरोड गेट-वसन्तपुर गरी चार क्षेत्र बनाएर तार काट्न थालेको थियो। माइतीघरबाट तार काटेर व्यवस्थापन थालेको महानगर कालीमाटी, गौशाला, न्युरोड, झोछेंतर्फ पुगेको छ।



फाइल तस्बिर

■ काटिएका तार अझै व्यवस्थापन भएन

महानगरले हालसम्मको तार व्यवस्थापन अभियानबाट एक सय ट्रक तार काटिसकेको छ। तर, ती तार अझै व्यवस्थापन हुनसकेको छैन। महानगरको वातावरण विभाग परिसर टेकुमा राखिएका ती तार पुनः प्रयोग गर्न नमिल्ने भएका कारण व्यवस्थापन हुन नसकेको संयोजक कार्कीले बताए। 'थुप्रिएका तार पुनः प्रयोग नहुने रहेछ। तरकारी खेती गर्ने एकजना किसानले लहरे तरकारी खेती गर्नका लागि भनेर एक ट्रक तार लैजानुभयो। त्यसबाहेक सबै तार टेकुमा थुप्रिएको छ,' संयोजक कार्कीले भने, 'करिब एक सय ट्रक तार जम्मा भएका छन्। ती तार कोही लिन आए निःशुल्क उपलब्ध गराउँछौं।'

महानगरभित्रका ती तार सम्बन्धित नगर प्रहरीको निगरानीमा हटाउने काम भइरहेको छ। महानगरले तार काटेर व्यवस्थापन गर्ने अभियान थालेपछि गन्जागोल देखिने बिजुलीका पोल भने सफा देखिन थालेका छन्।

■ ललितपुरले १० दिनमै व्यवस्थापन गरेको थियो अव्यवस्थित तार

गत १८ फागुनदेखि ललितपुर महानगरपालिकाले पनि अव्यवस्थित तार व्यवस्थान सुरु गरेको थियो। अव्यवस्थित तारका कारण सहर कुरूप देखिएको, दुर्घटना बढेको भन्दै महानगरले अभियान सुरु गरेको थियो। १७ फागुनमा इन्टरनेट सेवा प्रदायक कम्पनी, नेपाल टेलिकम, विद्युत् प्राधिकरणलगायत निकायका प्रतिनिधिलाई बोलाएर अव्यवस्थित तार व्यवस्थापनका लागि छलफल गरेको थियो। १७ फागुनको छलफलमा महानगरका मेयर चिरिबाबु महर्जनले १० दिनभित्र सम्पदा क्षेत्रका अव्यवस्थित तार हटाउन निर्देशनसमेत दिएका थिए। सो निर्देशनअनुसार महानगरले तार व्यवस्थापन गरेको थियो। महानगरले दिएको समयभन्दा तीन दिनअगावै सम्बन्धित निकायले तार व्यवस्थापन गरेको थियो।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्दै कामपा

काठमाडौं/ काठमाडौं महानगरपालिकाले मातहतका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको क्रममा रहेको बताएको छ। कामपा शिक्षा विभागका प्रमुख सीताराम कोइरालाका अनुसार सबै सामुदायिक विद्यालयलाई विद्यार्थी र अभिभावकको आकर्षणको केन्द्र बनाउने हो जहाँ राम्रा भनिने निजी विद्यालयले दिने शिक्षाको गुणस्तरभन्दा कम हुनेछैन। 'भौतिक संरचना निर्माण गर्नुपर्ने विद्यालयका लागि सोहीअनुसारको काम भइरहेको छ भने कम विद्यार्थी भएको विद्यालयमा विद्यार्थी संख्या बढाउनेतर्फ ध्यान दिइरहेका छौं,' उनले भने।

कामपामा ८९ वटा सामुदायिक विद्यालय सञ्चालनमा छन्। ५९ माध्यमिक हुन् भने अन्य आधारभूत विद्यालय छन्। प्रमुख कोइरालाले भने, 'कामपाले तत्काल शिक्षा नीति ल्याउने तयारी गरिरहेको छ, तत्पश्चात् शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन आउँछ। अबको कामपाको शिक्षा क्षेत्रको योजना भनेको राम्रो भौतिक संरचनासहित गुणस्तरीय शिक्षा प्रदान गर्नु हो।' राम्रो भौतिक संरचना र गुणस्तरीय शिक्षाकै कारण हाल कामपामा सञ्चालनमा रहेका विद्यालय जनकल्याण माध्यमिक विद्यालय, शिवपुरी माध्यमिक विद्यालय, रत्नराज्य माध्यमिक विद्यालय, पद्मकन्या माध्यमिक विद्यालय, पद्मोदय माध्यमिक विद्यालय, विश्व निकेतन, माध्यमिक विद्यालय, सरस्वती निकेतन, ज्ञानोदय माध्यमिक विद्यालयमा थप विद्यार्थीलाई पठनपाठन गराउने स्थान नभएको कामपाको भनाइ छ। आगामी दिनमा अन्य विद्यालयलाई पनि यस्तै बनाउने कामपाको लक्ष्य रहेको बताइएको छ।

उनका अनुसार पछिल्लो समय सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दो छ। यही अनुपातमा विद्यार्थी बढिरहने हो भने अबको केही वर्षमा कामपाले छुट्टै सामुदायिक विद्यालय सञ्चालन गर्नुपर्ने हुन सक्छ। सञ्चालनमा रहेका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न कामपा सक्रियतापूर्वक लागिरहेको छ। प्रचलित शिक्षा ऐन, २०२८ ले गरेको व्यवस्था र कामपाको शिक्षा ऐन, ०७५ तथा विद्यालय व्यवस्थापन नियमावली, ०७४ ले गरेका प्रावधानअनुरूप विद्यालय सञ्चालनमा छन्। चालू आवमा कामपाले समग्र शिक्षाका लागि एक अर्ब ३२ करोड नौ लाख ३३ हजार रकम विनियोजन गरेको छ। अघिल्ला वर्षहरूमा विद्यालय गाभ्ने भनेको कामपाले अहिले उक्त कार्य नगर्ने जनाएको छ।

आज गोकर्णेश्वरमा मेला

काठमाडौं/ हरेक वर्षझैं यस वर्ष पनि भाद्र कृष्ण औंसीका दिन (आज) गोकर्णेश्वर नगरपालिकास्थित गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा मेला लाग्दै छ। बाबुको मुख हेर्ने दिनका रूपमा प्रचलित यस पर्वका दिन बाबु नहुनेहरूले विभिन्न पवित्र स्थानमा गई बाबुको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सीधा दिने वैदिक सनातनी परम्परा छ।

यसैअनुसार गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा आज लाखौं भक्तजन पितृप्रति सम्मान प्रकट गर्न भेला हुँदै छन्। मेलाका लागि मंगलबारदेखि नै तयारी गरिएको थियो। उत्तरगया भनेर चिनिने गोकर्णेश्वर महादेव मन्दिर परिसरमा पितृ सम्मान दिवसको मेलाका लागि सबै तयारी पूरा भइसकेको मन्दिर क्षेत्र प्रबन्ध समितिका अध्यक्षसमेत रहेका गोकर्णेश्वर नगरपालिका-४ का वडाध्यक्ष जयराम महतले बताए। मेला व्यवस्थापन गर्न २०० जना स्वयंसेवक परिचालन गरिएको छ। मेलाका लागि बिहीबार नेपाल मेडिकल कलेज र माकालबारी सानोपुल क्षेत्रमै सार्वजनिक यातायात रोकी मन्दिर क्षेत्रमा प्रवेश रोक लगाइएको समितिले जनाएको छ।

छेडागाड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कार्कीगाँउ जाजरकोट

आ.व.२०८०/२०८१ को लागि आन्तरीक आय तर्फको बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०५/२८

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ व्यवस्था भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन अनुसार ढुंगा, गिट्टी, बालुवा, रोडा तथा नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा निकासी शुल्क संकलन (खानी क्षेत्र बाहेक) कार्यको ठेक्का बन्दोबस्तबाट गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका खोला/नदीहरूको स्विकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पर्दाथ उत्खनन गरी कर्णाली प्रदेश सरकारको आर्थिक विधेयक २०८०/२०८१ को अनुसूची-६ मा उल्लेखित प्रति ईकाइ दररेटमा बिक्री गर्ने गरी बढाबढको माध्यमबाट दरभाउ बोलपत्र आह्वान गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरूले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरूको अधिनमा रही उक्त बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं	संकलन/उत्खनन गर्ने क्षेत्र	वडा नं	अधिकतम उत्खनन तथा बिक्री परिणाम (घ.मी)	न्युनतम ठेक्का अंक रु (मु अ कर बाहेक)	बोलपत्र दस्तुर
NCB/Riverbed/ CM/01/80/81	छेडागाड नगरपालिका भएर बग्ने भेरी नदि तथा छेडाखोला नदिका विभिन्ना क्षेत्र	१३, १२, १,५,११	२४,५३१	२६,००,२८६।००	३०००

शर्तहरु

१. उल्लेखित ठेक्काको उत्खनन कार्य आ.व. २०८०/०८१ को जेष्ठ मसान्त सम्मको लागि हुनेछ।
२. राष्ट्रियस्तरको खुला बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८०/०६/२९ सम्म कार्यालय समय भित्र।
३. राष्ट्रियस्तरको खुला बोलपत्र दर्ता मिति र स्थान २०८०/०६/२९ दिनको १२:०० बजे सम्म www.bolpatra.gov.np मा दर्ता गराउनुपर्नेछ।
४. राष्ट्रियस्तरको खुला बोलपत्र खोल्ने मिति २०८०/०६/२९ दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर राष्ट्रियस्तरको खुला बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनी बोलपत्र खोल्नमा बाधा पर्नेछैन।
५. राष्ट्रियस्तरको खुला बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खोल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखी गणना गरिनेछ।
६. राष्ट्रियस्तरको खुला बोलपत्र साथ जमानत धरौटी (विडवन्ड) वापत आफुले कबोल गरेको अंकको ५ प्रतिशत दरले हुन आउने धरौटी रकम कम्तिमा ९० दिन समय म्याद भएको ग्लोबल आइ.एम.ई. बैंक छेडागाड नगरपालिका नगरकार्यपालिकाको कार्यालयको नाममा जारी भएको धरौटी खाता नं S३०४०१०००००० बमोजिमको बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी म्याद भएको सक्कल विडवण्ड बुझाउनु पर्नेछ।
७. राष्ट्रियस्तरको खुला बोलपत्रमा BoQ भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
८. बोलपत्र फारम दस्तुर बराबर को रकम छेडागाड नगरपालिका कार्यालयको नाममा रहेको ग्लोबल आइ.एम.ई. बैंक राजस्व खाता नं S३०४०१०००००० मा जम्मा गरी स्क्यान कपी सिस्टममा अपलोड गर्नुपर्ने छ। एक फर्मको नामबाट खरिद गरिएको राष्ट्रियस्तरको खुला बोलपत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन।
९. यस सम्बन्धी विस्तृत विवरणका लागि नगरपालिकाको वेभ साइट www.chhedagadmun.gov.np र www.bolpatra.gov.np /egp मा हेर्न सकिनेछ अथवा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुपर्नेछ।

सार्वजनिक स्थानमा फोहोर फाल्नेबाट ७२ हजार जरिवाना

काठमाडौं/ सार्वजनिक स्थानमा फोहोर फाल्नेमाथि काठमाडौं महानगरपालिका कडा शैलीमा उत्रिन थालेको छ। महानगरले बुधबार बिहान कोटेश्वर चोकमा फोहोर फालिरहेको अवस्थामा १६ जनालाई पक्राउ गरी ७२ हजार रुपैयाँ जरिवाना गरेको छ। बाटोमा फोहोर फालेको शीर्षकमा उनीहरूलाई कारबाहीस्वरूप जरिवाना गरिएको हो। जरिवानास्वरूप प्रत्येक व्यक्तिलाई पाँच हजार लिइएको थियो। महानगरले मंगलबार पनि कोटेश्वर बालकुमारीतर्फ आकासेपुलमुनि रातिराति फोहोर फाल्ने १७ जनालाई पक्राउ गरी जरिवाना गरेको थियो। यसअघि पर्चा बाँड्दै हिँड्ने, सार्वजनिकस्थलमा फोहोर फाल्नेलाई पनि कारबाही गरिएको थियो।

फोहोरमैला व्यवस्थापन ऐन, ०६८ को दफा ३८ मा स्थानीय तहले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने, घर-कम्पाउन्ड, तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने, स्थानीय तहले तोकेको ठाउँमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्नेलगायत कसुर हुन्। ऐनमा यी कसुर गरेमा पाँच हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ।

■ फुटपाथ एवं ढल मर्मत गर्दै महानगर



कमलादीमा फुटपाथ तथा ढल मर्मत गर्दै मजदुर। काठमाडौं महानगरले पुराना ढल एवं साँघुरा फुटपाथलाई मर्मत गर्ने कामलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ।

तस्बिर : नयाँ पत्रिका

१४ सय वर्ष पुरानो रातो मत्स्येन्द्रनाथ मन्दिर पुनर्निर्माण ६ वर्षमा पनि सकिएन

ललितपुर/ वर्षा र सहकालका देवताका रूपमा प्रख्यात रातो मच्छिन्द्रनाथ मन्दिरको पुनर्निर्माण सुरु भएको ६ वर्ष बितिसक्दा पनि सम्पन्न भएको छैन। ललितपुर उपमहानगरपालिका-२२ बागमतीमा रहेको ऐतिहासिक यस मन्दिर ०७२ सालको भूकम्पमा ढलेको थियो।

मच्छिन्द्रनाथ मन्दिरसँगै रहेका मनकामनामाई मन्दिर र भैरवनाथ मन्दिर पुनर्निर्माण भइसकेका छन्। तर, ऐतिहासिक र प्रख्यात रातो मच्छिन्द्रनाथको मन्दिर भूकम्पले क्षति पुऱ्याएको आठ वर्ष बितिसक्दा पनि पुनर्निर्माण पूरा भएको छैन।

श्रीलंकन दूतावासको सहयोगमा राष्ट्रिय पुनर्निर्माण विभागले ०७४ मा मन्दिर पुनर्निर्माणको काम प्रेरा भेगिम तुल्सी जेभी निर्माण कम्पनीले दुई वर्षमा मन्दिर पुनर्निर्माण सक्ने गरी ठेक्का दिएको मच्छिन्द्रनाथ पुजारी संघका अध्यक्ष यज्ञरत्न शाक्य बताउँछन्। उनले भने, 'मन्दिरको काम सुरु भएर एक तला निर्माण भएको थियो। तर, प्राविधिक त्रुटि देखिएपछि फेरि भत्काएर सुरुदेखि निर्माण गर्नुपऱ्यो।'

मन्दिर पुनर्निर्माणको जिम्मा लिएको कम्पनीले बीचमै काम छोडेपछि १४ पुस ०७६ मा मन्दिर पुनर्निर्माणको जिम्मा उपभोक्ता समितिले लिएको थियो। सम्झौताअनुसार उपभोक्ता समितिले ३० जेठ ०८० मा सम्पन्न गर्नुपर्ने हो, तर मन्दिर निर्माणको काम अझै अस्तव्यस्त छ।

रातो मच्छिन्द्रनाथ मन्दिरको पुनर्निर्माण तथा संरक्षणको बाँकी काम पूरा गर्ने उद्देश्यले तीन करोड आठ लाख आठ हजार नौ सय लागतमा सम्झौता भएको छ। सम्झौता मितिमा काम सकिनुपर्ने, तर हाल मन्दिर निर्माणको कामसमेत रोकिएको छ। मन्दिर निर्माणका लागि प्रयोग गरिएको दाजी इँटा अभाव भएको मच्छिन्द्रनाथ पुजारी संका अध्यक्ष यज्ञरत्न शाक्य बताउँछन्।

सहकालका देवताका रूपमा मच्छिन्द्रनाथ रथ जात्रालाई उपत्यकाकै पृथक् र ऐतिहासिक महत्त्व बोकेको जात्राका रूपमा लिइन्छ। मच्छिन्द्रनाथ मन्दिर पाटन र बुङमतिमा एक-एकवटा छ। पुजारी संघका अध्यक्ष शाक्यका अनुसार यो मन्दिर अत्यन्तै पुरानो मन्दिर हो। उनले भने, 'मन्दिर स्थानपनाबारे कुनै शिलाखेल नभएको र सुनेअनुसार यो मन्दिर १४ सय वर्ष पहिले बनेको रहेछ। धेरै पुरानो, तर बीचमा मर्मत-सम्भार नभएकाले भूकम्पमा भत्किएको हो।'

बुङमतिको रातो मच्छिन्द्रनाथ मन्दिरबाट १२ वर्षमा एकपटक रातो मच्छिन्द्रनाथको रथ तयार गरी पाटनमा घुमाएर रथलाई पुनः बुङमतिमै पुऱ्याउने प्रचलन छ। पुजारी संघका अध्यक्ष शाक्य भन्छन्, '०८४ मा १२ वर्ष पुग्ने भएकाले मन्दिर पनि त्यही समयमा निर्माण हुन्छजस्तो छ। काम गर्नेले निरन्तर काम गर्नुपर्ने हो, तर गरिरहेका छैनन्।' रासस

विद्यालय शिक्षासम्बन्धी विधेयक

शिक्षकलाई राजनीतिमा लगाम

शिक्षकको सम्पत्ति विवरण राखिने, सरुवा-बढुवाको अधिकार स्थानीय तहलाई

शिवहरि घिमिरे / नयाँ पत्रिका

विद्यालय शिक्षा गुणस्तरीय बनाउन शिक्षकलाई अनुशासित र पेसाप्रति जिम्मेवार बनाउने गरी सरकारले कानुन बनाउने पहल थालेको छ। संसद् सचिवालयमा बुधबार दर्ता 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०' मा शिक्षकलाई राजनीतिबाट सम्पूर्ण रूपमा टाढा राख्ने प्रस्ताव छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संसद् सचिवालयमा दर्ता गरेको विधेयकमा शिक्षकहरूको योग्यतादेखि उनीहरूको सरुवा र बढुवासम्मको नयाँ प्रावधान छन्। शिक्षकको सम्पत्ति विवरणदेखि विद्यालयको सम्पत्ति हिनामिना गरे कारबाहीसम्मको व्यवस्था विधेयकमा छ।

सरकारले नेपालको शासकीय मूल संरचनाअनुकूल हुने गरी विद्यालय शिक्षासम्बन्धी कानुन संशोधन र एकीकरण गर्न छुट्टै ऐन आवश्यक रहेकाले विधेयक ल्याएको बताएको छ। विधेयकले विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षा व्यवस्थित गर्न सहयोग पुग्ने सरकारको विश्वास छ।

विधेयकमा शिक्षकलाई राजनीतिमा लगाम लगाउने कठोर व्यवस्था छ। विधेयकको परिच्छेद ७ मा शिक्षक कुनै पनि राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था छ। विद्यालयका शिक्षक तथा कर्मचारीको पेसागत हितका लागि नेपाल शिक्षक महासंघमा रहन पाउने भए पनि कुनै पनि दलको भ्रातृ संगठनमा लाग्न नपाइने विधेयकका उल्लेख छ। विधेयकको प्रावधानअनुसार शिक्षकले कुनै दल वा दलसँग आबद्धता भएको सदस्यता लिन पाउने छैनन्। उनीहरूले राजनीतिक गतिविधिमा तथा निर्वाचनमा भाग लिन लगायत कसैको निम्ति चन्दा र भोट माग्न पाउने छैनन्। यसो गरे निलम्बन तथा अवस्थाअनुसार बर्खास्त गर्ने विधेयकमा व्यवस्था छ।

देशभर कक्षा १२ सम्म का निजी र सरकारी सबै शिक्षकको संख्या झन्डै चार लाख २० हजार छ। यीमध्ये अधिकांश शिक्षक राजनीतिक भ्रातृ संगठनका सदस्य छन्। काग्रेसनिकट नेपाल शिक्षक संघमा ९०, एमालेनिकट नेपाल राष्ट्रिय शिक्षक संगठनमा ८० र माओवादीनिकट अखिल नेपाल शिक्षक संघमा ५० हजार शिक्षक आबद्ध छन्।

नेपाल शिक्षक संघका अध्यक्ष सोमनाथ गिरीले विधेयक प्रतिगामी भएको ठहर गर्दै आन्दोलन चर्काउने बताए। 'यो प्रतिगामी कदम हो, बिहीबार आन्दोलन परिचालन समितिको बैठक राखेर आन्दोलनका कार्यक्रममा जान्छौं,' उनले भने। नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष विष्णुप्रसाद भण्डारीले शिक्षक राजनीतिक दलमा समावेश हुन नखोजेको, तर आस्था र विचार बोक्न पाइने बताए। 'आस्था नै राख्न नपाइने भन्ने हुँदैन, यसमा सरकार सकारात्मक हुनुपर्छ,' उनले भने, 'हामीले राजनीतिक स्वतन्त्रतासहितको ट्रेड युनियन माग गरेका हौं।'



अखिल नेपाल शिक्षक संघका अध्यक्ष शंकर अधिकारीले ऐनले भ्रातृ संगठनबारे समेटेको विषयमा आपत्ति जनाए। 'भ्रातृ संगठनमा सहभागी हुनु पार्टीको सदस्य हुनु होइन, यो राज्य क्षेत्रको पछौटे सोच हो,' उनले भने, 'शिक्षक पनि विचार र आस्थासँग जोडिन पाइन्छ, विधेयकमा समेटिएको बुँदामा प्रतिरोध गर्छौं।'

विधेयकमा आ-आफ्नो विषयमा अध्ययनको जिम्मेवारी पूरा नगर्ने शिक्षकको बढुवा र तलब वृद्धि रोकिने भएको छ। शिक्षकले अध्यापनको जिम्मेवारी पूरा गर्नुपर्ने, विद्यार्थीलाई शारीरिक र मानसिक यातना दिन नहुने विधेयकमा छ। शिक्षकले आफ्नो सम्पत्ति विवरण स्थानीयलाई तहमा पेस गर्नुपर्ने विधेयकमा उल्लेख छ। सो विवरण स्थानीय तहले किताबखानामा पेस गर्नुपर्नेछ। शिक्षकको जागिर अवधि यसअघिकै अवस्थाअनुसार ६० वर्ष पूरा भएपछि अनिवार्य अवकाश लिनुपर्नेछ। शिक्षकलाई शिक्षणबाहेक अन्य कार्यालयका काममा पनि लगाउन पाइने छैन। विधेयक ऐनका रूपमा आइसकेपछि यीविपरीतका काम गरेमा कानुनअनुसार कारबाही हुने संसद्को शिक्षा तथा स्वास्थ्य समितिका सभापति भानुभक्त जोशीले बताए। 'विद्यालय शिक्षाबारे ऐनको विधेयक बुधबार संसद् सचिवालयमा दर्ता भएको छ, अब सचिवालयले अनुकूल मिलाएर संसद्मा पेस गर्छ,' उनले भने, 'घुम्दैफिर्दै हामीकहाँ आइपुगेपछि हामीले त्यसमा गृहकार्य थाल्छौं।'

झन्डै ५२ वर्षको अन्तरालमा आउन लागेको विद्यालय शिक्षा ऐनले संविधानमा उल्लेख गरिएअनुसारका शैक्षिक अधिकार प्रत्याभूत गर्नुपर्ने धारणा राख्दै शिक्षाविद्, शिक्षक, अभिभावक, जानकारलगायत सम्बद्ध निकायले यसबाहेक व्यापक छलफल हुनुपर्ने धारणा राख्दै आइरहेका छन्। यसअघि ०२८ मा जारी भएको शिक्षा ऐनमा विद्यालय शिक्षासम्बन्धी व्यवस्था गरिएको थियो। पाँच दशकको अन्तरालमा आउन लागेको विद्यालय शिक्षा ऐनले वर्तमान संविधानले व्यवस्था गरेका अधिकार कार्यान्वयन गर्न सघाउ पुऱ्याउने अनुमान छ।



विधेयकको परिच्छेद ७ मा शिक्षकको सरुवा तथा बढुवाको अधिकार स्थानीय तहलाई दिइने प्रावधान छ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा शिक्षक सरुवा गरिनेछ। त्यस्तै, शिक्षकको बढुवा आन्तरिक प्रतिस्पर्धा, कार्यक्षमता र मूल्यांकन र ज्येष्ठताका आधारमा गरिनेछ। हरेक वर्ष विद्यालयले वार्षिक प्रतिवेदन स्थानीय सरकारलाई पेस गर्नुपर्नेछ।

■ **सोमनाथ गिरी**, अध्यक्ष, नेपाल शिक्षक संघ



यो प्रतिगामी कदम हो, बिहीबार आन्दोलन परिचालन समितिको बैठक राखेर आन्दोलनका कार्यक्रममा जान्छौं।

■ **विष्णुप्रसाद भण्डारी**, अध्यक्ष
नेपाल राष्ट्रिय शिक्षक संगठन



आस्था नै राख्न नपाइने भन्ने हुँदैन, यसमा सरकार सकारात्मक हुनुपर्छ। हामीले राजनीतिक स्वतन्त्रतासहितको ट्रेड युनियन माग गरेका हौं।

■ **शंकर अधिकारी**, अध्यक्ष, अखिल नेपाल शिक्षक संघ



भ्रातृ संगठनमा सहभागी हुनु पार्टीको सदस्य हुनु होइन, यो राज्य क्षेत्रको पछौटे सोच हो। शिक्षक पनि विचार र आस्थासँग जोडिन पाइन्छ, विधेयकमा समेटिएको बुँदामा प्रतिरोध गर्छौं।

एसइई परीक्षा खारेज

विधेयकमा कक्षा १० को एसइई परीक्षा खारेजको व्यवस्था छ। यो परीक्षा यसअघि प्रदेश सरकारले व्यवस्थापन गर्दै आएकोमा अब यसलाई हटाएर स्कुलले नै परीक्षा लिने र नतिजा सार्वजनिक गर्ने गरी कानुन निर्माण गर्न लागिएको हो। विधेयकले प्रदेश परीक्षा कार्यालयको जिम्मेवारीबारे केही बोलेको छैन। यसअघि एसइई परीक्षाको व्यवस्थापन प्रदेशले गरेको थियो। विधेयकमा कक्षा ८ को परीक्षा स्थानीय सरकार र कक्षा १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले लिन पाउने व्यवस्था गरिएको छ।

त्यस्तै, परीक्षा बोर्डमा सदस्यसचिव नै 'कन्ट्रोलर' हुने व्यवस्था गर्न लागिएको छ। यसअघि बोर्डको अध्यक्ष 'कन्ट्रोलर' हुने व्यवस्था गरिएको थियो। विधेयकमा सामाजिक विषयको पढाइ नेपाली भाषामै हुनुपर्ने उल्लेख छ। मातृभाषाको शिक्षा भनेर सबैतिर चर्चा भइरहेका बेला त्यसलाई पनि कदर गर्ने बुँदा समेटिएको छैन। विधेयकमा अंग्रेजी र नेपाली भाषाको विषय मात्रै समावेश छ। धार्मिक विद्यालयको समकक्षता र त्यहाँ पढाउने शिक्षकबारे विधेयकमा बोलिएको छैन।

विधेयकमा सार्वजनिक विद्यालयले कुनै पनि प्रकारको शुल्क लिन नपाउने व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक तथा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने व्यवस्था गरिएको छ। यसअघि विधेयकमा पाँच वर्षभित्र निजी विद्यालय गुठीमा जानुपर्ने प्रस्ताव विधेयकमा समेटिए पनि अहिले यसलाई सच्याइएको छ।

के भन्छन् सरकार, निजी क्षेत्र र शिक्षाविद् ?

शिक्षामन्त्री अशोककुमार राईले नेपालको शासकीय मूल संरचनाअनुकूल हुने गरी विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न छुट्टै ऐन आवश्यक भएको बताएका छन्। 'विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मूलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालनसम्बन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्नुपरेको छ,' विधेयकको उद्देश्य र कारणबारे उनले लेखेका छन्, 'मुलुकका कर्णधारका रूपमा रहेका बालबालिकाको शिक्षासम्बन्धी हकको संरक्षण र प्रत्याभूत हुने गरी मुलुकको विद्यालय शिक्षाको व्यवस्थापन गर्नुपर्ने भएकाले प्रस्तुत 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' संघीय संसद्मा पेस गर्नु परेको हो।'

विधेयक कानुनका रूपमा आउँदा विद्यालयको स्थापना र सञ्चालन, पाठ्यक्रम तथा पाठ्यसामग्री र शैक्षिक गुणस्तर, परीक्षा सञ्चालन तथा व्यवस्थापन, सार्वजनिक विद्यालयका शिक्षक र कर्मचारीको नियुक्ति, पदीय आचरण, सरुवा, कारबाही तथा अवकाशका विषयमा देशभर एकरूपता कायम हुनुका साथै शिक्षक सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड तथा मन्त्रालयअन्तर्गतका संरचनात्मक व्यवस्थाबाट प्रवाह हुने सेवा प्रभावकारी हुने दाबी छ। यसले संवैधानिक व्यवस्थाअनुरूपको संघ, प्रदेश तथा स्थानीय तहको काम, कर्तव्य र जिम्मेवारीको प्रभावकारी कार्यान्वयन हुने सरकारको भनाइ छ।

शिक्षाविद् र निजी क्षेत्रले विधेयकलाई राम्रो रहेको प्रतिक्रिया दिएका छन्। शिक्षाविद् विद्यानाथ कोइरालाले यसअघिको भन्दा अहिले पेस भएको विधेयक राम्रो देखिएको बताए। 'विधेयक पहिलेको भन्दा सच्चिएको रहेछ, संविधानका धारा नै उल्लेख गरेर प्रस्तावना तयार भएको छ,' उनले भने, 'यसमा के गर्नुपर्ने, किन गर्नुपर्ने र परिणाम के छ भन्ने व्यवस्था गरिएको रहेछ, यो राम्रो छ।'

उच्च मावि संघ नेपाल (हिसान)का महासचिव रमेश सिलवालले विधेयकमा धेरै कुरा समेट्न खोजिए पनि कतै-कतै धुमाउरा शब्द राखिएको बताए। 'ऐनमा धेरै विषय समेट्न खोजिएको छ, हामीले उठाएका ९० प्रतिशत विषय सम्बोधन भएका छन्,' उनले भने, 'धेरै ठाउँमा कानुनअनुसार र तोकिएअनुसार हुनेछ भनेर घुमाउरो भाषा प्रयोग गरेर उम्कन खोजिएको छ, यसमा शंका लागेको छ।

एडिबीको ऋण सहयोगमा धनगढीमा निर्माणाधीन सडक हिलाम्य

कालिका कन्स्ट्रक्सनले पुरानो कालोपत्रे भत्काएर थप काम नगर्दा सर्वसाधारणलाई सास्ती, व्यापार व्यवसाय चौपट

धनगढीमा **तेजराज भट्ट**

एसियाली विकास बैंकको ऋण सहयोगमा धनगढी उपमहानगरपालिकामा निर्माणाधीन सडक अलपत्र परेका छन्। निर्माण कम्पनीले समयमै काम नगर्दा निर्माणाधीन सडकमा हिलो र धुलोले सर्वसाधारणले सास्ती व्यहोरिरहेका छन्। धनगढीको मुख्य बजारस्थित ट्राफिक चौराहादेखि कैलाली पुलसम्म पुरानो कालोपत्रे भत्काइएको छ। कालोपत्रे भत्काएर ग्राभेल र गिट्टी नराख्दा मुख्य बजार क्षेत्र वर्षाले अहिले हिलाम्य बनेको छ।

'पानी पर्दा हिलो तथा नपर्दा धुलोले बजारमा हिँडिनसक्नु छ। धनगढी बजार हो भन्न पनि लाज मान्नुपर्ने अवस्था छ,' धनगढी- १३ का स्थानीय रमेश बोहराले भने, 'ठेकेदारले काम नगर्दा नागरिकले सास्ती खेप्नुपरेको छ।' पुरानो कालोपत्रे भत्काएर थप काम नगर्दा आवतजावतमा समस्या भइरहेको उनले बताए।

निर्माणाधीन सडकमा हुने हिलो र धुलोले बजार क्षेत्रको व्यापार व्यवसाय पनि चौपट बनेको व्यवसायीले गुनासो गरेका छन्। हिलो र धुलोले ग्राहकहरू पसलमा आउन छाडेको धनगढी मुख्य बजारस्थित न्यु तुल्सी ट्रेड लिंकका सञ्चालक तेज बटालाले बताए। सडक निर्माणमा भइरहेको ढिलाइले आफूहरू मारमा परेको उनले गुनासो गरे। 'दैनिक सयौँ मानिस ओहोरदोहोर गर्ने बजार क्षेत्रमा छिटो काम हुनुपर्ने हो, तर कालोपत्रे सडक भत्काएर ठेकेदार थप काम गर्न आएन,' बटालाले भने, 'अहिले पानी परेर हिलोले सडकमा खुट्टा टेक्ने ठाउँ छैन।' मुख्य बजार क्षेत्रमा नाली बनाएपछि कालोपत्रे भत्काउन सुरु गरिएको हो।

पूर्वमन्त्री विक्रम पाण्डेको कालिका कन्स्ट्रक्सनले ७६ करोड ९० लाख ७६ हजार रुपैयाँको लागतमा धनगढी उपमहानगरभित्र नाली, फुटपाथ र सडक



धनगढी बजार क्षेत्रको हिलाम्य सडक।

● फोहोरमैला व्यवस्थापन केन्द्रमा पनि ढिलाइ

क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत नै धनगढीमा एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको कामले गति लिन सकेको छैन। धनगढी उपमहानगरको पटेलामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न चिनियाँ कम्पनी सिचुवान प्रोभेन्स जियोलोजिकल इन्जिनियरिङसँग ९६ करोड लागतमा सम्झौता भएको छ। तर, रूख कटान आदेश नपाउँदा काम सुरु भएको छैन। दुई वर्षभित्र फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने सर्तसहित गत वर्ष पुसमा भएको सम्झौता भएको थियो। रूख कटान आदेशका लागि वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन वन मन्त्रालयमा बुझाइसकिएको आयोजना कार्यालयले जनाएको छ। प्रशोधन केन्द्र बनाउने २२ हेक्टरमा करिब दुई सय बिरुवा काट्नुपर्ने आयोजनाका सूचना अधिकारी कलौनीले बताए।

बत्तीसहितको १०.६०७ किलोमिटर अत्याधुनिक सडक निर्माणको ठेक्का लिएको छ। एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत सडक निर्माण भइरहेका हुन्। तर, तेम्रोपटकको म्याद सकिनै लाग्दा पनि कामले तीव्रता पाउन सकेको छैन।

क्षेत्रीय सहरी विकास आयोजना कार्यालय धनगढीका अनुसार दुई वर्षभित्र काम पूरा गर्ने सर्तसहित २८ असार ०७७ मा कालिकासँग सम्झौता भएको थियो। तेम्रोपटकको म्याद आगामी १४ कात्तिकमा सकिँदै छ, तर हालसम्म करिब ८१ प्रतिशत मात्र भौतिक प्रगति भएको आयोजनाका सूचना अधिकारी इन्जिनियर सौरभ कलौनीले जानकारी दिए। कात्तिकसम्ममा काम सकिने सम्भावना नरहेको उनले बताए।

निर्माण कम्पनीले धनगढी मुख्य बजारको १.३८० किलोमिटर सडकको काम दोस्रोपटक थप गरिएको अवधि सकिएपछि मात्र सुरु गरेको थियो। बजार क्षेत्रमा विद्युत्का पोलको उचाइ बढाउनुपर्ने भएपछि केही समय काम प्रभावित भएको थियो। अन्य खण्डमा पनि निर्माण कम्पनीको ढिलासुस्तीका कारण काममा ढिलाइ भएको कलौनीले बताए।

धनगढी चटकपुरको ६ लेन सडकदेखि धनगढी-गुल्म जोड्ने दुई किलोमिटर सडक ग्राभेलका लागि गिट्टी राखिएको लामो समयदेखि अलपत्र छ। पीपलचौतारा-जाई, सहिदगेट-क्याम्पस चोक सडक कालोपत्रे भए पनि कालोपत्रे फिनिसिङ गर्ने, फुटपाथ बनाउनेलगायत काम अधुरै छन्।

आयोजना कार्यालयका अनुसार १०.६०७ किलोमिटरमध्ये करिब सात किलोमिटर कालोपत्रे भएको छ, तर कालोपत्रे सडकको दुवैतर्फ सिमेन्टको ढलानले 'फिनिसिङ' गर्ने, फुटपाथ बनाउने, ट्राफिक संकेत राख्नेलगायत काम बाँकी छन्। कालोपत्रे गरिएको केही ठाउँमा सडक भत्केर खाल्डा परेका छन्। पानीका पाइप फुटेपछि केही ठाउँमा कालोपत्रे भत्केर खाल्डो परेका निर्माण कम्पनीले जनाएको छ।

धनगढी उपमहानगरपालिका प्रमुख गोपाल हमालले सडक निर्माणमा भइरहेको ढिलाइले नागरिकले सास्ती खेप्नुपरिरहेको बताए। समयमै काम सक्न पटक-पटक आग्रह गरे पनि निर्माण कम्पनीले चासो नदिएको बताए। 'हामीले निर्माण कम्पनीका प्रतिनिधिलाई बोलाएर पटक-पटक छलफल गरेका छौं, उहाँहरूले समय तोकेर काम गर्ने प्रतिबद्धता पनि जनाउनुहुन्छ, तर काम हुँदैन,' उनले भने, 'आग्रह गर्नेबाहेक काम नगरे पनि कारबाही गर्ने अधिकार हामीलाई छैन।'

कालिका कन्स्ट्रक्सनले भने क्षेत्राधिकारको विवादले काममा ढिलाइ भएको दाबी गरेको छ। उक्त कम्पनीका आयोजना व्यवस्थापक अब्दुल बसिमियाँले अब बाँकी रहेको डेढ महिनाभित्र काम सक्ने प्रयास गरिने बताए। सडक खाली गर्ने, विद्युत्का पोल सार्ने काम समयमै हुन नसक्दा निर्माणमा ढिलाइ भएको उनको दाबी छ। 'सबै खण्डमा क्षेत्राधिकार विवादको सामना गर्नुपऱ्यो,' उनले भने, 'विनारोकटोक काम गर्न नपाउँदा ढिलाइ भयो।' नगरपालिकाबाट आवश्यकताअनुसार विद्युत्को पोल समयमै नपाउँदा मुख्य बजार क्षेत्रको काममा ढिलो भएको कम्पनीले दाबी गरेको छ।

नेपाल भ्युज कन्क्लेभ- २०२३ मा प्रधानमन्त्रीले भने-

लगानीको वातावरण बनाउन सरकार प्रतिबद्ध छ



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले समृद्धिको लक्ष्य हासिल गर्न सरकार, निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारबीच सहकार्य गर्न र नेपालमा लगानीको वातावरण सिर्जना गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्।

नेपाल भ्युजको दोस्रो वार्षिकोत्सवका अवसरमा बुधबार 'समृद्धिका सम्भावना र चुनौती' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय गौरवका आयोजना र गेम चेन्जर प्रोजेक्टको समयमै कार्यान्वयन, आर्थिक विकास र रोजगारी सिर्जनामा गुणात्मक परिवर्तन ल्याउन सरकारको सम्पूर्ण नीति, योजना र ध्यान केन्द्रित गरिएको बताए।

'हालै सुरु गरिएको विद्युत् निर्यातसम्बन्धी सम्झौता र गैरआवासीय नेपाली नागरिकलाई आर्थिक, सांस्कृतिक अधिकारसहितको नागरिकता प्रदान गर्ने प्रावधानले नेपालमा लगानीको वातावरण थप सुदृढ भएको छ,' प्रधानमन्त्रीले भने, 'आजको परिस्थितिमा आमनेपाली नागरिकको चाहना र देशको प्रमुख आकांक्षासमेत समृद्धि हो। आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट नै सामाजिक न्याय, सुशासन र समृद्धि हासिल गर्न सकिन्छ।'

राजनीतिक र सामाजिक अवस्थामा भएको रूपान्तरणको तुलनामा देशको समृद्धि र जनताको आर्थिक अवस्थामा अपेक्षित परिवर्तन आउन नसकेको उनले बताए। 'शासन व्यवस्थामा आएको पटक-पटकको परिवर्तनलाई आत्मसात् गरी योजनाबद्ध र रूपान्तरणमुखी विकास हासिल गर्ने सोच, गन्तव्य, मार्गचित्र र प्राथमिकतामा केन्द्रित रहेर बहस हुन आवश्यक छ,' उनले भने, 'नेपालको संविधानले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न समाजवादप्रति प्रतिबद्ध समृद्ध राष्ट्र निर्माण गर्ने अभिभारा हामीलाई सुम्पेको छ। प्रत्येक नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारी र योगदानमा आधारित सामाजिक सुरक्षाजस्ता आधारभूत विषयलाई मौलिक हकका रूपमा परिभाषित गरिएको छ। संविधानको व्यवस्था र भावनालाई हृदयंगम गरी नेपाल सरकारले योजनाबद्ध रूपमा समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न दीर्घकालीन सोच तय गरेको छ।'

सन् २०२६ मा नेपाललाई अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य तय गरिएको उनले बताए। सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने सोचका साथ आगामी आर्थिक वर्षदेखि लागु हुने गरी १६औँ योजनाको निर्माण सुरु भएको उनको भनाइ छ।

समृद्धि हासिल गर्ने प्रयासमा देखिएका नीतिगत, संरचनागत र प्रणालीगत अवरोधहरूको पहिचान, सम्बोधन, निराकरण र संरचनात्मक रूपान्तरण गर्दै विकास र सामाजिक न्यायको प्रक्रियामा संघ, प्रदेश र स्थानीय तहका साथै सरकारी, निजी, सहकारी, गैरसरकारी, विकास साझेदार र अन्य सरोकारवाला निकायबीचको अन्तरसम्बन्ध र सहकार्यलाई मजबुत बनाउनु आवश्यक रहेको उनले औँल्याए।

अभिभावकीय राजसंस्था र प्रत्यक्ष प्रधानमन्त्री : राप्रपा

नयाँ पत्रिका

राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्थासहित राजतन्त्रलाई अभिभावकीय संस्थाका रूपमा अघि बढाउन प्रस्ताव गरेको छ। बुधबार काठमाडौंमा आयोजित विरोधसभाको राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले शासकीय स्वरूपमा आफ्नो पार्टीको धारणा सुनाएका हुन्।

'देशलाई दुर्घटनाबाट जोगाउन नयाँ सम्झौता गरौं। त्यो तपाईंहरू (ठूला दल)कै नेतृत्वमा होस्। अब राजालाई कुनै न कुनै प्रकारको स्पेसको व्यवस्था गर्नुहोस्,' उनले भने, 'राजालाई अभिभावकीय संस्थाका रूपमा अगाडि बढाऔं। जनतालाई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गरौं।'

कांग्रेस, एमाले र माओवादी गलत बाटो हिँडेको दाबी गर्दै त्यसलाई सच्याउन लिङ्देनको आग्रह छ। 'तपाईंहरूलाई देश र जनताप्रति माया छ र सुध्रन चाहनुहुन्छ भने सुध्रनुस्, अहिले पनि समय बिग्रिएको छैन। कुनै विद्रोह नगरी सल्लाहबाटै बाटो सच्याउनुस्,' उनले भने, '१२ बुँदे सम्झौताको भारी बोकेर जसरी यहाँसम्म



देशलाई हिँडाउनुभयो, यहाँसम्म आइपुग्दा त्यो बाटो गलत भयो भन्ने तपाईंहरूलाई पनि लागेको छ। अब त्यो बाटोले गन्तव्यमा पुऱ्याउँदैन। देशलाई दुर्घटनामा लानेवाला छ।'

गौवधको विरोधका साथसाथै हिन्दू राष्ट्र र राजसंस्थाको पुनर्स्थापना, संघीयताको खारेजी, भ्रष्टाचार काण्डको पूर्ण छानबिनलगायत मुद्दाको माग गर्दै आयोजित विरोध सभामा लिङ्देनले संघीयताले देशमा ऋण बढाएको बताए। संघीयता खारेज गर्नुपर्नेमा उनले जोड दिए। विदेशीको साथविना नेपालमा सरकार टिक्न नसक्ने प्रचलन बनेको उनको दाबी थियो। लिङ्देनले देशमा धर्मनिरपेक्षता धार्मिक द्वन्द्व निम्त्याउने हिसाबले त्याइएको तर्क गरे।

राजकीय सम्मानसहित आज नेम्वाङको अन्त्येष्टि

नयाँ पत्रिका

संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको बिहीबार राजकीय सम्मानसहित अन्त्येष्टि गरिने भएको छ। बिहान ११ बजे निजी निवास बालुवाटारबाट शवयात्रासहित पशुपतिस्थित आर्यघाटमा पुऱ्याइए हिन्दू तथा लिम्बू परम्पराअनुसार नेम्वाङको पार्थिव शरीरलाई अन्त्येष्टि गर्ने गरी सरकारले तयारी गरेको छ।

पूर्वसभामुख तथा एमाले उपाध्यक्ष नेम्वाङको शवयात्राको लागि रुट तय भएको छ। नेम्वाङको शवयात्राका लागि बालुवाटारस्थित निवासदेखि पशुपति आर्यघाटसम्मको रुट तय गरिएको एमाले केन्द्रीय प्रचार विभागले जनाएको छ। केन्द्रीय प्रचार तथा प्रकाशन विभागका सचिव गगन विष्टका अनुसार नेम्वाङको शवयात्राको रुट बालुवाटारबाट शिक्षण अस्पताल, महाराजगन्ज-नारायणगोपाल चोक-धुम्बाराही-चाबहिल-गौशाला हुँदै पशुपति आर्यघाट तय गरिएको छ।

'उहाँको शवयात्रा त्यसअघि नै हुने हुँदा शवयात्रामा सहभागी भई अन्तिम श्रद्धाञ्जली अर्पणका लागि आ-आफ्नो अनुकूलतामा निजी सवारीसाधन हुनेहरू शंखपार्क, धुम्बाराही र सवारीसाधन नहुनेहरू गौशाला (वडा प्रहरी कार्यालयअगाडि) पुग्न हुन अनुरोध गरिन्छ,' विष्टले विज्ञप्तिमा भनेका छन्।

श्रद्धाञ्जली अर्पणका लागि नेम्वाङको पार्थिव शरीर बुधबार दिउँसो १ बजेसम्म एमाले पार्टी कार्यालय च्यासलमा राखिएको थियो। त्यसपछि उनको पार्थिव शरीर



बालुवाटारस्थित निजी निवासमा राखिएको छ। पार्टी कार्यालयमा चीन भ्रमण छोट्याएर फर्किएका महासचिव शंकर पोखरेललगायतले श्रद्धाञ्जली व्यक्त गरेका थिए। बुधबार पनि विभिन्न राजनीतिक दलका नेताहरू, कूटनीतिक नियोगका प्रमुख, समाजका विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरू, उच्चपदस्थ अधिकारी, ठूलो संख्यामा पार्टीका नेता-कार्यकर्ता, शुभेच्छुकलगायत श्रद्धाञ्जलीका लागि एमाले कार्यालय च्यासल पुगेका थिए।

निजी निवास बालुवाटार पुऱ्याइएपछि पारिवारिक तथा धार्मिक संस्कारअनुसार नेम्वाङलाई श्रद्धाञ्जली व्यक्त गरिएको छ। त्यहाँ नेम्वाङप्रति आफन्तजन, इष्टमित्र र परिवारका सदस्यहरूले श्रद्धाञ्जली व्यक्त गरेका छन्।

विदेशमा रहेका दुवै छोरा आइपुगे

नेम्वाङका दुवै छोरा नेपाल आइपुगेका छन्। नेपाल आएलगत्तै एमाले पार्टी केन्द्रीय कार्यालय च्यासल पुगेर उनीहरूले बुबाको मुख हेरी पार्थिव शरीरमा श्रद्धाञ्जली दिएका छन्। जेठा छोरा मिड्सो बेलायतबाट बुधबार नेपाल आइपुगेका हुन्। कान्छा छोरा सुहाङ मंगलबारै अस्ट्रेलियाबाट आइपुगेका छन्। बुबालाई श्रद्धाञ्जली दिने क्रममा उनीहरू केहीबेर भावविह्वल भएका थिए। उनीहरूले बुबालाई श्रद्धाञ्जली दिँदै गर्दा उपस्थित अन्य नेता-कार्यकर्ता र विदेशी कूटनीतिज्ञहरूको समेत आँखा रसाएको थियो। नेम्वाङको निधनको शोकमा बुधबार तोकिएको प्रतिनिधिसभाको बैठक स्थगित भएको छ। नेम्वाङको निधनमा शोक प्रस्ताव पारित गर्न बिहीबार ३ बजेलाई अर्को बैठक तोकिएको छ।

Invitation for Online Bids
Government of Nepal (GoN)
National Sports Council

Invitation for Online Bids for Renting a Building at Rastra bank chock,Dhangadi, kailali

Contract Identification No: NCB/GOODS/KAILALIVADA/80/81
Date of publication : 2080/05/28

1. **National Sports Council** invites an electronic bids from Nepalese eligible bidders for Renting a Building at **Rastra bank chock, Dhangadi, kailali** for three years under National Competitive Bidding procedures. The Minimum estimated rent per month for building is **Rs. (in NRs) 96,956.29 per month**
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of **National Sports Council, Kathmandu, Bagmati Province, Nepal** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. A complete set of Bidding Documents may purchase along with the scan copy of company/firm registration certificate, PAN/VAT registration,TAX clearance certificate and upon payment of a non-refundable fee of **NRs.3000.00** till null during office hours. Bidder submit their bid electronically may download the bidding documents from PPMO's Web Site **www.bolpatra.gov.np./egp.** Bidders submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya banijya bank,teku,KTM
   Name of Office: National Sports Council
   Office Account no: 1700100002501001
4. Pre-bid meeting shall be held at National sports council ktm,nirman tatha marmat sakha at **2080/06/10 13:00 hours.**
5. Electronic bids must be submitted to the office **National Sports Council Kathmandu, Bagmati Province,** through PPMO website **www.bolpatra.gov.np/egp** on or before **2080/06/29 12:00.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2080/06/29 13:00** at the office of **National sports council ktm.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **NRs. 90,000.00,** which shall be valid for **30 days** beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Government of Nepal
Ministry of Culture, Tourism and Civil Aviation
Nepal Academy of Tourism and Hotel Management
Rabi Bhawan, Kalimati, Kathmandu, Nepal

Invitation of Expression of Interest (EOI) For Internship Arrangement

Notice No: - Intern 01-080/81
Date of Publication: 2080/05/28

1. Government of Nepal, Ministry of Culture Tourism and Civil Aviation, Nepal Academy of Tourism and Hotel Management (NATHM) invites expression of interest (EOI) for the arrangement of internship for the students of 22nd Batch of BHM and 18th Batch of BTTM of NATHM abroad from interested and eligible Nepali National Agencies or Firms registered under the rules and regulation of Government of Nepal.
2. Format of EOI Document can be obtained by paying Rs.2000/- (Two Thousand only) at Account Section during office hours on all Government working days within 15 days of First date of publication of the EOI notice from NATHM.
3. Duly completed proposal of EOI must be submitted to NATHM in sealed envelope within 12:00 PM of 16th day from first date of publication of EOI notice along with:
   a. Copy of company or firm registration certificate,
   b. VAT/PAN Registration Certificate
   c. Tax Clearance Certificate fiscal year 2078/79
4. If the deadline of submission and opening falls on Government holidays, it shall be extended to the next working day at the same time.
5. Sealed document shall be opened in the presence of the authorized representatives of applicant firm/ agency and NATHM officials at 2:00 PM on 16th day from first date of publication of EOI notice. NATHM officials will open the sealed EOI documents even if the authorized representatives of applicant firm/ agency did not attend.
6. Only Five (05) Agencies or firms will be short listed on the merit basis for the arrangement of internship program for BHM and BTTM students of NATHM. The merit will be determined on the basis of criteria of evaluation mentioned in TOR.
7. NATHM reserves the right to accept or reject wholly or partly any or all documents without assigning reasons whatsoever.

'सालार'को रिलिज डेट सर्‍यो



प्रभास स्टारर फिल्म 'सालार : द सिजफायर'को रिलिज डेट सरेको छ। यो फिल्म २८ सेप्टेम्बरमा रिलिज हुनेवाला थियो। तर, बुधबार फिल्मको निर्माण पक्षले सामाजिक सञ्जालमार्फत विज्ञप्ति जारी गर्दै रिलिज मिति सरेको जानकारी गराएको थियो। तर, नयाँ रिलिज डेट अझै तय भएको छैन।

रंगेलीमा मिरुना



दयाहाङ राई र मिरुना मगरको मुख्य भूमिका रहेको फिल्म रंगेलीको छायांकन सुरु भएको छ। फिल्ममा अर्पण थापा, प्रवीण खतिवडालगायत कलाकार पनि मुख्य भूमिकामा छन्। अर्जुन सुवेदीको निर्देशनमा बन्न लागेको यस फिल्मले 'ग्याङस्टारको कथा' देखाउनेछ। २५ फागुनमा फिल्म रिलिज गर्ने निर्माण पक्षको तयारी छ।

किन हुन्छ ब्लड क्यान्सर ?
यसरी हुन्छ रोकथाम र उपचार



डा. प्रकाशनिधि तिवारी
क्यान्सर रोग विशेषज्ञ
नेपाल क्यान्सर हस्पिटल एन्ड रिसर्च सेन्टर



रगतमा विभिन्न रक्तकोषिका हुन्छन्। रातो रक्तकोषले अक्सिजनलाई शरीरका विभिन्न भागमा पुऱ्याउने काम गर्छ। साथै, अंगहरूलाई सक्रिय बनाउँछ। त्यस्तै, सेतो रक्तकोषले रोगसँग लड्ने र रोगप्रतिरोधी क्षमता बढाउँछ। प्लेटलेट्सले रगत धेरै बग्न नदिने काम गर्छ। यसको ढिक्का गएर रक्तनलीको प्वाल बन्द गरिदिन्छ। जसकारण, शरीरबाट धेरै रक्तश्राव हुन पाउँदैन।

यी तीनवटै रक्तकोष हड्डीको भित्री भाग मासी अर्थात् बोनम्यारोमा बन्छ। जब शरीरको कोषिकाहरूको डिएनएमा क्षति पुग्छ, तब सेतो रक्तकोषहरू वयस्क हुन नपाउनुका साथै यिनीहरूको संख्या अनियन्त्रित भई ब्लड क्यान्सर विकसित हुन थाल्छ। यहाँ क्यान्सरका कोष बन्न थालेपछि रगतसँगै शरीरका प्रत्येक अंगमा पुग्छन्। ती क्यान्सरका कोषहरू बोनम्यारोमा फैलँदा हेमोग्लोबिन, सेतो रक्तकोष र प्लेटलेट्सको मात्रा अत्यधिक घट्न जान्छ। सेतो रक्तकोषको संख्या अधिक बढ्न गएमा शरीरमा रगत बाक्लो भएर जान्छ। जसले गर्दा स-साना रक्तनली बन्द हुन्छन्। रातो रक्तकोष कम भएमा हेमोग्लोबिनले अंगहरूमा अक्सिजन पुऱ्याउन सक्दैन। रक्तकोषहरू फुट्छन्। यस्तो हुँदा प्लेटलेट्सले काम गर्न सक्दैन। र, अधिक रक्तश्राव भई अंगहरूमा क्षति पुग्छ। समयमै उपचार मिलेन भने ब्लड क्यान्सरले मानिसको ज्यानसमेत जाने गर्दछ।

कारण

- ब्लड क्यान्सरको निश्चित कारण पत्ता लागेको छैन। तर, केही त्यस्ता कारक छन्, जसले ब्लड क्यान्सर हुने जोखिम बढाउँछ।
- वंशानुगत कारण।
- धूम्रपान, मदिरा, विकिरण, विषादीयुक्त खानेकुरा, तरकारी तथा फलफूलको प्रयोग, जसले ल्युकेमिया विकास हुने जोखिम बढाउँछ।
- किमोथेरापी लिएका व्यक्तिमा पनि पछि गएर ब्लड क्यान्सर हुने जोखिम रहन्छ, तर सबैमा हुन्छ भन्ने होइन।
- डाउन सिन्ड्रोम, फ्यानकोनी एनिमियालगायत आनुवंशिक विकार।
- रक्तविकार (जस्तो, मायलोइड्सप्लास्टिक सिन्ड्रोम)।

लक्षण

- धेरै समयसम्म ज्वरो आइरहने, औषधि खाएपछि केही दिनमा निको हुने र फेरि ज्वरो बल्झने, महिनौंसम्म पनि ज्वरो निको नभएमा ब्लड क्यान्सर भएको हुन सक्छ। अन्य लक्षण यस प्रकार छन् :
- शरीर सेतो भएर जाने। रक्तअल्पता हुने।
- नाकबाट रगत बग्ने, दिसा, पिसाबमा रगत देखिने।
- शरीरमा गिर्खा आउने, सास लिन अप्ठ्यारो हुने।
- शरीरमा निलो डाम, रातो छिर्का हुने, कहिलेकाहीं शरीर सुन्निने।
- हड्डी करकर खाने, जोर्नी दुख्ने।
- आँखा सुन्निने, टाउको दुखिरहने।
- वाकवाकी लाग्ने, बान्ता हुने।
- कहिलेकाहीं हातखुट्टा एक्कासि नचल्ने, काम्ने।
- सुस्त मनस्थिति हुने, थकान हुने।

कसरी बच्ने ?

- रासायनिक पदार्थ धेरै मात्रामा प्रयोग नगर्ने। कीटनाशक औषधि प्रयोग भएका खानेकुरा प्रयोग नगर्ने। अर्गानिक खानेकुरा खाने। सन्तुलित खानेकुरा खाने।
- जथाभावी औषधि प्रयोग नगर्ने। विकिरणबाट बच्ने। धूम्रपान तथा मद्यपान नगर्ने।
- थप समस्या भएमा क्यान्सर रोग विशेषज्ञको सल्लाहमा आवश्यक औषधि उपचार गर्ने।

उपचार

बिरामीको उमेर, उसको स्वास्थ्य अवस्था र कुन प्रकारको रक्त क्यान्सरबाट बिरामी प्रताडित छ भन्ने हेरेर यसको उपचार गरिन्छ। सबैभन्दा धेरै प्रयोगमा आउने उपचार विधि किमोथेरापी हो। यदि प्रारम्भिक चरणमा यस उपचार विधि अपनाइयो भने मानिसले स्वस्थ्यलाभ गर्ने सम्भावना धेरै रहन्छ। अर्को उपचार विधि बोनम्यारो प्रत्यारोपण हो। किमोबाट ब्लड क्यान्सर निको नभएमा वा उपचारपछि फेरि समस्या देखिएमा यो विधि प्रयोगमा ल्याउने गरिन्छ। अर्को उपचार विधि लक्षित चिकित्सा (टार्गेट थेरापी) हो। यसमा डाक्टरहरूले अन्य कोषिकालाई प्रभावित नगर्ने गरी केवल क्यान्सर कोषिकालाई लक्षित गरेर औषधि प्रयोग गर्छन्। जसकारण सम्भावित दुष्प्रभाव कम भएर जान्छ। त्यस्तै, बिरामीको अवस्था हेरेर इन्टरफेरान, विकिरण उपचार, मनोक्लानल एन्टिबडिज, कार टी सेललगायत उपचार विधि प्रयोगमा आउन सक्छ।

योगको सही लाभ यसरी

योगका धेरै फाइदा छन्। यसले शरीरलाई स्वस्थ राख्छ। मस्तिष्कलाई शान्ति मिल्छ। मानिसलाई अनुशासन र धैर्य सिकाउँछ। रक्तसञ्चार राम्रो गर्छ र रोगप्रतिरोधी क्षमता बढाउँछ। तर, जथाभावी योग गर्दा उल्टै शरीरलाई हानि पनि हुन सक्छ। तसर्थ, योगको अधिकतम लाभ लिनका लागि केही कुरा ख्याल गर्नुपर्छ :



- दक्ष योगप्रशिक्षकको निर्देशनमा योग अभ्यास सुरु गर्नुस्।
- सूर्योदय र सूर्यास्तको समय योगका लागि सही समय हो।
- योग गर्नुअघि स्नान गर्नु राम्रो हुन्छ।
- योग खाली पेटमा गर्नु राम्रो हुन्छ। योग गर्नुभन्दा दुई घन्टाअघि केही पनि नखानुस्।
- आरामदायी कपडा लगाउनुस्। सुतीको कपडाले पसिना सोस्ने भएकाले यस्ता कपडा उत्तम हुन्छ।
- योग गर्नुअघि हतारो गर्नुहुँदैन। पर्याप्त समय निकालेर योगाभ्यास थाल्नु राम्रो हुन्छ। यदि भर्खरै योग सुरु गर्नुभएको छ भने दैनिक कम्तीमा आधा घन्टा छुट्याउँदा हुन्छ।
- योग गरिरहँदा यसैमा केन्द्रित हुनुपर्छ। ध्यानपूर्वक योग गर्नाले शरीर स्वस्थ रहने मात्रै होइन, खराब विचार पनि कम भएर जान्छन्।
- कुनै शान्त वातावरण वा सफा स्थानमा योग अभ्यास गर्नुस्।
- तपाईंको पूरै ध्यान योग अभ्यासमै केन्द्रित हुन जरुरी छ। यसका लागि धैर्य र दृढता आवश्यक पर्छ।
- धैर्य राख्नुस्। योगाभ्यासको लाभ महसुस हुनका लागि केही समय लाग्छ। निरन्तरता दिनुस्।
- योगाभ्यास गरेको ३० मिनेटपछि मात्रै भोजन गर्नुस्।
- कुनै स्वास्थ्य समस्या भएका मानिसले योगाभ्यास थाल्नुभन्दा अघि चिकित्सकसँग परामर्श लिनुपर्छ। योगाभ्यासका दौरान कुनै समस्या देखियो भने तत्कालै यसलाई बन्द गर्नुपर्छ।



विजय सापकोटा
योग प्रशिक्षक
सम्बोधी योग केन्द्र

बालबालिकालाई के खुवाउने, के नखुवाउने ?

बालबालिकाको शारीरिक र मानसिक विकासका लागि पोषणयुक्त आहार निकै महत्त्वपूर्ण हुन्छ। दिमागको पूर्ण विकास पाँच वर्षभित्र हुने भएकाले पाँच वर्षमुनिका बालबालिकालाई भनै महत्त्वपूर्ण हुन्छ। बच्चाको शरीर र दिमागलाई स्वस्थ राख्न प्रोटिन, कार्बोहाइड्रेट, फ्याटी एसिड एकदमै आवश्यक हुन्छ। फलफूल र सागसब्जीका माध्यमबाट शरीरमा चाहिने आवश्यक प्रोटिन, भिटामिन, एन्टिअक्सिडेन्ट, फाइबर र पानीको परिपूर्ति हुन्छ। यसले शरीरमा रोगसँग लड्ने क्षमताको विकास गर्नुका साथै सम्भावित रोगबाट समेत बचाउँछ। त्यसैले खानेकुरामा केमिकल फर्टिलाइजर प्रयोग नगरी उत्पादन गरिएका सागसब्जी तथा अर्गानिक फलफूल समावेश गर्नुपर्छ। चामल, गहुँ, मकै, जौ, कोदो आदिजस्ता अन्नबाट बनेका विभिन्न खानेकुरा बच्चाको नियमित भोजनमा समावेश गर्नुपर्छ। यसले लामो समयसम्म ऊर्जा दिने र शारीरिक विकास छिटो हुन्छ। घरमा पकाइएको स्वस्थ खानेकुरामा जहिल्यै पनि जोड दिनुपर्छ। बच्चाको दिमागी विकासका लागि दूधजन्य पदार्थ एकदमै लाभदायी हुन्छ। समा प्रोटिन र क्याल्सियम प्रशस्त मात्रामा पाइने भएकाले हड्डी र दाँत बलियो बनाउँछ। बच्चालाई प्रोटिनयुक्त खानेकुरा, जस्तै- माछा, मासु, अन्डा, दाल तथा गेडागुडी नियमित खुवाउनुपर्छ। यसले मांसपेशी बलियो बनाउँछ। यस्ता खानेकुरामा भिटामिन, खनिज, ओमेगा ३ र फ्याटी एसिडजस्ता उपयोगी तत्त्व पाइन्छन्। जसले बच्चाको दिमागी विकासका साथै सिकाइ र भौतिक विकास अर्थात् उचाइ बढाउँछ। बच्चालाई उमालेको पानी खुवाउनुपर्छ।



डा. अनिलराज ओझा
बालविकास विशेषज्ञ
पाटन अस्पताल

के नखुवाउने ?

- खासगरी, बच्चाहरू फास्टफुड र जंकफुड खान रुचाउँछन्। तर, यस्ता खानेकुराबाट बच्चालाई टाढा राख्नुपर्छ। किनकि, यस्ता खाद्यान्नमा अत्यधिक नुन, स्याचुरेटेड फ्याट, चिनी, कम मात्रामा मात्र फाइबर र पौष्टिक तत्त्व पाइने भएकाले बच्चाको वृद्धिविकासमा असर पुग्छ।
- कोल्डड्रिंक्स र बजारमा किनिएको चिनी मिसिएको जुसले बच्चाको स्वास्थ्यमा असर गरिरहेको हुन्छ। तसर्थ, बच्चालाई यस्ता पेय पदार्थबाट टाढा राख्नुपर्छ।
- बढी चकलेट, जंकफुड तथा अस्वस्थ खानाले दाँतमा किरा र आन्द्राको रोग लाग्ने सम्भावना हुन्छ। यसमा अभिभावकले विशेष ध्यान दिनुपर्छ।

मोबाइल तात्ने कारण



मोबाइल हिट हुनुका धेरै कारण हुन सक्छ। तर, मुख्यतः हेभी प्रोसेसिङ, ब्याट्रीमा लोड तथा भाइरस वा बगका कारण यस्तो समस्या देखिन्छ। कुनै पनि कारणले स्मार्टफोनको प्रोसेसिङमा लोड पुग्यो भने यसले निकै तिव्र रूपमा काम गर्न थाल्छ। जसकारण, ताप पैदा हुन्छ र फोन तात्न थाल्छ। फोन तात्नुको अर्को कारण ब्याट्री तात्नु हो। त्यस्तै, बग वा भाइरसले फोनको प्रोसेसिङलाई स्लो गर्छ, साथसाथै यसलाई तताउने काम पनि गर्छ।

हिटिङ समस्यालाई नजरअन्दाज नगर्नुस्

कहिलेकाहीं कुरा गर्दागर्दै पनि फोन पड्कन्छ। यसका धेरै कारण छन्। तर, धेरैजसो अवस्थामा फोनको ब्याट्रीमा हुने खराबीका कारण यस्तो अवस्था निम्तिएको हुन्छ। लापरवाही ढंगले फोन प्रयोग गर्दा पनि यस्तो समस्या देखिएको हुन सक्छ। त्यही कारण कुनै पनि फोनको ब्याट्री वा यसको हिटिङ समस्यालाई नजरअन्दाज गर्नुहुँदैन।

फोन चार्ज गर्नका लागि कम्पनीको ओरिजिनल युएसबी केबल र चार्जरकै प्रयोग गर्नुपर्छ। ब्याट्रीलाई रातभर चार्जमा राखेर सुत्नुहुँदैन। यस्तो हुँदा ओभर चार्ज भएर विस्फोट हुने जोखिम रहन्छ।

शाहरूखले अस्वीकार गरेका पाँच सुपरहिट फिल्म

सन् १९९२ मा 'दिवाना' फिल्ममार्फत ठूलो पर्दाको यात्रा थालेका शाहरूख खान बलिउडकै सर्वाधिक सफल अभिनेतामध्ये एक हुन्। उनी अभिनीत जवानले यतिवेला बक्स अफिसमा निकै राम्रो व्यापार गरिरहेको छ। शाहरूखले आफ्नो करिअरमा धेरै हिट तथा यादगार फिल्महरू दिएका छन्। त्यही कारण उनलाई अनुबन्ध गर्ने सपना धेरै निर्माता तथा निर्देशकले देखेका हुन्छन्। उनले व्यस्तताको चक्करमा केही त्यस्ता फिल्मसमेत अस्वीकार गरे, जो कालान्तरमा बलिउडकै उत्कृष्ट फिल्मको सूचीमा दरिन पुगे।

मुन्ना भाइ एमबिबिएस : सुरुमा राजकुमार हिरानीले मुन्ना भाइ एमबिबिएसमा मुख्य भूमिका गर्नका लागि शाहरूखलाई अफर गरेका थिए। तर, शाहरूखले अस्वीकार गरिदिए। यही भूमिकाले सञ्जय दत्तलाई बलिउडमा नयाँ उचाइ दियो।

लगान : निर्देशक आशुतोष गोवारिकेरले सुरुमा लगानमा मुख्य भूमिकाका लागि शाहरूखलाई अफर गरेका थिए। तर, यतिवेला शाहरूखको सेड्युल प्याक थियो। त्यसकारण उनले फिल्म गर्न सकेनन्। आमिर खानले यस फिल्ममा भुवनको भूमिका निर्वाह गरे। यो फिल्मले समीक्षकबाट निकै राम्रो प्रशंसा पायो र ओस्कारको मनोनयनमा समेत पऱ्यो।

रंग दे वसन्ती : रंग दे वसन्तीमा दलजित 'डिजे' सिंहको पात्रका लागि शाहरूखलाई पहिले अफर गरिएको थियो। उनले अस्वीकार गरेपछि आर माधवनले यो भूमिका गरे। शाहरूखले प्रस्ताव स्विकारेको भए यो फिल्ममा आमिर र शाहरूख एकसाथ हुन्थे। यो फिल्मले पनि निकै राम्रो प्रशंसा पायो।



एक था टाइगर : शाहरूख खानलाई यो फिल्मका लागि पहिले अफर आएको थियो। तर, उनले व्यस्तताका कारण अस्वीकार गरे। सलमान खानले यस फिल्ममा गरेको भूमिकाको निकै तारिफ भयो।

जोधा अकबर : निर्देशक आशुतोष गोवारिकेरले शाहरूख खानलाई सम्राट अकबरको भूमिका अफर गरेका थिए। तर, उनले अस्वीकार गरेपछि ऋतिक रोशनलाई यस भूमिका दिइयो। ऋतिकको अभिनयको निकै तारिफ भयो।

सेकेन्ड ह्यान्ड बाइक छान्दा...

हिजोआज बजारमा थुप्रै रिकन्डिसन सेन्टर खुलेका छन्। त्यहाँ गएर तपाईंले बाइक चढ्ने आफ्नो आवश्यकता पूरा गर्न सक्नुहुनेछ। यद्यपि, सेकेन्ड ह्यान्ड बाइक किन्दा केही कुरामा ध्यान पुऱ्याउन आवश्यक छ :

कुदाएर हेर्ने : बाइक छान्ने सबैभन्दा राम्रो तरिका टेस्ट ड्राइभ हो। बाइक चलाएर हेर्दा त्यहाँ भएका कमीकमजोरी सजिलै पत्ता लगाउन सकिन्छ।

बाइक जाँच गर्ने : बाइक जाँच गर्दा सकेसम्म अनुभवी व्यक्तिलाई लानुपर्छ। बाइकका हरेक पार्टपुर्जा चेक गर्नुपर्छ, जस्तै- ब्रेक, क्लज, एक्सिलेटर, लाइट, इन्जिन, टायर, तेल हाल्ने ट्यांकी आदि। यी पार्टपुर्जाले राम्ररी काम गर्न सक्छन् वा सक्दैनन्, यकिन गर्न आवश्यक छ। यसबाहेक बाइकको पूरा बडी हेरेर स्क्र्याच भए/नभएको समेत हेर्नुपर्छ।

इन्जिन चेक : चाहे जुनसुकै कम्पनीको बाइक किन नहोस्, त्यसको इन्जिन क्षमता के, कति र कस्तो छ भन्ने मुख्य हो। त्यस्तै, कति सिसीको बाइकले कति किमिसम्म माइलेज दिन्छ र इन्जिन क्षमता कति राख्छ भन्ने कुरामा पनि दिनुपर्छ। यसर्थ, बाइक खरिद गर्नुअघि इन्जिन राम्ररी चेक गर्न आवश्यक छ।

कागजात : प्रायः बाइक कुनै चिनेको मानिस वा रिकन्डिसन सेन्टरबाट खरिद गरिन्छ। जहाँसुकैबाट किन्ने भए पनि उक्त बाइकका कागजात सबैभन्दा पहिला हेर्नुपर्छ। ब्लुबुकमा उल्लेख भएको चेसिस नम्बर र बाइकको नम्बर एउटै हुनुपर्छ। यसबाहेक बाइकको कर तिरेको, बिमा गरिएको छ कि छैन भन्नेमा ध्यान पुऱ्याउनुपर्छ। त्यस्तै, सर्भिससम्बन्धी कागजात, बाइक चोरी भए/नभएको वा दुर्घटनामा परे/नपरेको आदिसमेत ख्याल गर्नुपर्छ।





अस्तव्यस्त अस्पताल कसले सुधार्ने ?

संघीय, प्रादेशिक एवं मोफसलका क्यान्सर अस्पतालमा निर्बाध रेडियोथेरापी सेवासम्म उपलब्ध नहुनुजस्तो लज्जाको विषय अर्को के हुन सक्ला ?



● प्रा.डा. दुण्डीराज पौडेल

अग्रलेख



कान्ति अस्पतालको आकस्मिक कक्षमा समयमै पुगेर पनि उपचार नै नपाई पाँच वर्षीया बालिकाको अकालमा मृत्यु भएको दुःखद घटनाले सार्वभौम संसद्मा समेत प्रवेश पायो । सांसदहरूले यस्तो गम्भीर विषयमा प्रश्न उठाउनु जायज पनि हो । तर, अत्यन्तै दुःखद हुँदाहुँदै पनि त्यो घटना नेपालको अत्यन्तै कमजोर, अभावग्रस्त, बेथितिे नै बेथितिले भरिएको र अकर्मण्य सार्वजनिक स्वास्थ्य सेवाको एउटा उदाहरण मात्रै हो भन्ने तथ्यबारे के सार्वभौम संसद्का सदस्य अनभिज्ञ छन् र ? कम्तीमा संसद्को स्वास्थ्य समितिका सदस्यहरूले सार्वजनिक अस्पतालको अवस्थालाई केही घन्टा स्थलगत अनुगमनबाट नियाल्न सक्छन् र अवस्थालाई आत्मसात् गर्न सक्छन् ।

अस्पताल निर्देशक या चिकित्सकका कारण त्यो अकाल मृत्यु हुन गएको हो कि सार्वजनिक अस्पतालको आकस्मिक कक्षमा थेग्ने नसक्ने गरी जम्मा भएको बिरामीको भिड व्यवस्थापन हुन नसक्दा यस्तो घटना घटेको हो, यसबारे पहिले छानबिन हुनुपर्छ । यस्तो छानबिनबाट सत्यतथ्य पत्ता लगाइसकेपछि मात्र माननीय सांसदहरूले दोषीमाथि कारबाहीको माग गर्न सुहाउँछ । तर, यथार्थ बुझ्दै नबुझी अस्पताल प्रमुख या चिकित्सकमाथि कारबाहीको एकोहोरो माग गर्नु भने जायज हुँदैन ।

कान्ति बाल अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पतालजस्ता सरकारी अस्पतालमा सामान्य स्वास्थ्य समस्यादेखि देशका विभिन्न भौगोलिक क्षेत्रबाट रिफर गरिएका गम्भीर प्रकृतिका बिरामीसमेत एम्बुलेन्सबाट पुग्छन् । उनीहरूका लागि तत्काल उपचारको समेत आवश्यकता पर्ने हुन्छ ।

हाम्रो स्वास्थ्य सेवाको सबैभन्दा ठूलो कमजोरी भनेको सरकारी अस्पतालको इमर्जेन्सी कक्षको दुरवस्था नै हो । सरकारी अस्पतालमा आकस्मिक उपचारका लागि पुग्ने बिरामी सुताउने पर्याप्त शय्या एवं आकस्मिक उपचार कक्षको समेत उचित प्रबन्ध छैन ।

बाहिरबाट रिफर गरिएका तात्कालै विशेषज्ञ सेवा चाहिने बिरामीलाई प्राथमिकतासाथ पहिचान गरी तुरुन्तै उपचार सेवाको व्यवस्था हुन नसक्नु अर्को दुर्भाग्य हो । कान्ती बाल अस्पतालमा दुःखद घटना घटेपश्चात् सुरक्षामा खटिएका प्रहरी अधिकृत (डिएसपी) ले यसबारे जायज सवाल उठाएका थिए । तर, यस पाटोको सुधार अस्पताल प्रमुखले मात्रै चाहेर गर्न सक्दैनन् ।

नवनियुक्त मन्त्रीहरू आफ्ना पालामा उपचार नपाएर कोही गरिब नागरिकले मर्नु नपर्ने घोषणा गर्छन् । तर, व्यवहारमा भने गम्भीर एवं आकस्मिक स्वास्थ्य समस्या आइपर्दा सर्वसाधारणले सहज उपचार सेवा पाउन निकै कठिन छ । उद्धार, एम्बुलेन्स, अस्पताल आदिको चक्करमा पर्दापर्दै ज्यानैसमेत जान सक्ने स्थिति पनि छ । पत्नीको स्तनको क्यान्सरको उपचार र लोग्नेको भाँचिएको खुट्टामा रहेको स्टिल निकाल्न नसक्दा दम्पतीले सँगै विष सेवन गरी आत्महत्या गरेको घटनाबारे समाचारमा पढ्नुपरेपछि कुनै गरिबले उपचार नपाएर मर्नुपर्ने छैन भन्ने घोषणाको अर्थ के भो ?

त्यति मात्रै होइन, स्वदेशमै रोजगारी नपाउँदा नेपालको सीमा काटिरहेकादेखि जोखिम मोलेर निरुपाय भई वैदेशिक रोजगारीका लागि अन्तर्राष्ट्रिय विमानस्थलको कक्षमा दैनिकजसो लाम लागेर उभिएका हजारौँ युवायुवतीमध्ये बहुसंख्यक उपचार खर्च जोहो गर्न या लागेको ऋण तिर्नैका लागि घरपरिवार छाडेर बिदेसिन लागेकाहरू हुन्छन् भन्ने तथ्यको हेक्का के स्वदेशका जिम्मेवार निकाय र तिनका अधिकारीमा छैन र ?

वीरको ट्मा सेन्टरदेखि क्यान्सर अस्पतालसम्म प्रतिदिन केही सय रुपैयाँ शुल्क लाग्ने शय्या निःशुल्क गर्नुलाई सकारात्मक नै मानौंला । तर, ती अस्पतालमा पहुँच पुऱ्याउन नसकेका र लामो प्रतीक्षामा रहेका आकस्मिक उपचार आवश्यक पर्ने कति असाध्य रोगीको थप उपचार हुन सकेको छ ?

अहिले संघीय, प्रादेशिक एवं मोफसलका क्यान्सर अस्पतालमा निर्बाध रूपमा रेडियोथेरापी सेवा पनि उपलब्ध हुन सकेको छैन । त्रिवि शिक्षण अस्पतालमा माओवादी नेताका नाममा क्यान्सर अस्पताल उद्घाटित त भयो तर रेडियोथेरापी सेवाविनाको क्यान्सर अस्पतालभन्दा लज्जाको विषय अर्को के हुन सक्ला ?

> संसद्को स्वास्थ्य समितिका सदस्यले सार्वजनिक अस्पतालको अवस्थाबारे स्थलगत अनुगमनबाट नियालेर सुधार गर्नुपर्ने विषय आत्मसात् गर्न सकेमा अस्तव्यस्त अस्पतालको सुधारमा पहल हुन सक्छ

बिमा छ, तर सेवा उपलब्ध छैन । गम्भीर प्रकृतिका जटिल रोगको उपचारमा बिमामा तोकिएको एक लाख रुपैयाँ हात्तीको मुखमा जिरा प्रतीत हुन्छ । आवश्यक परेको वेलामा स्वास्थ्य बिमा लागू भएको अस्पताल पुग्ने मुस्किल पर्छ । बल्लतल्ल पुगिहाले पनि आफूलाई आवश्यक सेवा त्यहाँ उपलब्ध नहुन सक्छ ।

अवश्य पनि पालो कुरेरै भए पनि प्राप्त गर्न सकिने नियमित उपचार सेवालाई एक लाख रुपैयाँको बिमाले सहज बनाइदिएको छ । तर, दसौँ लाख खर्च हुने हातखुट्टा, ढाड, टाउकाको गम्भीर चोट, क्यान्सर आदि रोगमा सो रकम अत्यन्तै न्यून छ । खैनी, सुर्ती, गुट्खादेखि अल्कोहलको सेवनले हजारौँ व्यक्ति मुखको क्यान्सरजस्ता गम्भीर रोगबाट पीडित हुन पुगेका छन् । तिनको नियन्त्रण त परै जाओस्, उल्टै ती व्यवसायीले करसमेत उपयुक्त रूपमा तिरेका हुँदैनन् ।

सरकारी या सार्वजनिक अस्पताल तथा स्वास्थ्य बिमाअन्तर्गतको नियमित सेवा लिन महिनौँ कुर्नुपर्ने बाध्यता बेलायत, क्यानडा आदि देशका नागरिकलाई पनि छ । एउटा सिटी गर्न वर्ष कुर्नुपर्ने या एउटा नियमित शल्यक्रिया सेवा प्राप्त गर्न वर्ष कुर्नुपर्ने बाध्यता पनि रहन्छ । कतिसम्म भने हाम्रो नेपालको सरकारी अस्पतालमा एक वर्ष कुर्नुपर्ने अप्रेसनका लागि भारतको एम्समा तीन वर्ष पनि कुर्नुपर्ने हुन सक्छ ।

तर, तत्कालै उपचार नगरे अकालमा ज्यान जाने आकस्मिक रोग या जटिल स्वास्थ्य समस्या आइपर्दा कसरी तात्कालै उद्धार एवं उपचार गरी नागरिकको अकालमा ज्यान बचाउने भन्ने प्रश्नको जवाफ आजको एक्काइसौँ शताब्दीका लोकतान्त्रिक भनिने सरकारले दिन नसकिरहेको अवस्था छ । यो प्रश्न सरकारलाई मात्र होइन, नागरिकका निम्ति पनि टड्कारो रूपमा उठिरहेको छ । केही साताअघि दोलखामा सडक दुर्घटनाका कारण समयमै रक्तस्राव रोकिन नपाउँदा एक युवाले अकालमा ज्यान गुमाउन पुगे । लोक कल्याणकारी राज्य नहुने मुलुकमा कुनै नागरिकको जीवनको खासै मूल्य नहुने रहेछ । लोक कल्याणकारिता देशको आर्थिक अवस्थामा मात्रै निहित हुन्न । त्यो जीवनको मूल्य सरकार मात्रै होइन, अपितु नागरिकमा पनि निहित हुने प्रश्न हो ।

स्वास्थ्य सचिवले संसद्को स्वास्थ्य समितिमा चिकित्सकले प्राप्त गर्ने न्यूनतम सुविधाको प्रश्न उठान गरेका छन् । अवश्य पनि मानसिक एवं शारीरिक मिहिनेत गर्नुपर्ने चिकित्सकीय सेवामा संलग्न चिकित्सकले सरकारी ओहोदामा रहँदा या पदोन्नति हुँदा थपिने भनेको मासिक केही हजार रुपैयाँको थप आर्थिक सुविधा नै हो । अन्यमा जस्तो पदोन्नति भएसँगै उनीहरूको सवारीसाधन एवं हैसियतमा केही थप हुन्न । एमबिबिएसपश्चात् एमडी, एमएस, डिएम, एमसिएचजस्ता उच्चतम शैक्षिक चिकित्सकीय योग्यता हासिल गर्नेहरूले समेत पाउने सुविधा पनि तहअनुसार ४०-५० हजार नै हो । त्यसैले कम्तीमा चिकित्सकलाई एउटै अस्पतालमा अधिकतम समय बिताउन कार्य सम्पादनअनुसारको आर्थिक सुविधा दिलाउन सरकारले मुठ्ठी फुकाउनैपर्छ, उदारता देखाउनैपर्छ । छाती, मुटु, फोक्सोजस्ता विधामा एमसिएचजस्ता शैक्षिक कार्यक्रममा किन सिट खाली जाने गरेका छन् ? यो सवाल कम्तीमा बोलीको महत्त्व भएका केही वरिष्ठ र 'सेलिब्रेटी' चिकित्सकहरूले उठाउनुपर्ने होइन ?

समस्या आफूभन्दा नयाँ पुस्ताका नयाँ योग्यता प्राप्त दक्ष विशेषज्ञ चिकित्सक भने सक्षम छन् भन्ने तथ्यलाई आत्मसात् नगर्ने बरु आफू मात्रै सार्वकालिक रूपमा सर्वोत्कृष्ट भएको प्रचारबाजीमा रमाउने प्रवृत्तिले पनि क्षमता र दक्षता प्रस्फुटित हुन पाएका छैनन् । नत्र विदेशमा रहेका त्यस्ता युवा दक्ष चिकित्सक नेपाल आई सेवा पुऱ्याउनसमेत तयार छन् । यसका लागि अग्रज चिकित्सकबाट पहल हुन जरुरी छ ।

अवश्य पनि गैरसरकारी क्षेत्रमा गैरनाफामूलक च्यारिटी अस्पतालको स्थापनाले पनि उपचार सेवामा सहजता थप्छ । तर, ती संस्था सरकारी संस्थाका विकल्प होइनन्, परिपूरक भने हुन सक्छन् भन्ने तथ्यलाई आत्मसात् गरी सार्वजनिक एवं सरकारी स्वास्थ्य सेवाको गुणस्तर तथा प्रभावकारिता अभिवृद्धिमा सबैको ध्यान जानु जरुरी छ । नत्र कान्तिलगायत अन्य अस्पतालमा घटिरहेका दुःखद घटना पुनरावृत्ति हुनबाट रोकिनेछैनन् । यस्ता घटनाको दोष अस्पतालको थाप्लोमा राखेर मात्रै समस्याको समाधान हुन सक्दैन ।

---

३ प्रश्न

नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक **हिक्मतसिंह ऐर**लाई



निकुञ्जभित्र ठूला जलविद्युत्, केबलकार, रिसोर्ट आदि सञ्चालन गर्न दिनु कति ठिक हो ?

यो एकदम ठिक प्रयास हो । यस्तो व्यवस्था अफ्रिकी देशहरूमा पनि छ । अमेरिका, क्यानडा, जर्मनी, स्क्यान्डिनेभियन देशहरूमा पनि यस्तो व्यवस्था छ । जर्मनीले त यसका लागि विदेशी लगानी नै आह्वान गरेको छ । दक्षिण-पूर्वी एसियामै जंगल सफारीको अवधारणा लागू गर्ने कार्यमा हामी अगाडि थियौँ । चितवन राष्ट्रिय निकुञ्जभित्र 'टाइगर टप' रिसोर्ट हुन्जेल यहाँ युरोपेली मुलुकका 'क्वालिटी टुरिस्ट' धेरै आउँथे । पछि त्यो बन्द भएपछि त्यस्ता पर्यटकको संख्यामा कमी आयो । अबका दिनमा पनि क्वालिटी टुरिस्ट भित्र्याउने हो भने हामीले चितवन, खप्तड, रारा जस्ता निकुञ्ज क्षेत्रमा यस्ता गतिविधि सञ्चालन गर्न दिनुपर्छ ।

यस्तो व्यवस्थाले देशको पर्यटन प्रवर्द्धनमा कति सघाउ पुग्ला ?

राम्रै सघाउ पुग्छ । खासगरी हामीकहाँ अहिले आइरहेका सकभर कम खर्च गर्ने प्रवृत्तिका पर्यटकबाट मुलुकले पर्यटकको संख्यामा बाहेक खासै प्रतिफल प्राप्त गर्न सक्दैन । तर, निकुञ्जभित्रैबाट 'क्वालिटी सर्भिस' र 'एक्सक्लुसिभ प्याकेज' दिन सकियो भने यसबाट खर्चालु पर्यटक भित्र्याउन सकिन्छ ।

यस्तो व्यवस्थाले निकुञ्जको प्राकृति जीवन र जैविक विविधता संरक्षणमा कस्तो प्रभाव पार्ला ?

यसले नकारात्मक प्रभाव पार्दैन । यसबाट पर्यावरण, बफर जोनमा बसोवास गर्ने स्थानीयवासी र पर्यटकलाई जोड्न सकिन्छ । स्थानीय उत्पादन र स्वादको व्यापारबाट स्थानीयवासीको जीवनस्तरमा सुधार आउँछ । व्यवसायी, पर्यटक र स्थानीयवासीको संयुक्त पहलमा निकुञ्जभित्रको जीवन भन्नै व्यवस्थित र सहज हुन्छ ।

प्रेरक प्रसंग

जीवन बदल्ने संवाद

एक टेलिभिजन साक्षात्कारमा भारतीय अर्बपति रतन टाटासँग पत्रकारले सोधिन्- तपाईंलाई जीवनमा सबैभन्दा बढी खुसी कहिले र के कुराले गराएको छ ?

एकछिन सोचेर रतन टाटाले भने- म मेरो जीवनमा खुसीका चार चरणको कुरा गर्छु । पहिलो चरण : धन कमाउने र धन संग्रह गर्ने । यस चरणमा मलाई त्यो खुसी मिलेन, जुन म चाहन्थेँ । दोस्रो चरण : बहुमूल्य सामान अथवा वस्तुको संग्रह गर्ने । मलाई बिस्तारै महसुस भयो, यो पनि अस्थायी सुख हो । मूल्यवान् वा महँगा सामानको चमक पनि लामो समय टिक्दैन । तेस्रो चरण : ठुल्ठूला प्रोजेक्ट प्राप्त गर्ने । ती परियोजनामा काम गर्ने, मनग्य आम्दानी गर्ने । त्यतिवेला भारत र अफ्रिकामा डिजेल आपूर्तिको ९५ प्रतिशत हिस्सा मेरो हातमा थियो । म भारत र एसियामै सबैभन्दा ठूलो इस्पात कारखानाको मालिक थिएँ । तैपनि, मलाई त्यो खुसी प्राप्त भएन, जुन कल्पना गर्थेँ ।

चौथो चरण : मेरा एकजना मित्रले केही फरक क्षमता भएका बच्चाको सहयोगका लागि ह्विलचेयर खरिद गर्न अनुरोध गरे । लगभग दुई सय बच्चाका लागि ह्विलचेयर खरिद गरियो । मेरा मित्र ह्विलचेयर हस्तान्तरण गर्न मै त्यहाँ उपस्थित हुनुपर्छ भन्ने चाहन्थे । म मित्रका साथ त्यहाँ गएँ र ह्विलचेयर प्रदान गरेँ । ह्विलचेयर पाएपछि ती बच्चाको अनुहारमा खुसीको अद्भूत चमक देखियो । ह्विलचेयरमा बसेर बच्चाहरू यताउता कुदेको दृश्यले बडो भावुक बनायो ।

मलाई त्यो दिन जीवनको वास्तविक खुसी मिलेको महसुस भयो । कार्यक्रम सकेर म त्यहाँबाट बाहिरिने वेलामा एकजना बच्चाले मेरो पाइन्टमा समाए र मसँग केही बोल्न खोजे । मैले तिनलाई सोधेँ- तिमीलाई थप केही चाहियो ? जवाफमा ती बच्चाले मलाई जे भने त्यसले जीवनप्रतिको मेरो दृष्टिकोण नै बदलिदियो ।

ती बच्चाले भने- सर, म तपाईंको अनुहार याद राख्न चाहन्छु । जब कुनै दिन तपाईंसँग स्वर्गमा मेरो भेट हुनेछ, त्यतिवेला पनि तपाईंलाई चिनेर मैले पुनः धन्यवाद दिन सकूँ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विकृति भित्र्याउन बल नगरौँ

२६ भदौको नयाँ पत्रिकामा अनु भट्टराईको लेख 'लिभिङ टुगेदर : कानुन र समाजका लागि चुनौती' पढेँ । कानुन बनोस् या नबनोस्, त्यसमा भन्नु केही छैन । समाजले त्यसलाई स्वीकार नगरेसम्म त्यसको खासै महत्त्व हुँदैन । नत्र, जातीय विभेदको समस्या उहिल्यै समाप्त भइसकेको हुने थियो । ऋषि-महर्षिले निर्माण गरेको विवाह एउटा उम्दा संस्कृति हो । यो 'लिभिङ टुगेदर' विकृतिबाहेक के हो ? जनावर कुनै लिभिङ टुगेदरमा बस्दैनन् । उनीहरू स्वच्छन्द विचरण गर्छन् । स्वतन्त्र जीवन बाँच्छन् । के हामी पनि उनीहरूजस्तै स्वतन्त्र जीवन बाँच्न सक्छौँ ? होइन भने मानिस भइसकेपछि परिवार र समाजको सीमा त स्विकार्नैपर्छ ।

● डा. शिवशंकर यादव, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

राजधानी निर्माणमा अलमल किन ?

विगतमा सुदूरपश्चिम प्रदेशको स्थायी राजधानी कैलालीको गोदावरी तोकिएको थियो । धनगढीबाट गोदावरी सार्दै गर्दा पनि विभिन्न प्रश्न उठेका थिए । भौतिक संरचनाको अभाव त छँदै थियो । तर, त्यतिखेर बहुमतबाट निर्णय पारित भएको भए पनि अहिले संघीय सरकारले जमिनको भोगाधिकार नदिएको भन्दै स्वयं मुख्यमन्त्रीले नै राजधानीको विकल्पबारे सोच्नुपर्ने बताउन थालेको हुनाले अब यसबार अलमल गरेर हुँदैन ।

● वविता विक
अत्तरिया, धनगढी

गफ अलि बढी भयो कि ?

आजको दिनसम्म आइपुग्दा पनि प्रधानमन्त्री र गृहमन्त्रीले बारम्बार दोहोऱ्याउने एउटै वाक्य हो- भ्रष्टाचारी जोकोही भए पनि छाडिनेछैन । तर, ललिता निवास जग्गा प्रकरणमा प्रतिवादीलाई धरौटीमा छाडेपछि प्रमाणित भयो, उहाँहरूको गराइ र बोलाइमा कति अन्तर छ । अब भोलि गएर नक्कली भुटानी शरणार्थी प्रकरण र सुन तस्करी प्रकरणका प्रतिवादी पनि यसरी नै छुटेमा आश्चर्य मान्नु नपर्ने भयो ।

● मान लामा, काठमाडौं
maanlama75@gmail.com

भ्रष्टाचारको केन्द्र बन्दै स्थानीय तह

अहिले सांसद र मन्त्रीभन्दा बढी शक्तिशाली स्थानीय तहका मेयर, उपमेयर र वडाध्यक्ष भएका छन् । उनीहरूले विभिन्न शीर्षकमा जनताले तिरेको करको दुरुपयोग गरिरहेका छन् । जनआवाज स्थानीय तहसम्म पुगेन । मिडियाको नजर स्थानीय सरकारको बेथितिसम्म पुग्न सकेको छैन । देशमा सुशासन आउन पहिले स्थानीय तह सुधिनुपर्छ । तर, यथार्थमा चाहिँ त्यसो हुन सकेको छैन ।

१७ वर्षपछि स्थानीय तहले जनप्रतिनिधि पाए । स्थानीय तहमा जनप्रतिनिधि आएपछि नागरिकमा एक किसिमको हर्षोल्लास पनि छायो । कर्मचारीको भरमा चलेको स्थानीय तहमा जनप्रतिनिधि आएपछि काम गर्न सजिलो होला भन्ने सोचेका जनताको आशा र भरोसामा ठेस लागेको छ । अहिले आएर तिनै जनप्रतिनिधि जनताका लागि घाँडो साबित हुन थालेका छन् । मनलागी कर उठाउने, मनलागी नीति नियम बनाउने र जनताले तिरेको करको दुरुपयोग गर्ने कार्यमा अधिकांश स्थानीय तह निकै अगाडि देखिन्छन् । सबै स्थानीय सरकार एकै ड्याडका मुला नभए पनि अधिकांश स्थानीय तहले आफूले पाएको अधिकारको दुरुपयोग गरेका छन् । तलदेखि माथिसम्मै मिलेमतोमा नीतिगत भ्रष्टाचार भएको पाइन्छ । तर, त्यसलाई रोक्नेतर्फ कसैको ध्यान गएको छैन ।

स्थानीय तहमा गठन भएको न्यायिक समिति पनि निकै भ्रष्ट देखिएको छ । कानुनभन्दा माथि गएर न्यायिक समितिले निर्णय गर्दा कतिपय नागरिक अदालतको ढोका ढकढकाउन बाध्य भएका छन् । प्रमाणविना फैसला गर्ने स्थानीय न्यायिक समितिले जनताको हित होइन, अहितमा काम गरिरहेका छन् ।

● पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं

ग्रह र मानिसको भविष्यका लागि 'प्याक्ट'

ग्रहको दोहन गरेर ऐतिहासिक लाभ उठाएका धनी राष्ट्र र समुदायले जलवायु संकट न्यूनीकरणका लागि विशेष दायित्व वहन गर्नुपर्छ

देश/विदेश

● एने-मेरी स्लटर ● इलोना जाबो
● जायाती घोष ● पुनम घिमिरे

हाम्रो साझा भविष्य तब मात्रै सुरक्षित छ, जब हामीले पृथ्वीसँगको सम्बन्धमा रूपान्तरणकारी परिवर्तन ल्याउँछौँ । यो साता न्युयोर्कमा भइरहेको राष्ट्रसंघीय महासभामा सन् २०२४ का समिट 'अफ द फ्युचर'को योजना बनाउन मन्त्रीस्तरीय संवाद सुरु हुनेछ । यी संवादमा हामीले हाम्रो साझा घर पृथ्वीको रक्षा गर्न एकतालाई प्राथमिकता दिनुपर्छ ।

जलवायु परिवर्तन, जैविक विविधता र प्रदूषणको त्रिआयामिक ग्रहीय संकट हरेक वर्ष तीव्र एवं पेचिलो हुँदै गइरहेको छ । हिउँका पत्र पातलिँदै छन्, कोरल चट्टान खिइँदै छन् र उष्ण वनमा दिनानुदिन क्षति पुगिरहेको छ । वास्तवमा विश्व अपरिवर्तनीय उच्चतम बिन्दुतर्फ गइरहेको छ । हालैको जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी मञ्च (आइपिसिसी) को प्रतिवेदनले शून्य कार्बन उत्सर्जनका बाबजुद पनि सन् २०५० मा १.५ डिग्री सेल्सियसको औसत तापक्रम वृद्धिमै सीमित हुने-नहुनेमा निश्चिन्तता छैन । यी तमाम जोखिम एवं चुनौतीका बाबजुद हरित एवं समतामूलक विश्व अर्थतन्त्र हासिल गर्न सकिन्छ । वास्तवमा एक सुसंगत पहलकदमीको सुरुवात तब हुनेछ, जब ग्रहको दोहन गरेर ऐतिहासिक लाभ उठाएका धनी राष्ट्र र समुदाय आफ्नो लाभलाई स्विकार्दै जलवायु संकट न्यूनीकरणका लागि विशेष दायित्व वहन गर्नेछन् । ऐतिहासिक रूपमा हालसम्मकै कुल कार्बनको आधाभन्दा बढी हिस्सा उत्सर्जन गरेर नै धनी राष्ट्र विकसित भएका हुन् । यस सन्दर्भमा पेरिस जलवायु सम्झौताले स्पष्ट रूपमा सन् १९९२ को रियो दि जेनेरियोको विश्व सम्मेलन अर्थात् राष्ट्रसंघीय जलवायु परिवर्तन रूपरेखा सम्मेलनको मुख्य सिद्धान्त 'साझा तर विविध जिम्मेवारी'मा जोड दिएको छ । धनी मुलुकले बढी उत्सर्जन गर्ने भएकाले वातावरणीय समाधानको जिम्मेवारी उत्सर्जनअनुसार तय हुनुपर्छ । निम्न एवं मध्यमस्तरका आय भएका मुलुकसँग स्वभावतः आर्थिक वृद्धिको लक्ष्य पछ्याउने अधिकार छ, तर यी लक्ष्य जनहितका लागि दिगोपनालाई केन्द्रमा राख्दै पूरा गर्नुपर्छ ।

मुलुकलाई स्वच्छ हरित रूपान्तरणका लागि राजनीतिक इच्छाशक्ति निर्माण गर्न प्रशस्त ऊर्जा, समृद्ध जैविक विविधता र फलिफाप हुने ग्रहलाई समावेश गर्ने दृष्टिकोण आवश्यक पर्छ । राष्ट्र संघका महासचिवका लागि प्रभावकारी बहुपक्षीयतावादको उच्चस्तरीय परामर्श बोर्डका सदस्यका नाताले यो उद्देश्य पूर्तिका लागि हामीले 'प्याक्ट फर फ्युचर' (भविष्यका लागि सम्झौता) लाई अघि सारेका छौँ । यी सम्झौतामा निहित सिफारिसले मानिस र ग्रहबीचको सम्बन्धलाई पुनः सन्तुलित गर्ने उद्देश्य राखेका छन् । एचएलएबीले यही अप्रिलमा राष्ट्र संघका महासचिवलाई बुझाएको प्रतिवेदनमा यी सिफारिस प्रस्तुत गरिएका थिए ।



तस्बिर : प्रोजेक्ट सिन्डिकेट

हाम्रो सुझाबले एक सम्पन्न ग्रह एक विश्वव्यापी सार्वजनिक सम्पत्ति हो, जसले सबै मानवजातिका लागि लाभ पुऱ्याउँछ भन्ने स्विकार्छ । यी सुझाबले हालको सन्धि दायित्वको पालना गर्दै, साझा आकांक्षाको उत्थान गर्दै र औसत शून्य-कार्बन उत्सर्जनको भविष्य निर्माण गर्न दुवै राष्ट्र एवं गैरसरकारी संस्थाका लागि आवश्यक स्रोत उपलब्ध गराउनेछ ।

विकासोन्मुख मुलुकले हरित संक्रमणलाई उच्च आय भएका राष्ट्र बन्ने अवसर प्रदान गर्नेछ । अमेरिकी मुद्रास्फीति न्यूनीकरण ऐन र युरोपेली हरित सम्झौताजस्ता महत्त्वाकांक्षी नीतिका लागि पर्याप्त धनको अभाव भए पनि यी मुलुकसँग ग्रह संरक्षणका लागि आवश्यक वन र ऊर्जा संक्रमणका लागि आवश्यक महत्त्वपूर्ण खनिजजस्ता स्रोत छन् । यसबाहेक विश्वव्यापी शक्ति परिवर्तनले यी मुलुकलाई नयाँ कोषका अवसर र समतामूलक जलवायु सम्झौताको मौका दिएको छ ।

प्याक्ट फर द फ्युचरको संवाद-बहसका सहभागीका नाताले न्यून एवं मध्यम आय भएका मुलुकले आफ्नो हरित आकांक्षालाई प्रोत्साहन गर्न सक्छन्, दिगो भविष्यको खाका निर्माण गर्न नेतृत्व लिन सक्छन् भन्ने हामीले पाएका छौँ । त्यति मात्रै नभई यी मुलुकले यसअघिको 'श्रमको अन्तर्राष्ट्रिय विभाजन'लाई चुनौती दिन सक्छन् । स्मरण रहोस्, यो विभाजनमा उन्नत अर्थतन्त्रको फाइदाका लागि कमजोर अर्थतन्त्रको स्रोत-साधनको शोषण हुने गरेको थियो । समिट अफ द फ्युचरमा यी मुलुकले समतामूलक जलवायु रूपान्तरण र दिगो विकास लक्ष्यको पूर्तिको लागि अन्तर्राष्ट्रिय सम्झौता र वित्तीय संयन्त्रका लागि सुझाब र वार्ताको पहलकदमी लिन सक्छन् ।

मानिस र ग्रह दुवैलाई लाभ पुऱ्याउने प्याक्ट फर फ्युचरको जग तयार भइसकेको छ । हामीले पेरिस जलवायु सम्झौताजस्ता सन्धिमा हाम्रा प्रतिबद्धतालाई पुनः पुष्टि गर्नुपर्छ, निश्चित समय सीमाभित्र प्रगतिलाई गति दिनुपर्छ, र शून्य उत्सर्जन हासिल गर्ने, जीवाश्म इन्धनको प्रयोग अन्त्य गर्ने, विद्युत्मा पहुँच नभएका ८० करोड मानिसलाई स्वच्छ ऊर्जा प्रदान गर्ने, संरक्षणका नयाँ उपायका साथै वन विनाश रोक्न, प्रकृतिको सम्मान गर्ने लक्ष्य तय गर्नुपर्छ । आदिवासी र स्थानीय समुदाय, पारिस्थितिक प्रणालीको पुनर्स्थापना र प्रदूषण रोक्न पनि प्याक्टले प्रतिबद्धता जनाउनुपर्छ ।

कोषका अतिरिक्त एचएलएबीले एक निष्पक्ष हरित संक्रमणलाई प्राविधिक साझेदारी, कार्बन मूल्य निर्धारण, जीवाश्म इन्धन अनुदानको अन्त्य, पारदर्शिता र स्वच्छ ऊर्जा प्रोत्साहनमा पनि जोड दिन्छ । भविष्यलाई सुरक्षित बनाउँदै र अवसर सिर्जना गरेर जलवायु परिवर्तनलाई सम्बोधन गर्दा सबैलाई फाइदा हुन्छ ।

सम्झौतामा बलियो प्रतिबद्धता र स्पष्ट अपेक्षाको आवश्यकता हुन्छ । समिट फर द फ्युचर तयारी गर्दै गर्दा दिगो एवं निष्पक्ष रूपान्तरणको परिकल्पना आवश्यक छ ।

(स्लटर अमेरिकी विदेश मन्त्रालयको नीति योजनाकी पूर्वनिर्देशक, जाबो इगारेब इन्स्टिच्युटकी सह-संस्थापक एवं अध्यक्ष, घोष मेसेचुसेट्स एम्हेरेस्टका अर्थशास्त्रकी प्राध्यापक तथा घिमिरे एचएलएबीकी सदस्य हुन्)

प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

‘उत्साहहीन’ जी-२० को भविष्यमाथि आशंका

जी-२० संयुक्त वक्तव्य जारी गर्न सफल भए पनि युक्रेन युद्ध, जलवायुलगायत मुद्दाका नतिजाबाट धेरै मानिस निराश छन्



● जेम्स बेज

अल जजिराका वासिङटन संवाददाता बेजसँग विश्वका कैयौं द्वन्द्वग्रस्त क्षेत्रको रिपोर्टिङ गरेको अनुवभ छ ।

भारतमा आयोजित यो वर्षको जी-२० शिखर सम्मेलन सहज हुनेवाला थिएन । भर्खरै सम्पन्न यो सम्मेलनमा सन् २०१२ मा सत्ता आरोहण गरेदेखि जी-२० बैठक कहिल्यै नछुटाएका चिनियाँ राष्ट्रपति सी जिनफिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसमेत केही उल्लेखनीय व्यक्ति अनुपस्थित रहे । युक्रेनमाथि आक्रमण गरेयता पुटिनले लगातार दोस्रोपटक जी-२० शिखर सम्मेलन छुटाएका छन् ।

भारत र चीनबीचको सम्बन्ध चिसो छ । दुई देशका राष्ट्रपति खासगरी राष्ट्रपति सीको अनुपस्थितिले जी-२० को भविष्य र सान्दर्भिकतालाई असर गर्छ वा गर्दैन, विशेषगरी नेताहरू निष्कर्ष निकाल्न असमर्थ हुने हुन् कि भन्नेमा धेरै मानिस चिन्तित थिए । तर, शनिबार सदस्य राष्ट्रका नेताहरू सामूहिक विज्ञप्ति जारी गर्न सफल भएपछि भने ती चिन्ता आंशिक रूपमा हटेका छन् । यद्यपि, यसका लागि उनीहरूले युक्रेन मामिलामा सबैभन्दा कमजोर टिप्पणीमै चित्त बुझाउनुपऱ्यो ।

सम्मेलनले युक्रेनमाथिको रुसी आक्रमणको निन्दा गर्न सकेन, केवल गत वर्ष बालीमा सम्पन्न भएको जी-२० घोषणापत्रको विवरणलाई स्मरण मात्रै गरियो । संयुक्त राष्ट्रसंघको संकल्प प्रस्ताव र क्षेत्रीय सीमाहरूको सम्मान गर्नुपर्ने आवश्यकतालाई चर्चा मात्रै गरेको छ । यसले पक्कै केही पश्चिमा नेतालाई असहज बनाएको छ ।

रुसी राष्ट्रपति पुटिनको तर्फबाट सम्मेलनमा प्रतिनिधित्व गरेका विदेशमन्त्री सर्गेई लाभरोभले आइतबार सम्मेलन ‘सफल’ भएको घोषणा गर्दै युक्रेनबारे समान अडान राखेकोमा ग्लोबल साउथका देशहरूलाई धन्यवादसमेत दिएका छन । रुसी वार्ताकार स्वेतलाना लुकासले नयाँदिल्लीमा पत्रकारसँग कुरा गर्दै संयुक्त घोषणालाई ‘सन्तुलित’ भएको र मस्कोले स्वागत गरेको बताइन् । उनले रुसबाहेक ब्रिक्स देशहरू ब्राजिल, भारत, चीन, दक्षिण अफ्रिका र अन्य सहयोगीले ‘सन्तुलित’ घोषणापत्रका लागि योगदान दिएको टिप्पणी गरिन् ।

रुस सम्मेलनको नतिजाबाट सन्तुष्ट भएको छ, तर पश्चिमा कूटनीतिज्ञहरूले यसलाई चुकाउन लायक मूल्य ठानेका हुन सक्छन्, किनकि उनीहरूले जी-२०लाई क्रियाशील राख्न आवश्यक छ । चीनको बढ्दो शक्तिबारे चिन्तित पश्चिमा देशहरू यो शिखर सम्मेलन धेरै सफल भएको दाबी गर्न चाहन्छन्, किनभने नयाँदिल्ली उनीहरूका लागि बेइजिङको रणनीतिक सन्तुलन हो । तर, अन्तर्राष्ट्रिय सहायता एजेन्सी अक्सफामले गरिबी, असमानता र जलवायु परिवर्तनलाई सम्बोधन गर्न कुनै कदम नचालेको भनेर यो शिखर सम्मेलनलाई ‘निराशाजनक र अप्रभावकारी’ भनेको छ ।

निश्चित रूपमा जी-२० को यो सम्मेलनमा दोस्रो विश्वयुद्धको अन्त्यमा ब्रिटन वुड्स सम्मेलनमार्फत खडा गरिएको विश्वव्यापी वित्तीय प्रणालीको पुनर्संरचना गर्ने कुरा गरिएको थियो । धेरै अन्तर्राष्ट्रिय विज्ञहरू विश्व बैंक र आइएमएफ अब असान्दर्भिक भइसकेको विश्वास गर्छन् । सम्मेलनले सुधारको सम्भावनाको कुरा त गऱ्यो तर त्यसमा कुनै समयसीमा वा कार्ययोजनाको भने उल्लेख छैन ।

विश्वको ऋणको सन्दर्भमा पनि यही कुरा लागू हुन्छ । अधिकांश मुलुक ऋण तिर्न संघर्ष गरिरहेका छन् र ऋण संकटमा फसेका छन् । यी मुलुकलाई केन्द्रमा राखेर राहतका प्रावधान ल्याउनु आवश्यक थियो, तर यसतर्फ कुनै ठोस पहल घोषणा भएन । संयुक्त राष्ट्रसंघका प्रवक्ता यो निकाय जी-२० का निर्णयहरूको हरफैपिच्छे टिप्पणी गर्ने निकाय नभएको टिप्पणी गरेर उम्किन खोजे । तर, यस कूटनीतिक भाषाका बाबजुद संयुक्त राष्ट्र संघले जलवायु परिवर्तनको मामलामा आफू असन्तुष्ट भएको बताएको छ । विश्वको ८० प्रतिशत उत्सर्जनका लागि जी-२० का सदस्य मुलुक जिम्मेवार छन्, तर कोइलालाई फेज आउट गर्ने प्रतिबद्धता र समयसीमा निर्धारण गर्न उनीहरू यसपटक पनि असफल रहे ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले बैठक सुरु हुँदै गर्दा आफू जी-२० सँग निकै आशावादी रहेको बताएका थिए । धनी मुलुकहरू सन् ०४० सम्मा र सन् ०५० सम्मा विकासोन्मुख राष्ट्रहरू नेट जिरो (उत्सर्जन शून्य)को लक्ष्यमा पुग्नुपर्ने उनको आग्रह थियो । तर, यसको दुई दिनपछि आएको जी-२० को अन्तिम घोषणापत्रमा उनले अपेक्षा गरेका ती प्रतिबद्धता समावेश थिएनन् ।

जी-२० मूलतः सन् १९९९ मा वित्तमन्त्रीहरूको आर्थिक निकायको रूपमा स्थापित भएको थियो । यसको कुनै स्थायी सचिवालय छैन र घोषणापत्रहरू कार्यान्वयन भए-भएनन् भनेर हेर्ने पनि कोही छैन । बहुपक्षीय समूह भएको हुनाले परिवर्तन क्रमिक र ढिलो गरेर हुने गर्छ । तसर्थ, मानवताले अहिले सामना गरिरहेका ठूला समस्या समाधान गर्नेतर्फ यसले आवश्यक प्रगति नगर्ने हो कि भन्ने चिन्ता धेरै विज्ञमा छ ।

अलजजिरासँगको एउटा अन्तर्वार्तामा गुटेर्रेसले आफूलाई विश्वमा ठूलो विभाजनको डर रहेको बताएका छन् । ‘विश्व दुई ब्लकमा विभाजित भइरहेको छ । एउटा संयुक्त राज्य अमेरिकाको नेतृत्वमा र अर्को चीनको नेतृत्वमा विभाजित हुँदै गएको छ । यो एउटा प्रणालीकै रूपमा विकसित हुँदै छ, जहाँ दुई खेमामा दुइटा प्रमुख मुद्रा, दुईवटा इन्टरनेट र दुई फरक अर्थतन्त्रहरू हुनेछन्,’ उनले भने । यो विश्वका लागि विपत्तिकारी हुने गुटेर्रेसको भनाइ छ ।

प्रश्न हामी त्यहाँ पुगिसकेका हौं त भन्ने हो । के हामी बिस्तारै यस्तो विश्वतर्फ सरिरहेका हौं, जहाँ एकातिर अमेरिका र उसका जी-७ सहयोगी मुलुक र अर्कोतिर ब्रिक्स समूह (ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका) हुनेछन् ? चीनका राष्ट्रपति सी गत महिना दक्षिण अफ्रिकामा सम्पन्न ब्रिक्स शिखर सम्मेलनको केन्द्र बने, तर उनले जी-२० लाई छुटाए । यसबाट घटनाक्रम यतैतर्फ विकसित भइरहेको त होइन भन्ने भय कतिपय मानिसमा छ ।

निश्चित रूपमा यस्तो धेरै देश छन्, जो दुवै क्याम्पमा खुट्टा राख्न कोसिस गरिरहेका छन् । यसको उदाहरण भारत नै हो । यसको मतलब केही मानिसले चिन्ता गरेजसरी विश्व विभाजित भइसकेको छैन भन्न सकिन्छ ।

आगामी जी-२० शिखर सम्मेलन सन् ०२४ को नोभेम्बरमा ब्राजिलको रियो दि जेनेरियोमा हुनेछ, जसमा राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले अध्यक्षता सम्हाल्नेछन् । त्यो भूमिकामा ब्राजिलले एजेन्डामा सदस्य राष्ट्रहरूलाई राम्रोसँग मनाउने र समूहलाई प्रभाव पार्ने आशासम्म गर्न सकिन्छ । पहिलोपटक, विश्वका गरिबतम देशसहित ५५ देशको प्रतिनिधित्व गर्ने अफ्रिकन युनियनले जी-२०को त्यस शिखर सम्मेलनमा स्थान पाउनेछ । लुलाको राजनीतिक अडान सुपरिचित नै छ । तसर्थ, सम्भवतः असमानता, गरिबी र विश्वको वित्त सुधारका मुद्दा अर्को वर्ष अझ पछि धकेलिने वा ओझेलमा पर्ने सम्भावना देखिन्छ ।

- अलजजिराबाट

> बहुपक्षीय समूह भएको हुनाले परिवर्तन क्रमिक र ढिलो गरी हुने गर्छ । तसर्थ, मानवताले अहिले सामना गरिरहेका ठूला समस्या समाधान गर्नेतर्फ यसले आवश्यक प्रगति नगर्ने हो कि भन्ने चिन्ता धेरै विज्ञमा छ ।



> अधिकांश मुलुक ऋण तिर्न संघर्ष गरिरहेका छन् र ऋण संकटमा फसेका छन् । यी मुलुकलाई केन्द्रमा राखेर राहतका प्रावधान ल्याउनु आवश्यक थियो, तर यसतर्फ कुनै ठोस पहल घोषणा भएन । विश्वको ८० प्रतिशत उत्सर्जनका लागि जी-२० का सदस्य मुलुक जिम्मेवार छन्, तर कोइलालाई फेज आउट गर्ने प्रतिबद्धता र समयसीमा निर्धारण गर्न उनीहरू यसपटक पनि असफल रहे । यसले समूहको विश्वसनीयतामा प्रश्न उठाएको छ ।

■ बिआरआईको १० वर्ष कति रह्यो सफल ?



> विश्वका १५० भन्दा बढी देशलाई समेट्ने यस परियोजनाको कारण चीनले लगानी जुटाउन कठिन पर्ने रेलमार्ग, सडक र अन्य पूर्वाधार निर्माणका सयौं अर्ब डलर ऋण र अनुदान दिएको छ । बितेको दशकमा चीन थुप्रै विकासशील देशहरूको सबैभन्दा ठूलो ऋणदाता र लगानीको महत्त्वपूर्ण स्रोत बनेको छ ।

२० वर्षअघि यसै साता चीनका नेता सी जिनपिङले आफ्नो विदेश नीतिका जग बसाल्न सुरु गरेका थिए । उनले चीनलाई मध्य एसिया, मध्यपूर्व, अफ्रिका र युरोपसँग जोड्ने प्राचीन व्यापारिक मार्गहरूको सञ्जाल ‘सिल्क रोड’लाई पुनर्जीवित गर्ने मनसायसहित आफ्नो सिग्नेटर विदेश नीतिको सुरुवात गरेका थिए । परियोजनाको आधिकारिक नाम ‘वान बेल्ट, वान रोड’ राखिएपछि, त्यसले चीनले आफूलाई विश्वको केन्द्रमा राखेको संकेत दियो । पछि विदेशी स्रोतालाई ध्यानमा राख्दै यसलाई नरम सुनिने गरी ‘बेल्ट एन्ड रोड इनिसिएटिभ’ वा ‘बिआरआई’ बनाइयो । राष्ट्रपति सीले यो परियोजनालाई ‘शताब्दी परियोजना’को संज्ञा दिएका छन् ।

बिआरआई केही अर्थमा खरो उत्रिएको पनि छ । विश्वको कुल जनसंख्याको करिब ७५ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको आधाभन्दा बढी हिस्सा समेट्ने १५० भन्दा बढी देशले यो परियोजनामा हस्ताक्षर गरेका छन् । चीनले लगानी जुटाउन कठिन पर्ने रेलमार्ग, सडक र अन्य पूर्वाधार निर्माणका सयौं अर्ब डलर ऋण र अनुदान दिएको छ । बिआरआईका परियोजना ब्राजिलदेखि केन्या र लाओससम्म फैलिएका छन् । बितेको दशकमा चीन थुप्रै विकासशील देशहरूको सबैभन्दा ठूलो ऋणदाता र लगानीको महत्त्वपूर्ण स्रोत बनेको छ । यी धेरै राम्रो कुरा हुन किनकि धेरै देशलाई राम्रा सडकको आवश्यकता छ ।

तर, समयक्रमले बिआरआईका कमजोरी र चीनको स्वार्थलाई पनि उजागर गर्दै लगेको छ । थुप्रै आसामी देशले ऋण भुक्तानीमा संघर्ष गरेका छन् । चीनले पछिल्लो समय राम्रो प्रतिफल दिने र आर्थिक योजनालाई मानकमा परिवर्तन गर्दै परियोजनाको ऋण समायोजन गर्दै छ । चीनले जथाभावी पैसा खन्याउन कम गर्दा त्यसले पश्चिमका लागि ठूलो चुनौती पनि खडा गरिरहेको छ ।

> समयक्रममा बिआरआईका कमजोरीहरू उजागर हुँदै गए । कतिपय पूर्वाधार परियोजना सफल हुन सकेका छैनन् । केही परियोजना सेतो हात्तीमा परिणत भएका छन् । केहीलाई परित्यक्त अवस्थामा छोडिएको छ ।

बिआरआईका समस्या कुनै छिपेका रहस्य होइनन् । वर्षौंदेखि चिनियाँ बैंकहरूले अपारदर्शी शासनलाई ऋण दिन छलछामयुक्त मापदण्ड प्रयोग गर्दै आएका छन् । अचम्म त के भने बैंकहरूले लगानी गरेका धेरैजसो पूर्वाधार परियोजना सफल हुन सकेका छैनन् । केही परियोजना सेतो हात्तीमा परिणत भएका छन् । केहीलाई परित्यक्त अवस्थामा छोडिएको छ । ऋणको बोझले थिचिएर (सबै बिआरआई परियोजना होइन) धेरै देशहरू डिफल्टको(टाट पल्टिने) संघारमा पुगेका छन् । चीनले अन्य ऋणदाता र बहुपक्षीय संस्थाहरूलाई बेवास्ता गरेर, द्विपक्षीय, गोप्य अपारदर्शी मोलाहिजामार्फत् ऋण दिएर स्थितिलाई अझ खराब बनाएको छ ।

केही मानेमा चीनले पाठ सिकेको पनि देखिन्छ । पछिल्लो समय उसका बैंकहरूले आफ्नो व्यवहारमा परिवर्तन गरेका छन् । ऋणलाई अझ बढी लक्षित गर्दै लान थालिएको छ । चीनको खस्किँदो अर्थ व्यवस्थाले पनि बिआरआईको सार्वजनिक उत्साहलाई कम गर्न भूमिका खेलेको छ । यसकारण, चिनियाँ राष्ट्रपति सीले चिनियाँ लगानीकर्तालाई ‘साना तर सुन्दर’ परियोजनामा केन्द्रित हुन आग्रह गरेका छन् । दूरसञ्चार र क्लाउड कम्प्युटिङजस्ता उद्योगहरूमा ध्यान केन्द्रित गर्दै ‘डिजिटल सिल्क रोड’को चर्चा बढ्दो छ ।

तर, समस्या बाँकी नै छन् । चीनले अझ बढी पारदर्शी हुने छनक खासै देखाएको छैन । न त धेरै लचक देखिएको छ । जाम्बियाली ऋणको पुनर्संरचना गर्न ऊ अन्य सरकारी ऋणदाताहरूसँग काम गर्न त जागर देखायो, तर मुख्यतया चीनलाई तिर्नुपर्ने ऋण कटौती गर्न भने सहमत भएन ।

चीनले बिआरआईलाई उसको नियममा-आधारित पश्चिमी विश्व व्यवस्थाको पुनर्लेखन योजनाको वाहनको रूपमा पनि प्रयोग गरिरहेको छ । चिनियाँ कम्युनिस्ट पार्टीले जहिले पनि यो योजनालाई आफ्नो छवि उजिल्याउन र विश्वमा आफ्नो वजन बढाउन प्रयोग गर्न खोजेको देखिन्छ । तर, चीनको लोकतन्त्रमुक्त विकास मोडेलको वरपर ‘ग्लोबल साउथ (उदीयमान मुलुक एवं अर्थतन्त्रहरू)’लाई भेला गर्न पनि यसको प्रयोग भइरहेको छ । चीनका आसामीले मानवअधिकार वा भ्रष्टाचारबारे पश्चिमा शैलीको किचकिचको पनि सामना गर्नुपर्दैन । परिणामतः बन्दरगाह र पावर स्टेसनहरू चिनियाँ लागानीका परियोजनाको रूपमा चिनिन थालेका छन् ।

-द इकोनोमिस्टबाट

इतिहासमा आज

सेप्टेम्बर १४



सन् १९६० : इराक, इरान, कुवेत र साउदी अरब मिलेर तेल उत्पादक राष्ट्रहरूको शक्तिशाली संगठन ओपेकको निर्माण गरे ।

सन् १३२१ : इटालीयन कवि दाँते अलिघिरीको मलेरियाबाट निधन भयो । मृत्युको केही घन्टाअघि मात्र उनले ‘प्याराडिसो’ लेखिभ्याएका थिए ।

सन् १८१४ : फ्रान्सिस स्कट केले अमेरिकाको राष्ट्रिय गीत ‘स्टार स्प्याङ्गलड ब्यानर’को शब्द आजै लेखेर भ्याएका थिए ।

सन् १८२१ : नेपोलियन बोनापार्टको विशाल सेना मस्को प्रवेश गऱ्यो, तर नेपोलियनको सेना नजिकिँदै गर्दा रुसीहरूले तिनको राजधानी सहर त्यागिदिएका थिए । बाँकी रहेका केही रुसीहरूले सहरमा आगजनी गरिदिए, जुन पाँच दिनसम्म निभेको थिएन ।

सन् १८६७ : कार्लमार्क्सको चर्चित पुस्तक ‘पुँजी’को पहिलो खण्ड प्रकाशित भयो ।

सन् १९०१ : राष्ट्रपति विलियम म्याकिन्लेको हत्या भएको आठ दिनपछि उनका उपराष्ट्रपति थियोडोर रुजबेल्टले आजकै दिन राष्ट्रपतिको पदभार सम्हालेका थिए ।

सन् १९४९ : भारतको संविधानसभाले हिन्दीलाई देशको सरकारी भाषाको रूपमा स्विकाऱ्यो । यस दिनलाई भारतमा ‘हिन्दी दिवस’का रूपमा मनाइन्छ ।

सन् १९७९ : सत्तासंघर्षमा अफगानिस्तानका कम्युनिस्ट राष्ट्रपति नुर मुहमद तरकी मारिए । उनकै पार्टीका अर्का नेता हफिजुल्लाह अमिन राष्ट्रपति बने ।

सन् १९८२ : लेबनानको राजधानी बेइरुतमा भएको बम विस्फोटमा भर्खरै राष्ट्रपति चुनिएर पद सम्हाल्न बाँकी रहेका बचिर गेमायेलसहित थप २६ मारिए ।

सन् १९९९ : किरिबाटी, नाउरु र टोङ्गाले संयुक्त राष्ट्र संघको सदस्यता लिए ।

उत्तर कोरियाली नेता किम र रुसी राष्ट्रपति पुटिनबीच भेटवार्ता

मस्को / उत्तर कोरियाली नेता किम जोङ उन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच साइबेरियाको अमुर क्षेत्रको रुसी अन्तरिक्ष केन्द्रमा भेट भएको छ । यो केन्द्र भ्लादिभोस्तकबाट करिब एक हजार किलोमिटर टाढा छ । नेता किम कालो लिमोजिनमा कस्मोड्रोमको रकेट प्रक्षेपण स्थल आइपुग्दा राष्ट्रपति पुटिनले स्वागत गरेका थिए । क्रेमलिनको आधिकारिक टेलिग्राम च्यानलमा पोस्ट गरिएको भिडियोमा दुई नेताले हात मिलाउँदै गरेको देखिन्छ । नेता किमले राष्ट्रपति पुटिनलाई उनको व्यस्त कार्यतालिकाका बाबजुद पनि भ्रमणको निमन्त्रणा दिएकोमा धन्यवाद व्यक्त गरे । यसबाट उत्तर कोरिया र रुसबीचको रणनीतिक सम्बन्ध र दुवै देशका समान प्राथमिकता प्रतिबिम्बित भएको किमले उल्लेख गरे । यसअघि रुसी राष्ट्रपति पुटिन र उत्तर कोरियाका सर्वोच्च नेता किमबीच सन् २०१९ मा भेटवार्ता भएको थियो ।

आफ्ना रुसी समकक्षी भ्लादिमिर पुटिनसँग शिखर वार्ता गरेर उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन स्वदेश फर्किएका छन् ।



राष्ट्रपति पुटिनसँग शिखर वार्ता गरेर नेता किम आफ्नो रेलमा स्वदेश फर्कनुभएको रुसी समाचार संस्था आरआइए नोवोस्तीले जनाएको छ । वार्ताका क्रममा उत्तर कोरियाली नेताले राष्ट्रपति पुटिनलाई मस्कोका सेनाले आफ्ना शत्रुहरूमाथि ‘महान् विजय’ हासिल गर्ने विश्वास व्यक्त गरेको रुसी समाचार समितिले जनाएका छन् । पुटिनले दुई देशबीचको सहयोग र मैत्री भविष्यमा अझ सुदृढ हुने विश्वास व्यक्त गरे । वार्ता उत्तर कोरियाबाट रुसलाई हतियार आपूर्ति गर्ने तथा रुसबाट कोरियालाई जासुसी उपग्रह अन्तरिक्षमा प्रक्षेपण गर्ने प्रविधि हस्तान्तरण तथा खाद्यान्नलगायत सहयोग गर्ने विषयमा केन्द्रित भएको आशंका छ । तथापि वार्ताको

छुर्पीले कोरेको आयात प्रतिस्थापनको गोरेटो

नेपालका उच्च पहाडी तथा हिमाली क्षेत्रमा उत्पादन हुने छुर्पीको निर्यात ४० भन्दा बढी देशमा भइरहेको छ



अर्थ संवाद

• डा. मनोजकुमार शाही

नेपालमा लामो समयदेखि मान्छेले मात्र खाने गरेको छुर्पी विगत केही दशकबाट कुकुरको लोकप्रिय आहारको रूपमा निर्यात भइरहेको छ। विगत ९ वर्षको तथ्यांक हेर्दा ४७ वटा मुलुकमा छुर्पी निर्यात भएको र सोही अवधिमा करिब ३ सय प्रतिशतले निर्यात बढेको छ। नौ वर्षको औसत मूल्य हेर्दा एक हजार ५ सय ४७ रुपैयाँ प्रतिकेजीमा निर्यात भएको देखिन्छ। उच्चतम निर्यात मूल्य करिब २ हजार प्रतिकेजि देखिन्छ। आर्थिक वर्ष ०७१/७२ मा करिब २ लाख ७६ हजार केजी निर्यात गरेको नेपालले गत आव ०७९/८० मा १७ लाख ८७ हजार केजी निर्यात गरी क्रमशः २९ करोड र ३ अर्ब ४१ करोड नेपाली रुपैयाँबराबरको विदेशी मुद्रा आर्जन गरेको छ।

नेपाली छुर्पीको विशेषता : विदेशमा निर्यात हुने छुर्पी विशेष गरी पूर्वी उच्च पहाडी तथा हिमाली जिल्लामा उत्पादन गर्ने गरिएको छ। विशेष गरी चौँरीको दूधबाट बनेको छुर्पीको मूल्य उच्च हुने गरेको छ। नेपाललाई विश्वले हिमालहरूको देश भनेर चिन्नु र हिमाली क्षेत्रको चरणमा पाइने जडीबुटीहरू चरेका गाईभैँसी तथा चौँरीको दूधबाट उत्पादन हुने भएकाले नेपाली छुर्पीलाई विदेशीले धेरै रुचाएका छन्, सोहीअनुसार माग पनि बढेको हो।

छुर्पी निर्यात हुने देश : अमेरिका नेपालको सबैभन्दा धेरै छुर्पी आयात गर्ने देशमा पर्दछ। त्यस्तै, भारत, टर्की, क्यानडा, थाइल्यान्ड, हङकङ, जापान, चीन, बेलायत, दक्षिण कोरियालगायतका ४७ देशमा पनि नेपाली छुर्पी निर्यात भइरहेको छ। तर, सबै देशमा निर्यातमा निरन्तरता भने देखिँदैन। नौ वर्षअगाडि करिब ११ वटा देशमा छुर्पीको निर्यात भए पनि आर्थिक वर्ष ०७८/७९ मा ३६ देशमा र गत आव ०७९/८० मा भने २८ देशमा मात्र निर्यात खुम्चिएको देखिन्छ। यद्यपि, निर्यात परिमाणमा भने झन्डै डेढ अर्बले बढोत्तरी भएको छ। कम्बोडिया, बेल्जियम, स्विट्जरल्यान्ड, डेनमार्कलगायतका देशले दुई वर्षअघिसम्म केही मात्रामा आयात गरे पनि गत आवमा भने आयात गरेका छैनन् भने बुल्गेरिया, न्युजिल्यान्ड, ब्राजिल र फिनल्यान्डले गत आवबाट नमुनाको रूपमा आयात गरे पनि व्यावसायिक रूपमा चालू आवबाट आयात गर्ने अपेक्षा गर्न सकिन्छ। अस्ट्रिया, बुल्गेरिया, रसिया र इजरायललगायतका १८ देशले नमुनाको रूपमा केही छुर्पी आयात गरे पनि सम्भवतः उत्पादनको गुणस्तर, नियमित आपूर्ति तथा पशुमा देखिने खोरेतलगायतका रोगका कारण व्यावसायिक प्रयोजनार्थ आयात गरेको देखिँदैन। नमुनाको रूपमा छुर्पी लिने देशलाई व्यावसायिक हिसाबले नै छुर्पी लिनका लागि आवश्यक वातावरणको सिर्जना गरिदिने र व्यावसायिक रूपमा छुर्पी आयात गरिरहेका तर हाल आयात बन्द गर्ने देशका लागि कारण पत्ता लगाई निरूपण गर्न अग्रसर हुनु नेपालको मुख्य दायित्व र अवसर पनि हो। यसले छुर्पीलाई मात्र नभएर अन्य उत्पादनको निर्यातलाई समेत सहयोग गर्दछ।

छुर्पी निर्यातमा नेपालको दायित्व : विश्व व्यापार संगठनको सदस्यको नाताले पशु तथा पशुजन्य उत्पादनको कुनै पनि देशले गुणस्तर कायम गरी संसारका सबै देशमा व्यापार गर्न पाउने अधिकार हुन्छ। तर, आयात गर्ने देशले भने उत्पादित वस्तुको अन्तर्राष्ट्रिय मापदण्डअनुसार गुणस्तर नपुगेमा, पशुरोग आफ्नो देशमा भित्रिने सम्भावना देखिएमा वा आफ्नो देशले तोकेअनुसार उत्पादनमा गुणस्तर नभएको वैज्ञानिक आधारहरू प्रस्तुत गरेको अवस्थामा भने आयातलाई रोक्न सक्छ। छुर्पी निर्यात गर्नुअघि नेपालले कम्तीमा तीनवटा कुरा स्पष्ट खुलाउनुपर्दछ। पहिलो, छुर्पी उत्पादन गर्ने पशुमा प्रयोग भएको एन्टिबायोटिक, हर्मोन तथा अन्य औषधि दर्तावाल पशुचिकित्सक आफैँ वा निजको सुपरभिजन प्राविधिकबाट प्रयोग गरिएको छ। दोस्रो, पशुकल्याणको ख्याल गर्दै दूध तथा छुर्पी नेपाल सरकार वा विश्व पशु स्वास्थ्य संगठनले तोकेअनुसारको उत्पादन प्रक्रिया अवलम्बन गरी उत्पादन तथा तयार गरिएको छ। तेस्रो, उत्पादित वस्तुमा पशु तथा मानिसका लागि हानिकारक जीवाणु, विषाणु तथा रसायनहरू छैनन्।

नयाँ देशमा निर्यातको तयारीमा नेपालको दायित्व : जुनसुकै देशमा वस्तु भित्रिँदा पशु तथा मानव स्वास्थ्य र वातावरणमा पर्ने असरको विषयमा विश्लेषण गरिन्छ। उक्त विश्लेषण गर्दा कुनै रोग भित्रिने, पशु तथा मानव स्वास्थ्य र वातावरणमा असर गर्ने रहेछ भने विश्व व्यापार संगठनले दिएको अधिकार प्रयोग गरी आयातमा प्रतिबन्ध लगाउन सक्छ। यिनै आधारमा नेपालको छुर्पी केही देशमा माग हुँदा पनि निर्यात गर्न सकिएको छैन। त्यसका लागि नेपालले पशुमा प्रयोग हुने हर्मोन, एन्टिबायोटिक्स तथा अन्य दूधमा अवशेषका रूपमा हुन सक्ने औषधिहरू योग्यता पुगेका पशुचिकित्सक वा निजको सुपरिवेक्षणमा पशु स्वास्थ्य प्राविधिकहरूले मात्र प्रयोग गर्ने गर्दछन् भन्ने कानुनी सुनिश्चितता दिन सक्नुपर्नेछ। पशुस्वास्थ्यकर्मीबाहेक तोकिएका औषधि अरूले प्रेस्क्राइब गर्दैनन् भन्ने कानुनी आधार खडा गर्नुपर्दछ। दोस्रो भनेको खोरेतलगाएतका रोग छुर्पीका लागि दूध उत्पादन हुने क्षेत्रमा छैन भन्ने प्रमाण जुटाउन नियमित प्रयोगशाला परीक्षण तथा सर्भिलेन्स गर्नुपर्ने हुन्छ।

यसरी सर्भिलेन्स गर्दा सो क्षेत्रमा कुनै रोग विगत ६ महिनादेखि छैन भनी प्रमाणित गर्नुपर्दछ। यसरी उत्पादित दूधबाट बनाइने छुर्पी तयार हुने प्रक्रिया देशको मापदण्डअनुसार भेटेरिनरी निरीक्षकको सुपरिवेक्षणमा भएको हो भनी लेख्नुपर्दछ। त्यसका लागि उत्पादन क्षेत्रमा रहेका पशु क्वारेन्टाइन कार्यालय, पशुरोग अन्वेषण प्रयोगशाला र ती संरचनामा कार्यरत प्राविधिक जनशक्ति पशुचिकित्सक तथा पशुस्वास्थ्यकर्मीहरूको विस्तृत विवरण तयार गरी आयात गर्ने देशलाई बुझाउनुपर्दछ। माथि भनिएका कार्य विश्व पशु स्वास्थ्य संगठनको एनिमल हेल्थ कोडमा उल्लेख विधि अपनाई गर्ने र सोहीअनुसारको प्रमाणहरू पुऱ्याउनुपर्दछ। सबै कुरामा वैज्ञानिक तथ्य र प्रमाण पुगेको अवस्थामा मात्र नेपालको उत्पादन सम्बन्धित देशमा निर्यात हुने बाटो खुल्छ। यस कारण पनि हामीले बुझ्नुपर्दछ कि क्वारेन्टाइनसहित प्रयोगशालाहरू सर्भिलेन्सका लागि संघमा रहनुपर्दछ। हालसम्म पशु सेवा विभागले जापान, थाइल्यान्ड, इजरायल, मलेसियालगायतका धेरै देशलाई यस किसिमका विवरण उल्लेख गरी पठाएपछि मात्र निर्यातको ढोका खुलेको हो। तर, नेपालको भेटेरिनरी सेवाको कमजोर संरचना, सीमित जनशक्ति र कानुनी व्यवस्थाको कमजोरीका कारण सबै देशमा छुर्पीलाई निर्यात हुने वातावरण बनाउन सकिएको छैन।

छुर्पी निर्यातका लागि मौजुदा कानुन र समस्या : आज नेपालको करिब ८० प्रतिशत छुर्पी अमेरिका जान्छ र त्यहाँबाट अमेरिकन मेड बनेर युरोपका धेरै देशमा जान्छ। पशु तथा पशुजन्य पदार्थको उत्पादनलाई नियमन गर्नका लागि पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ छ। तर, उक्त ऐनमा गुणस्तरीय पशुजन्य पदार्थ उत्पादनका लागि हुनुपर्ने गुस्तर प्रमाणीकरणको व्यवस्था नहुँदा निर्यात प्रमाणीकरण गर्ने पशु सेवा विभागले उद्योग तथा उत्पादन मापदण्ड तोकी लागू गर्न ऐन संशोधन भइनसकेको अवस्था छ। त्यसैगरी, औषधि ऐनले पशुचिकित्सक तथा पशु स्वास्थ्य प्राविधिकहरूलाई नचिनेका



> भारतले समेत नेपालबाट छुर्पी आयात गर्छ र अमेरिकालगायतका देशमा बेच्छ। यस्तै, अमेरिकारले नेपालबाट किनेको छुर्पी आफैँ ब्रान्डिङ गरेर युरोपमा बेच्ने गरेको सुनिन्छ।

कारण औषधिको प्रेस्क्रिप्सनमा अन्योल देखिएको छ। विश्व पशु स्वास्थ्य संगठनले तोकेको मापदण्डअनुसार नेपालका पशुमा देखिने रोगहरूको रोकथाम तथा नियन्त्रण गरी स्वच्छ पशुजन्य पदार्थको उत्पादन र प्रमाणीकरणसहित निर्यात सुनिश्चित गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जोनिङ तथा कम्पार्टमेन्टलाइजेसनसम्बन्धी निर्देशिका २०७८ जारी गरेको छ। उक्त निर्देशिकाको कार्यान्वयन हुन सकेको अवस्थामा नेपालको छुर्पीमा मात्र होइन, कुनै पनि पशुजन्य उत्पादन निर्यातका लागि बाटो खुल्नेछ। उक्त निर्देशिकाको कार्यान्वयन गर्न कम्तीमा तोकिएको क्षेत्रमा तोकिएको रोगको खोप तथा उपचार नियमित हुनुपर्ने, रोगी पशुहरूको ओसारपसारलाई नियमन गर्नुपर्ने, नियमित पशुको नमुना लिई प्रयोगशाला परीक्षण गर्नुपर्ने, पशुमा प्रयोग हुने विशेष गरी खोप, एन्टिबायोटिक्स र हर्मोनको रेकर्ड नियमित राख्नुपर्ने हुन्छ। जसका लागि पशुपन्छी क्षेत्रको मौजुदा संघ प्रदेश र स्थानीय तहको संरचनाबाट काम गर्न सकिने अवस्था देखिँदैन।

समाधान : चीन तथा भियतनामलगायतका देशमा नेपालको बंगुर र भैँसीको मासुको माग उल्लेख्य छ। भारतमा छालाको निर्यात बर्सेनि बढिरहेको छ। अरेबियन देशले दुग्धजन्य पदार्थ र बाख्रोको माग गरिरहेका छन्। कुखुराको मासु तथा अन्डाको माग विश्वभर छ। यसका लागि पशुपन्छी क्षेत्रको बृहत् पुनर्संरचनाको आवश्यकता देखिन्छ। यदि साँच्चिकै नेपाली पशुजन्य पदार्थ विश्वका कुनाकाप्चामा पुऱ्याउने हो भने सबैभन्दा पहिले मौजुदा पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ लाई पशु तथा पशुजन्य पदार्थहरूको गुणस्तर प्रमाणीकरण तथा उत्पादन प्रक्रियाको नियमन गर्नेलगायतका विषय समेटी तत्काल संशोधन गर्नुपर्दछ। हरेक पालिकामा भेटेरिनरी अस्पताल स्थापना गर्नुपर्छ। प्राथमिक पशु स्वास्थ्यलाई वडास्तरमा पुऱ्याउनुपर्छ। प्रत्येक जिल्लामा आधारभूत प्रयोगशालासहितको गरिब किसानलाई विशिष्टीकृत पशुचिकित्सा सेवा दिने भेटेरिनरी अस्पतालको स्तरोन्नति गर्नुपर्दछ। नेपालमा सीमित नाकाबाट मात्र पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको आयात तथा निर्यात गराउने गरी पशु क्वारेन्टाइनको दीर्घकालीन गुरुयोजना, २०७६ ले सिफारिस गरेअनुरूप सीमा क्वारेन्टाइनलाई व्यवस्थित गर्दै आन्तरिक क्वारेन्टाइन चेकपोस्टहरू थप गर्नुपर्दछ। यसका साथै निर्यात गर्ने उद्योगहरूको वर्गीकरण गरी गुणस्तरीय उत्पादन र प्रमाणीकरणका लागि सरकारले कानुनी व्यवस्था गरी किसान तथा उद्यमीलाई अभिमुखीकरण गर्ने, सहुलियत ब्याजमा अनुदान दिनेलगायतका कार्यक्रमहरू ल्याउन जरुरी देखिन्छ। नेपालको उत्पादनलाई गुणस्तरको सीमा निर्धारण गरी पेटेन्ट तथा ट्रेडमार्क प्रदान गर्ने कार्यको सुरुवात गर्नुपर्दछ।

निष्कर्ष : मौजुदा पञ्चायतकालीन पशुपन्छी क्षेत्रको संरचना र करिब २५ वर्षदेखि संशोधन हुन नसकेका कानुनबाट आधुनिक तथा व्यावसायिक पशुपन्छी क्षेत्रको गुणस्तर नियमन, महामारी नियन्त्रण, उत्पादकत्वमा वृद्धि र निर्यात प्रवर्द्धन सम्भव देखिँदैन। त्यसकारण नेपालको संवैधानिक अधिकार क्षेत्रलाई ख्याल गर्दै तीनै तहमा बृहत् अन्तर्राष्ट्रियस्तरका पशु सेवा प्रदान गर्न सोहीअनुसारका संरचना तयारमा ध्यान दिनुपर्छ। अनि मात्र गरिब किसानको उत्पादनले नेपाललाई आत्मनिर्भर बनाउँदै अन्तर्राष्ट्रिय बजार पाउनेछ र आर्थिक समृद्धिको नारामा पशुपन्छी क्षेत्रले उल्लेख्य योगदान दिनेछ।

(शाही नेपाल पशुचिकित्सा परिषद्का रजिस्ट्रार हुन्)

समृद्धिमा आर्थिक सहभागिताको सवाल

छिटो समृद्धि ल्याउने हो भने आयात विस्थापन गरी दिगो आर्थिक विकास र प्रभावकारी कदममार्फत आर्थिक सहभागिता अपरिहार्य छ



• दीपक थापा

एक ध्ययनले कुल जनसंख्याको ६६ प्रतिशत कृषिमा रहेको देखाएको छ। जसमध्ये पूर्ण बेरोजगारीको दर ११.२ प्रतिशत, वैदेशिक रोजगारीमा जानेको संख्या १७ प्रतिशत तथा १० प्रतिशत व्यवसायजन्य क्रियाकलापमा संलग्न भएकामध्ये तीन प्रतिशत मात्र स्थापित भएका र ७ प्रतिशत प्रतिकूल व्यावसायिक अवस्थाका बीच गुज्रिरहेको देखाएको छ।

देशभित्र सञ्चालित आर्थिक व्यावसायिक गतिविधिमा संस्था वा व्यक्तिको सहभागितालाई आर्थिक सहभागिता भन्ने हो भने ११ प्रतिशत जनसंख्या मात्र आर्थिक क्रियाकलापबाट बाहिर रहेको देखिन्छ। आर्थिक संलग्नताले व्यक्ति वा व्यावसायिक संस्थाको आर्थिक स्थितिलाई सुधार गरी बलियो बनाउन सहयोग गर्छ। समृद्धिका लागि यो मूलमन्त्र नै हो।

आर्थिक स्रोतमा पहुँच वृद्धि गरी भएको सहभागिताले आर्थिक, स्वास्थ्य र सामाजिक अवसर प्रदान गर्छ। तर, देशमा उपलब्ध आर्थिक स्रोतसाधनमा वास्तविक सरोकारवालाको पहुँच कम हुँदा र सीमित व्यक्तिले व्यक्तिगत तथा कुनै संस्थाको नाममा यस्ता साधनमाथि एकाधिकार जमाउँदा जनसंख्याको थोरै मात्र प्रतिशत आर्थिक क्रियाकलापबाट बाहिरिएको देखिए पनि अर्थतन्त्र जर्जर भएको छ। केही व्यक्ति आर्थिक क्रियाकलापमा संलग्न भई आर्थिक प्रगतिद्वारा समाजमा आफ्नो मानसम्मान र पहिचान स्थापित गरेका छन्। आर्थिक सहभागितामार्फत उद्यमशील बनी कोही प्रशासनिक, राजनीतिक, शैक्षिक व्यावसायिक हरेक क्षेत्रमा स्थापित भएका अनगिन्ती उदाहरण छन्। आर्थिक सहभागिताले व्यक्तिगत जीवन मात्र नभई अरूको जीवन जिउने आधार पनि दिन्छ। आर्थिक सहभागिताभित्र व्यक्तिगत र संस्थागत दुवै किसिमका सहभागितालाई समेट्न सकिन्छ। सामान्यतया व्यक्तिगत आर्थिक क्रियाकलापभित्र पुँजीलाई विभिन्न क्षेत्रमा लगानी गरी पुँजी वृद्धि गर्ने, व्यापार गर्ने, व्यवसाय खोल्ने, रोजगारी गर्ने, आफूमा भएको विशेषज्ञता सेवा प्रदान गर्ने, उत्पादन गर्ने कार्य पर्छन्। त्यस्तै, संस्थागत आर्थिक क्रियाकलापमा व्यापारिक संस्था, गैरसरकारी संस्था, निगम तथा सामाजिक संस्था अर्धसरकारी निकायका आर्थिक क्रियाकलाप पर्छन्। संस्थाहरू बजारचक्रमा भाग लिई उत्पादन, वितरण, बजार प्रबन्धनसहितका क्रियाकलाप सञ्चालन गर्छन्। सामाजिक, शैक्षिक, पर्यावरणीय, स्वास्थ्य आदि सेवा प्रदान, सडक निर्माण, विद्युत् जडान, जलवायु अनुसन्धान, शिक्षा, स्वास्थ्य क्षेत्रमा वित्तीय प्रबन्धन, लेखापरीक्षण, आर्थिक प्रबन्धन, अनुसन्धान र प्राविधिक काम, गरिबी निवारणजस्ता गतिविधि सञ्चालन गरी आर्थिक क्रियाकलापमा संलग्न हुन्छन्। समृद्धिमा महत्वपूर्ण औजार, संस्थागत आर्थिक सहभागिताले आर्थिक क्रियाकलाप व्यवस्थित रूपमा चलायमान बनाई छिटो समृद्धि ल्याउन सहयोग गर्छ।

वास्तवमा गुणात्मक आर्थिक सहभागिताले मात्र देशको अर्थतन्त्रमा योगदान गर्न सक्छ। गुणात्मक आर्थिक सहभागिता नहुँदा तथ्यांकमा देखिएको वास्तविकताका बाबजुद नवप्रवर्तन, उद्यमी, आर्थिक सिर्जनशीलता र आर्थिक अवसर वृद्धि गर्न देश पछाडि परेको छ। राज्यको अस्पष्ट नीति र राजनीतिक नेताको अक्षमताका कारण थुप्रै जनशक्ति र प्रतिभा विदेश पलायन भएका छन्। जसमा प्राविधिक, शिक्षित, विभिन्न सीप तथा विशिष्ट क्षमताका विज्ञ, सक्षम लगानीकर्ता, कुशल प्रशासक आदि छन्।

वर्तमान अर्थ व्यवस्थामा आर्थिक सहभागिताको भूमिका : नेपालमा अहिले आर्थिक सहभागिताको विषय अत्यन्तै गम्भीर बनेको छ। आर्थिक गतिविधि ठप्प हुँदा आर्थिक संकट खडा भएको छ। सरकारले राजस्व संकलन वृद्धि गर्न घरजग्गा, सेयर कारोबार, आयातीत सामानको भन्सार करजस्ता अनुत्पादक क्षेत्रको सहयोग लिनुपर्ने र विदेशबाट आएको विप्रेषणको भरमा अर्थतन्त्र चलाउनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ।



योजनामा स्पष्ट सोच, कार्यक्रमबाट हुने दीर्घकालीन लाभको विषयमा अनभिज्ञता र सरोकारवालाहरूको चासो र आर्थिक सहभागितालाई नसमेट्दा आर्थिक तथा सामाजिक गतिरोध पनि सिर्जना भएको छ। जनताको सरोकारविनाको विकासले चरम निराशा छाएको छ। तसर्थ, प्रभावकारी तथा फलदायी योजना वृद्धि गरी यसको व्यवस्थापन र उपलब्ध स्रोतसाधनको उचित परिचालनमार्फत समयमै समृद्धि ल्याउन आर्थिक संलग्नता अपरिहार्य बनेको छ। अहिले लघुवित्त, सहकारी, बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार, सरकार, संघसंस्थाको गतिविधिले आर्थिक सहभागितामा जनताको सहभागिता विस्तार भएको छ। आर्थिक सहभागिताले व्यावसायिक क्रियाकलापलाई वृद्धि गरी उत्पादन बढाउन तथा प्रवर्द्धन गर्न सहयोग पुऱ्याउँछ।

हालसम्म ८९४७ उद्योग दर्ता भएका छन्। तर, देशले १० प्रतिशत उपभोग्य वस्तु पनि आन्तरिक उत्पादनबाट पाउन सकेको छैन। ९० प्रतिशत उपभोग्य वस्तु आयातीत हुनाले गुणात्मक आर्थिक सहभागिताको कमी रहेको देखिन्छ। उत्पादन कम हुनु र आयात बढ्नुले जनताको आर्थिक सहभागितामा कमजोर पक्षको संकेत गर्छ।

सन् १९६० सम्म भोकमरीको स्थितिमा रहेको र नेपालले खाद्यान्नसमेत सहयोग गरेको दक्षिण कोरियाले सन् २०२३ मा आइपुग्दा अभूतपूर्व आर्थिक सफलता हासिल गरेको छ। यसको पछाडि जनतालाई आर्थिक सहभागितामा जोड गराउने राज्यको नीतिले प्रमुख भूमिका खेलेको पाइन्छ। आर्थिक सहभागिताको भूमिकालाई निम्न बुँदामा समेट्न सकिन्छ :

सामाजिक प्रतिष्ठाका निम्ति : आर्थिक क्रियाकलापमा संलग्न जनताको आर्थिक क्षमता वृद्धि भई सामाजिक समानता प्राप्त गर्न सहयोग

> कुनै वेला नेपालले खाद्यान्नसमेत सहयोग गरेको दक्षिण कोरियाले सन् २०२३ मा आइपुग्दा अभूतपूर्व आर्थिक सफलता हासिल गरेको छ। यसको कारण हो, जनतालाई आर्थिक सहभागितामा जोड गराउने राज्यको प्रमुख नीति।

पुऱ्याई सामाजिक प्रतिष्ठा वृद्धि गर्छ।

लगानीको अवसर : आर्थिक सहभागिताले व्यक्ति र संस्थाको आर्थिक सामर्थ्य बढाउनुका साथै पुँजी क्षमता पनि बढाउँछ। यसले व्यवसायमा लगानीका थप अवसरको ढोका खोल्छ।

बेरोजगारी कम गर्न : आर्थिक गतिविधिमा जनता संलग्न भए यसले बेरोजगारीको अवस्था कम गर्छ। राज्यले यो खालको अवसर र वातावरण तयार गर्न ध्यान दिनुपर्छ। संस्थागत आर्थिक सहभागिताले नयाँ व्यवसाय स्थापना र रोजगार सिर्जना गर्न महत पुऱ्याउँछ।

क्षमता अभिवृद्धि : जनताको आर्थिक सहभागिताले गाँस, वास, कपासजस्ता आधारभूत आवश्यकता पूर्ति गर्न सहयोग गर्ने हुँदा यसले शिक्षा, स्वास्थ्य तथा नैसर्गिक अधिकारको सुनिश्चितता गर्न सहयोग गरी क्षमता अभिवृद्धिसमेत गर्छ।

आर्थिक अवसर सिर्जना गर्न : आर्थिक सहभागिताले आर्थिक सशक्तीकरणमार्फत समृद्धिका निम्ति समाजको उन्नति र विकासका लागि अवसर सिर्जना गर्छ।

प्रविधि र अध्ययन अनुसन्धानमा बढोत्तरी : प्रविधिको प्रयोग वा खोज अनुसन्धानमा जोड दिन प्रेरित गरी आर्थिक सुरक्षा तथा अध्ययन अनुसन्धानलाई बढाउँछ।

आर्थिक सहभागिताको अवस्था : नेपालमा हालसम्म २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ बित्त कम्पनी, ५७ लघुबित्तसहित थुप्रै गैरसरकारी संस्था, थोरै संख्यामा अर्धसरकारी निकाय, कम्पनी, उद्योग र सरकारले आर्थिक गतिविधिलाई अगाडि बढाएका छन्। अहिलेको संघीय शासन पद्धतिमा समानता, समावेशीकरण, जातीय, लैंगिक, क्षेत्रीय, भाषिक, गरिब, किसान, पिछडिएका वर्गसहित राज्यको नेतृत्वमा भएको विकासले आर्थिक सहभागिताका निम्ति अनुकूल वातावरण तयार गरेको छ। तर, बढ्दो भ्रष्टाचार, घुस र अनियमितताबीच राजनीतिक नेताको अदूरदर्शिताले आर्थिक निराशा त छाएको छ नै, समृद्धि पनि चुनौतीपूर्ण बनेको छ।

श्रमशक्तिको सहभागिताको दर तुलनात्मक रूपमा बढेको देखिन्छ। यसले मानिसको आर्थिक सहभागिता बढेको देखाउँछ।०६८ को जनगणनामा ५३.६ प्रतिशत रहेकोमा श्रमशक्तिको सहभागिताको दर ०७८ मा आइपुग्दा ६५.५ प्रतिशत पुग्नाले समृद्धिमा लगानी जुटाउन सक्ने आधार थप मजबुत भएको देखिन्छ।

कुल जनसंख्याको करिब ८२.२ प्रतिशत (१० वर्षभन्दा माथिको) जनसंख्यालाई विकास निर्माणमा समावेश गर्न सके वा सक्रिय आर्थिक गतिविधिमा सहभागी गराउन सके लगानीको कमीलाई समाधान गरी अर्थतन्त्रलाई अगाडि बढाउन सकिन्छ।

निष्कर्ष : देशमा छिटो समृद्धि ल्याउने हो भने आयात विस्थापन गरी दिगो आर्थिक विकास र प्रभावकारी कदममार्फत आर्थिक सहभागिता अपरिहार्य छ। उपलब्ध स्रोतसाधनलाई सदुपयोग गरी अवसर सिर्जना गर्न, विकासमा जनताको योगदान र लगानी वृद्धि गर्न, लगानीको अभाव कम गर्न र विकासलाई गति दिई समृद्धि ल्याउन जनताको आर्थिक सहभागिता नै महत्वपूर्ण हतियार हो।

(थापा अर्थशास्त्रका प्राध्यापक हुन्)

अर्थ इतिहास

कहिले भएको थियो राजस्व विभागको स्थापना

राजस्व विभागको स्थापना ०५० सालमा भएको हो। यो विभाग स्थापना हुनुपूर्व राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले ०३४ सालमा अर्थ मन्त्रालयमा राजस्व अनुसन्धान महाशाखाको स्थापना भएको थियो। पछि राजस्व चुहावट नियन्त्रण गर्न एक विशिष्टीकृत निकायका रूपमा अर्थ मन्त्रालयअन्तर्गत राजस्व अनुसन्धान विभागको स्थापना भएको हो। सुरुवातमा कर राजस्व चुहावटसम्बन्धी अनुसन्धान तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकार पाएको विभागले आव ०६५/६६ देखि गैरकर राजस्व चुहावटसम्बन्धी अनुसन्धान तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकारसमेत प्राप्त गरेको छ। साथै, नेपाल सरकारले विदेशी विनिमयसम्बन्धी कसुरका सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नका लागि विभागका महानिर्देशक वा निजले तोकेका यसै विभाग वा अन्तर्गतका अधिकृतलाई अनुसन्धान अधिकारी तोकेको छ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली २०७० तथा विदेशी विनिमय ऐन २०१९ र विदेशी विनिमय नियम २०२० बमोजिम राजस्व चुहावट तथा विदेशी विनिमय अपचलनसम्बन्धी कसुरमा अनुसन्धान, तहकिकात र अभियोजन गर्ने क्षेत्राधिकार यस विभागलाई तोकेको छ।

अर्थ ज्ञान

देशभर ठूला सडक कति ?

असारसम्म देशभर राष्ट्रियस्तरका ३४ हजार दुई सय ३९ सडक बनेका छन्। त्यसमा १८ हजार ५२ सडक कालोपत्रे छन्। यसैगरी, ग्राबेल सडक सात हजार ६ सय ९६ र आठ हजार चार सय ९१ किमि रहेको छ। कालोपत्रे सडकको लम्बाइ १८ हजार ६ सय दुई किमि पुऱ्याउने सरकारको लक्ष्य छ।


यो स्थानीयस्तरमा बनेकोभन्दा फरक सडको हो। स्थानीयस्तरमा ६६ हजार किमिभन्दा बढी सडक छ। त्यसमा ४७ हजार तीन सय २० भन्दा बढी सडक कालोपत्रे छन्। स्थानीय र राष्ट्रियस्तरका गरेर एक लाख किमिभन्दा बढी सडक छन्। पुलको संख्या भने दुई हजार दुई सयभन्दा बढी छ।

सेयर बजार

२७ भदौ ०८०

नेप्से २,००७.०६ ^ ३९.४८ २.००%

कारोबार रकम	जम्मा सेयर
१,४९,५५,२१,९०५.७७	५१,४४,७२४



[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं। email: arthapatrika@gmail.com]

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २८ भदौ ०८०

साढे दुई वर्षमा निर्माण सक्नुपर्ने हुलाकी राजमार्गको ६४ किमि सडक ६ वर्षसम्म अधुरै

कञ्चनपुरमा हुलाकी राजमार्गको ६४ किलोमिटरलाई तीनवटा खण्डमा विभाजन गरेर छुट्टाछुट्टै ठेक्कामार्फत निर्माण भइरहेको छ। पाँचपटक म्याद थप हुँदा पनि हालसम्म कुनै खण्डको काम पूरा भएको छैन, छैटौँपटक म्याद थप्ने तयारी।

धनगढीमा **तेजराज भट्ट**

साढे दुई वर्षमा निर्माण सक्नुपर्ने हुलाकी राजमार्गको ६४ किलोमिटर दूरीको कञ्चनपुर खण्ड ६ वर्षसम्म अधुरै छ। यसबीचमा पाँचपटक म्याद थप गरिएकामा निर्माण कम्पनीले छैटौँपटक म्याद थपका लागि हुलाकी राजमार्ग आयोजना कार्यालय धनगढीमा निवेदन दिएका छन्। कार्यालयले पनि म्याद थपका लागि तयारी अगाडि बढाएको छ।

कञ्चनपुरमा हुलाकी राजमार्गको ६४ किलोमिटरलाई तीनवटा खण्डमा विभाजन गरेर छुट्टाछुट्टै ठेक्कामार्फत निर्माण भइरहेको छ। हालसम्म कुनै पनि खण्डको काम पूरा भएको छैन। ४० किलोमिटर मात्र कालोपत्रे भएको छ। कालोपत्रे भएका ठाउँमा पनि सडकछेउतिर तारजाली लगाउने, राजमार्गसँग जोडिएका शाखा सडकको केही मिटर कालोपत्रे गर्ने, ट्राफिक संकेतसहित रडरोगन गर्ने, पोस्ट राख्नेलगायत काम भएका छैनन्।

पाँचौपटक थप गरिएको अवधि सकिए पनि निर्माण कम्पनी काममा नफर्किँदा लामो समयदेखि निर्माण कार्य ठप्प छ। कालोपत्रे भएका ठाउँमा पनि थप काम अलपत्र परेको स्थानीयले बताएका छन्।

पुनर्वास नगरपालिकाको डोकेबजारदेखि बेलौरी नगरपालिकाको बुटाबारीसम्म पर्ने पहिलो खण्डको २० किलोमिटर सडक कालोपत्रे पूरा भएको छ। यो खण्डमा शाखा सडक कालोपत्रे गर्ने, तारजाली लगाउने, पोस्ट बनाउने, ट्राफिक संकेतसहित रडरोगन गर्नेलगायतका काम एक वर्षदेखि अलपत्र रहेका आयोजना कार्यालयले जनाएको छ। राजमार्गसँग जोडिएका शाखा सडक २० मिटरसम्म कालोपत्रे गर्नुपर्ने सम्झौता छ।

१ चैत ०७३ मा ३० महिनाभित्र काम सक्ने सर्तसहित शर्मा-राजेन्द्र जेभीसँग निर्माण सम्झौता भएको आयोजनाका सूचना अधिकारी दीपक सुनारले जानकारी दिए। यो खण्डमा पाँचौँपटक थप गरिएको अवधि गत पुसमा सकिएको उनले बताए। ३६ करोड ४७ लाखमा ठेक्का सम्झौता भएकोमा निर्माण कम्पनीले २९ करोड २१ लाख भुक्तानी लगिसकेको छ। पहिलो खण्डमा ८९ प्रतिशत भौतिक प्रगति भएको आयोजना कार्यालयले जनाएको छ। निर्माण कम्पनीले आगामी चैत मसान्तसम्म म्याद थपका लागि निवेदन दिएको छ।

बेलौरीदेखि बेलडाँडीसम्मको २० किलोमिटर खण्ड साढे १० किलोमिटर कालोपत्रे भएको छ। कालोपत्रे भएको खण्डमा तारजाली लगाउनेजस्ता सडक सुरक्षा र ट्राफिक संकेतलगायतका काम भएका छैनन्। यो खण्डमा पनि पाँचौँपटक थपिएको म्याद गत असारमा सकिएको थियो। निर्माण कम्पनी बाबाहंश-सिद्धि शाही जेभी पाँचौँपटक म्याद थप गर्दा पनि काममा फर्केनन्।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

लामो समयसम्म काम नगरेर सम्पर्कविहीन भएपछि आयोजना कार्यालयले निर्माण कम्पनीलाई कारबाहीका लागि यसअघि सूचना नै प्रकाशित गरेको थियो। तर, सार्वजनिक खरिद ऐन संशोधन गरेर पुराना ठेक्काको अवधि बढाइएपछि थप समय पाएको थियो। निर्माण कम्पनी काम नगरेर सम्पर्कविहीन हुने गरेको आयोजनाका सूचना अधिकारी सुनारले बताए। 'यसअघि नै ठेक्का तोड्ने प्रयास गरेका थियौँ। म्याद थप भएपछि काम गर्न पटकपटक ताकेता गरेका छौँ, तर काम भएको छैन,' उनले भने। यो निर्माण कम्पनीले पनि चैत मसान्तसम्म म्याद थपका लागि आयोजना कार्यालयमा निवेदन दिएको छ। दोस्रो खण्डमा ७५ प्रतिशत भौतिक प्रगति भएको आयोजना कार्यालयले जनाएको छ।

दोस्रो खण्डमा पनि साढे दुई वर्षकै समय दिएर १२ फागुन ०७३ मा सम्झौता भएको थियो। यो खण्डमा ७५ प्रतिशत भौतिक प्रगति भएको आयोजनाका इन्जिनियर बर्खबहादुर कठायतले बताए। सम्झौताको ४१ करोड ४१ लाख रुपैयाँमध्ये २९ करोड ४६ लाख रुपैयाँ भुक्तानी दिइएको उनले जानकारी दिए। दोस्रो खण्डको केही ठाउँमा सडक निर्माणमा भारतीय सीमासुरक्षा बल एसएसबीले भारतीय क्षेत्र भन्दै अवरोध गर्ने गरेको छ।

बेलडाँडीदेखि दैजीसम्म तेस्रो खण्डको २४ किलोमिटरमध्ये साढे नौ किलोमिटर कालोपत्रे भएको इन्जिनियर कठायतले जानकारी दिए। यो खण्डमा पनि पाँचौँपटक थपिएको अवधि गत असारमा सकिएको छ। आयोजना कार्यालयका अनुसार निर्माण कम्पनीले आगामी असारसम्म म्याद थपको मागसहित निवेदन दिएको छ। साढे दुई वर्षको समय सीमासहित चैत ०७३ मा शर्मा-राजेन्द्र जेभीसँग निर्माण सम्झौता भएकोमा हालसम्म करिब ७५ प्रतिशत मात्र भौतिक प्रगति भएको इन्जिनियर कठायतले बताए। ८० करोड ५७ लाख ठेक्का सम्झौता रकममध्ये २८ करोड २१ लाख भुक्तानी भएको आयोजना कार्यालयले जनाएको छ।

पहिलो र तेस्रो खण्डमा काम गरिरहेको राजेन्द्र निर्माण सेवा नेपाली काँग्रेस डडेल्धुराका सभापति भीमबहादुर साउदको कम्पनी हो। त्यस्तै, दोस्रो खण्डमा काम गरिरहेको सिद्धि-शाही नेपाली काँग्रेस डोल्पाका सभापति दीपेन्द्रबहादुर शाहीको निर्माण कम्पनी हो।

हुलाकी राजमार्ग आयोजना कार्यालय धनगढीका प्रमुख सविन जोशीले सकेसम्म अहिलेकै ठेक्काबाट काम गराउने प्रयास गरिने बताएका छन्। ठेक्का तोड्नु उपयुक्त भए पनि नयाँ प्रक्रियामा जाँदा अर्थ मन्त्रालयबाट सहमति पाउन गाह्रो हुने भएकाले काम गरिरहेकै कम्पनीले पूरा गरून् भन्ने चाहेको उनले बताए। 'ठेक्का तोडेपछि नयाँ परियोजनाका रूपमा सुरु गर्नुपर्छ, त्यसका लागि अर्थ मन्त्रालयबाट सहमति पाउन गाह्रो छ,' उनले भने, 'अहिलेकै कम्पनीले काम गरून् भन्ने हो, अब काम नगरे ठेक्का तोड्नुको विकल्प हुँदैन।'

■ निर्माणको काम कैलालीमा पनि सुस्त

कैलालीमा पनि हुलाकी राजमार्ग स्तरोन्नतिको काम सुस्त छ। लम्कीदेखि टीकापुरको सत्तीसम्म हुलाकी राजमार्गको लिंक रोड र धनगढीदेखि टीकापुरसम्म राजमार्गको विभिन्न खण्डमा सातवटा प्याकेजमा काम भइरहेको छ। दुई प्याकेज अन्यको काम सन्तोषजनक नरहेको आयोजना कार्यालयले जनाएको छ।

सातवटै प्याकेजमा थप गरिएको अवधि आगामी मंसिरमा सकिने भए पनि हालसम्मको भौतिक प्रगति हेर्दा उक्त अवधिमा दुईवटा प्याकेजको काम मात्र पूरा हुने देखिएको आयोजनाका सूचना अधिकारी सुनारले बताए। धनगढी क्याम्पस चोकदेखि पूर्वको प्याकेज र लम्की-खत्रौला लिंक रोडअन्तर्गत लम्कीदेखिको पहिलो प्याकेजको काम सम्पन्न हुने चरणमा रहेको उनले जानकारी दिए।

सिमरा, भरतपुर र जुम्ला विमानस्थलमा हवाई इन्धन उपलब्ध गराउँदै निगम

अजित अधिकारी/नयाँ पत्रिका

नेपाल आयल निगमले सिमरा, भरतपुर र जुम्ला विमानस्थलबाट उडान तथा अवतरण गर्ने हवाईजहाजलाई इन्धन उपलब्ध गराउने भएको छ। हाल ती स्थानमा इन्धन भर्ने सुविधा नहुँदा हवाईजहाजले काठमाडौँबाटै दुईतर्फी उडानका लागि आवश्यक इन्धन बोक्ने गरेका छन्।

आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले तीनवटै विमानस्थलमा चाँडै रिफ्युलर (हवाईजहाजमा इन्धन भर्ने ट्यांकर) पठाएर इन्धन सुविधा प्रदान गर्न लागिएको जानकारी दिए। 'यी विमानस्थलमा इन्धन भर्ने सुविधा छैन। इन्धन भर्ने सुविधाको माग गर्दै स्थानीय तह, नागरिक उड्डयन प्राधिकरणमातहतको विमानस्थल कार्यालय र हवाईजहाज कम्पनीले लिखित पत्राचार गरेका छन्,' उनले भने, 'अब सकेसम्म दसैँअगाडि नै अस्थायी रूपमा भए पनि इन्धन भर्ने सुविधा प्रदान गर्न थालिहाल्छौँ, यसबाट यात्रु र विमान कम्पनीलाई सहज हुने विश्वास छ।'

आयल निगमले धेरै तेल खपत हुने भद्रपुर, विराटनगर, जनकपुर, काठमाडौँ, पोखरा, भैरहवा, नेपालगन्ज, धनगढीलगायतका विमानस्थललाई उच्च प्राथमिकता दिएर विमानस्थल परिसरमै हवाई इन्धन डिपो स्थापना गरेको छ। तर, थोरै इन्धन खपत हुने विमानस्थलमा हवाई इन्धन डिपो राख्न चासो नदिँदा विमान कम्पनी र यात्रुले दुःख पाउँदै आएका छन्।

सिमरा विमानस्थल प्रमुख सूर्यबहादुर खत्रीले यात्रु र विमान कम्पनीको सहजताका लागि इन्धन भर्ने सुविधा अपरिहार्य भएको बताए। 'सिमरामा दैनिक कम्तीमा नौवटा उडान हुने गरेका छन्। यहाँ आउने-जाने जहाज काठमाडौँबाट तेल बोकेर आउन बाध्य छन्,' खत्रीले भने, 'सधैँ यसरी नै दुईतर्फी तेल बोकेर विमान कम्पनीलाई सेवा दिन गाह्रो हुन्छ। त्यसैले सिमरा विमानस्थलमा इन्धन भर्ने सुविधा उपलब्ध गराउन आयल निगमलाई हामीले पत्राचार पनि गरेका छौँ।'

सबैभन्दा नजिक र सीधा हवाई रुट सिमरा विमानस्थलमा इन्धन भर्ने सुविधा भए प्रतिकूल मौसमका बेला विमान डाइभर्ट गर्न धेरै सजिलो हुने खत्रीको भनाइ छ। अहिले काठमाडौँ विमानस्थलमा कुनै समस्या भए जहाजलाई विराटनगर विमानस्थलमा अवतरण गराउने गरिएको छ।





विमान कम्पनीलाई चाहिने हवाई इन्धन उपलब्ध गराउने दायित्व आयल निगमको हो। अधिकांश विमानस्थलमा निगमले इन्धन डिपो राखेर विमानलाई हवाई इन्धन उपलब्ध गराइरहेका छौँ। अहिले सिमरा, भरतपुर र जुम्लाबाट माग आएकाले जतिसक्दो चाँडो यी विमानस्थलमा हवाई इन्धन उपलब्ध गराउन सुरु गर्छौँ। यहाँ डिपो राख्दा हुने नाफा-घाटा नहेरी विमान कम्पनी र यात्रुको सेवालाई ध्यान दिनेछौँ।

● **उमेशप्रसाद थानी**, कार्यकारी निर्देशक, नेपाल आयल निगम लिमिटेड

केही समयअघि सिमराबाट उडेको एउटा जहाज काठमाडौँमा मौसम प्रतिकूल हुँदा आकाशमै सात फन्को लगाएको थियो। मौसममा सुधार नआएपछि सो विमान विराटनगर विमानस्थलमा अवतरण गराइएको थियो। सिमरामा इन्धन भर्ने सुविधा नहुँदा लामो दूरीको विराटनगरमा अवतरण गराउँदा यात्रु र विमान कम्पनीले अनावश्यक दुःख पाएका थिए।

'सिमरामा तेल भर्ने सुविधा नहुँदा अहिले विराटनगरजस्तो लामो दूरीमा लगेर जहाजलाई आकस्मिक अवतरण गराउनुपर्ने बाध्यता छ। यहाँ तेल भर्ने सुविधा हुनासाथ काठमाडौँ विमानस्थलमा प्रतिकूल मौसम हुँदा बढीमा १५ मिनेटको दूरीमा रहेको सिमरामा ल्यान्ड गराउन सकिन्छ,' सिमरा विमानस्थल कार्यालय प्रमुख खत्रीले भने। आयल निगमको अध्ययनअनुसार सिमरा र भरतपुरमा दैनिक करिब पाँच-पाँच हजार लिटर हवाई इन्धन खपत हुन्छ। जुम्लामा भने कार्गो विमान र हेलिकोप्टरको उडानले खपत परिमाण घटबढ हुने गरेको छ।

स्थानीय तह, विमानस्थल र विमान कम्पनीको पत्राचार

काठमाडौँबाट सबैभन्दा नजिक र सीधा हवाई रुट रहेको सिमरा र भरतपुर विमानस्थलमा विमानलाई इन्धन भर्ने सुविधा जडान गर्न वायुसेवा सञ्चालक संघ, नेपालले बिहीबार आयल निगमलाई पत्राचार गरेको छ। दुवै विमानस्थलमा यथाशीघ्र इन्धन भर्ने सुविधा भए जहाज र यात्रुलाई सहज हुने संघको भनाइ छ।

त्यस्तै, बुद्ध एयरले २१ भदौमा निगमलाई पत्र लेख्दै सिमरा विमानस्थलमा इन्धन भर्ने सुविधा भए उडान संख्या बढाउन सक्ने र आन्तरिक विमानस्थलको सबैभन्दा भरपर्दो वैकल्पिक विमानस्थल हुने बताएको छ। त्यस्तै, सिमरा नागरिक उड्डयन कार्यालयले २२ भदौमा, १७ भदौमा जितपुर-सिमरा उपमहानगरपालिका र १९ भदौमा उद्योग वाणिज्य महासंघको मधेश प्रदेश समितिले समेत पत्राचार गर्दै सिमरामा हवाई इन्धन भर्ने सुविधा जडान गर्न माग राखेका छन्।

चाडपर्वलाई भन्सार सहुलियतमा २० हजार टन चिनी आयात हुने

काठमाडौँ/ आसन्न दसैँ, तिहार र छठ पर्वका लागि सरकारले २० हजार टन चिनी भन्सार सहुलियतमा आयात गर्न दुई सरकारी संस्थानलाई अनुमति दिएको छ।

अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई १० हजार र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई १० हजार टन चिनी ५० प्रतिशत भन्सार छुटमा आयात गर्न स्वीकृति दिइएको हो। 'आसन्न चाडपर्वमा उपभोक्तालाई सहुलियत मूल्यमा चिनी उपलब्ध गराउने उद्देश्यले तोकिएको भन्सारदरभन्दा कममा आयातको स्वीकृति दिइएको हो,' उनले भने।

दुवै संस्थानले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत यो वर्षका लागि ६० हजार टन चिनी भन्सार सहुलियतमा आयातका लागि अनुमति मागेका थिए। तर, अर्थले २० हजार टनको मात्रै स्वीकृति दिएको हो। भन्सार छुटमा आयात भएको चिनी सरकारले सञ्चालन गर्ने सुपथ मूल्य पसलबाट बिक्री हुनेछ।

विगतमा पनि सरकारले भन्सार छुटमा चिनी आयात गर्न दिने गरेको थियो। विगतका वर्षमा चिनीको मूल्य बजारभाउभन्दा पाँच रुपैयाँ प्रतिकिलो सस्तोमा बिक्री हुने गरेको थियो। यो वर्ष भने अर्थले निकै ढिला गरी स्वीकृति दिएकाले समयमै चिनी आयात गर्न कठिनाइ हुनेछ।

ऊर्जामा लगानी गर्न कोरियाली लगानीकर्तालाई मन्त्रीको आग्रह

काठमाडौँ/ ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको ऊर्जा क्षेत्रमा थप लगानी गर्न दक्षिण कोरियाका लगानीकर्तालाई आग्रह गरेका छन्। २१६ मेगावाटको माथिल्लो त्रिशुली-१ आयोजनाको मुख्य लगानीकर्ता कोरिया साउथ-इस्ट पावर (कोइन)का सभापति एवं प्रमुख कार्यकारी अधिकृत होउ चुन किमसँगको भेटघाटमा मन्त्री बस्नेतले यस्तो आग्रह गरेका हुन्। भेटमा वैदेशिक लगानीका लागि नेपाल उपयुक्त गन्तव्य रहेको बताउँदै उनले थप केही महत्त्वपूर्ण आयोजनामा लगानी विस्तार गर्न आग्रह गरे। सरकारले वैदेशिक लगानीका लागि आवश्यक वातावरण बनाएको र लगानीको प्रतिफल फिर्ताका लागि समेत सहज व्यवस्था रहेको उनले जानकारी दिए।

नेपाल र दक्षिण कोरियाबीचको द्विपक्षीय सम्बन्ध मैत्रीपूर्ण रहेको उल्लेख गर्दै मन्त्री बस्नेतले कोरियाली प्रविधि, सीपबाट नेपालले समेत फाइदा लिन सक्ने बताए। माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजनालाई सहज रूपमा अगाडि बढाउन सरकारको तर्फबाट पूर्ण सहयोग रहने र समयसीमाभित्रै आयोजना सम्पन्न गर्न मन्त्री बस्नेतले आग्रह गरे। सरकारले वैदेशिक लगानी सहजीकरणका लागि कानुनी सुधार गरेको जानकारी दिँदै उनले निर्माणाधीन माथिल्लो त्रिशुली-१ आयोजनाजस्तै अन्य ठूला आयोजनामा लगानी गर्न अनुरोध गरे।

सो आयोजनाको मुख्य लगानीकर्ता कोरिया साउथ-इस्ट पावर (कोइन)का सभापति एवं प्रमुख कार्यकारी अधिकृत होउ चुन किमले नेपालको जलस्रोतको प्रयोगले आर्थिक समृद्धि हासिल गर्न र जलवायु परिवर्तनको असर न्यूनीकरणमा ठूलो योगदान गर्ने बताए। उनले अन्य कोरियाली लगानीकर्तालाई नेपाल सुरक्षित गन्तव्य भएको विश्वास दिलाउने र थप लगानीका लागि पहल गर्ने विश्वास दिलाए। 'म यहाँबाट फर्केपछि कोरियाली लगानीकर्तालाई नेपालमा लगानी गर्न थप आग्रह गर्नेछु। त्यसको उदाहरणका रूपमा माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजना हो भन्ने विश्वास दिलाउँछु,' उनले भने। मंगलबार मात्रै शिलान्यास गरिएको आयोजनाको भौतिक प्रगति २२ प्रतिशत रहेको छ।

रसुवाको आमाछोदिङमो गाउँपालिका-१ हाकुमा बाँधलगायतका संरचना र उत्तरगया गाउँपालिका-१ मा भूमिगत विद्युत्गृहलगायतका संरचना निर्माणाधीन छन्। काठमाडौँ लोड सेन्टरबाट नजिक रहेको र विद्युत्को अद्यावधिक माग हुने हिउँदमा समेत १०४ मेगावाट विद्युत् प्राप्त हुने भएकाले मुलुकको विद्युत् प्रणालीका लागि आयोजना अत्यन्तै आकर्षक मानिएको छ। आयोजनाबाट वर्षभरि नै १०४ मेगावाट स्थिर (फार्म) ऊर्जा प्राप्त हुनेछ।

अर्थतन्त्र सकारात्मक दिशाउन्मुख छ : अर्थमन्त्री



काठमाडौँ/ अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्र सकारात्मक दिशाउन्मुख रहेको बताएका छन्। सरकारले गरेको अर्थतन्त्र सुधारका कार्यको नजिता आउन अझ केही समय लाग्नेसमेत उनले बताए।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)को नवनिर्वाचित कार्य समितिसँगको अन्तर्क्रियामा अर्थमन्त्री डा. महतले यस्तो बताएका हुन्। 'पेनफुल छ, स्लो छ, तर पोजेटिभ डिरेक्सनमा छ,' उनले भने, कार्यान्वयनमा केही तगारा पनि छन्, त्यसकारण अपेक्षाअनुसार नतिजा देखिन समय लाग्छ।' रेमिट्यान्स बढेको भए पनि पुँजीबजार तथा घरजग्गामा समेत लगानी आउन नसक्नुको कारण लगानीकर्तामा केही हिचकिचाहट रहेको उनले उल्लेख गरे।

उनले अर्थतन्त्र चलायमान बनाउन आत्मविश्वास बढाउन जरुरी रहेकोसमेत बताए। अहिले लगानीकर्ता पर्ख र हेरको अवस्थामा रहेको भन्दै यसमा राष्ट्र बैंकले लिने नीतिको ठूलो भूमिका रहने बताए। 'राष्ट्र बैंकले धेरै नै माइक्रो लेवलमा कस्न खोज्दा पनि लगानीकर्ता हचकिचाएको अवस्था हो,' उनले भने, 'अर्कोतर्फ बढी नेगेटिभ प्रचारले समेत आत्मविश्वास बढाउन नसकेको हो।'

अर्थमन्त्री डा. महतले नेपालबाट प्लस टु पास गरेर ठूलो संख्यामा विद्यार्थी बिदेसिनु सुखद ट्रेन्ड नभएको बताए।

सुधारको सन्दर्भमा घोषणाभन्दा धेरै कार्यान्वयनमा समस्या रहेको बताए। आवश्यकता नदेखेका संरचना खारेज गर्ने सवालमा आफूले यस्तै दबाब झेल्नुपरेको उनको भनाइ छ। 'खाइपाइ आएकाबीचमा म सबैभन्दा अलोकप्रिय हुनेरहेछु,' उनले भने। छलफलमा सेजनका अध्यक्ष सुजन ओलीले अर्थतन्त्रको संरचनात्मक सुधारमा अर्थमन्त्रीले चालेको कदमको स्वागत गर्दै यो चुनौती पार गर्न सेजनको साथ रहने प्रतिबद्धता व्यक्त गरे। अर्थ मन्त्रालय सम्हाल्ने क्रममा डा. महतसँग जुन अपेक्षा थियो, त्यसअनुसार नतिजा किन नदेखिएको होला भन्दै उनले डा. महतसँग प्रश्नसमेत गरे।

■ एनआरएनए निर्वाचन
अध्यक्षको रेसमा पाँचजना

अध्यक्षका प्रत्याशीहरू राजनीतिक दौडधुपमा, एजेन्डा ओझेलमा, दलहरू समर्थन जुटाउन व्यस्त

मुना कुँवर/नयाँ पत्रिका

गैरआवासीय नेपाली संघको निर्वाचन नजिकिँदै गर्दा चुनावी उम्मेद्वारहरूको दौडधुप बाक्लिएको छ। संघको आगामी नेतृत्वका लागि पाँचजना दौडमा देखिएका छन्। यद्यपि, त्रिपक्षीय भिडन्त हुने सम्भावना भने अधिक रहेको छ।

३० असोजदेखि २ कात्तिकसम्म हुने अधिवेशनमा आगामी नेतृत्वका लागि वर्तमान कार्यकारी अध्यक्ष डा. बद्री केसी, वर्तमान अध्यक्ष रविना थापा, उपाध्यक्षद्वय राजेन्द्रकुमार शर्मा (आरके शर्मा) र महेश श्रेष्ठ एवं उपमहासचिव विनय अधिकारी आकांक्षी देखिएका छन्। पाँचैजना अध्यक्ष बन्न दौडधुप गरिरहेका छन्।

वर्तमान उपमहासचिव विनय अधिकारीले काठमाडौँमा एक औपचारिक कार्यक्रमको आयोजना गरी उम्मेदवारीको घोषणा गरेका हुन्। त्यस्तै, महेश श्रेष्ठले बिहीबार एक कार्यक्रमको आयोजना गरी औपचारिकमा नै उम्मेदवारीको घोषणा गर्ने भएका छन्। अन्य तीनजनाले अध्यक्षका प्रत्याशीले भने आन्तरिक तयारी थालेका छन्।

चुनावी मैदानमा उत्रिएका अध्यक्षका दाबेदारहरू राजनीतिक कृपाका लागि पनि उत्तिकै दौडधुप गरेका छन्। अध्यक्षका दाबेदार महेश श्रेष्ठ र रविना थापा नेपाली काँग्रेसनिकट भनेर चिनिएका छन्। मध्यपूर्वको नेतृत्व गर्दै अध्यक्षको दाबीदारी गरेका आरके शर्मा माओवादीनिकट मानिएका छन्। त्यसैगरी, डा. बद्री केसी एमाले समर्थित भनेर चिनिएका छन्। तर, पाँचैजना आकांक्षीले आफूलाई कुनै एक दलको मात्रै समर्थन नरहेको दाबी गरेका छन्। उनीहरूले दलहरूको समर्थन लिनका लागि राजनीतिक दौडधुपसमेत नगरेको जिकिर गरे।

अध्यक्षका प्रत्याशी शर्माले आफूलाई सबै राजनीतिक दलको समर्थन रहेको बताए। अर्का प्रत्याशी श्रेष्ठले पनि नेपाली काँग्रेसले मात्रै नभई अन्य दलले पनि आफूलाई समर्थन गर्ने दाबी गरे। अध्यक्ष प्रत्याशी विनय अधिकारीले भने संघभित्रको प्रवेश गरेको राजनीतिलाई हटाउन आफूले उम्मेदवारी दिएको बताएका छन्।

राजनीतिले छवि धुमिलिँदै

एनआरएन पूर्ण रूपमा सामाजिक संस्था भनेर प्रचार गरिए तापनि निर्वाचनमा भने चरम राजनीति हुँदै आएको छ। यसअघिको १०औँ महाधिवेशन संघभित्र राजनीति हाबी हुँदा तोकिएको समयमा निर्वाचन नै हुन सकेन। राजनीतिक कारणले संघ फुटेर दुई टुक्रा भएको थियो। तोकिएको अवधिभन्दा ६ महिनापछि मात्रै अध्यक्षका प्रत्याशीबीच सहमति भएको थियो। सहमतिबाट संघकै इतिहासमा तीनजना अध्यक्ष चुनिएका थिए। एकजनाले ६ महिना कार्यकारीको भूमिका निर्वाह गर्ने गरी तीनजना अध्यक्षबीच सहमति भएको थियो। यसले एनआरएनएको छवि नै धुमिल बनाएको थियो।

■ महाधिवेशनका लागि चार हजार २२१ प्रतिनिधि छनोट

गैरआवासीय नेपाली संघको ११औँ महाधिवेशनका ८० वटा मुलुकबाट चार हजार दुई सय २१ जना प्रतिनिधि छनोट भएका छन्। संघमा यसपटक ९० प्रतिशत प्रतिनिधि अन्तर्राष्ट्रिय समन्वय समिति तथा राष्ट्रिय समन्वय समिति रहेर काम गरेकाबाट छनोट गरिएको छ। प्रतिनिधिका लागि संघ आवेदन माग गरेको थियो। प्राप्त आवेदनबाट छनोट गरिनेछ। यसअघि भने ६५ प्रतिशत मात्रै यसरी छनोट गरिने प्रावधान थियो। त्यस्तै, १० प्रतिशत भने वर्तमान राष्ट्रिय समन्वय परिषद्ले छनोट गरी पठाउनेछ। परिषद्ले अन्तर्राष्ट्रिय समन्वय परिषद् लाई प्रतिनिधि छनोट गरी पठाएको छ। यसरी पठाइएको प्रतिनिधिको सूची निर्वाचन कमिटीलाई दिइने संघका महासचिव हेमराज शर्माले बताए।

संघका अनुसार अफ्रिकाबाट १२८ जना प्रतिनिधि छनोट हुनेछन्। अमेरिकाबाट ४३७, एसिया प्यासिफिकबाट ७२२, युरोपबाट १६९१, मध्यपूर्वबाट ९४० र ओसियानाबाट ३०३ प्रतिनिधि छानिनेछन्। प्रतिनिधि छनोट गर्दा एक हजार पञ्जीकृत सदस्य रहेका राष्ट्रिय समन्वय परिषद् (एनसिसी) बाट १०० जना महाधिवेशन प्रतिनिधि छनोट हुनेछन्। दुई हजार पञ्जीकृत सदस्य भएको एनसिसीबाट भने १२५ जना महाधिवेशन प्रतिनिधि छनोट हुनेछन्। ५ प्रतिशत अर्थात् ६ जना थप महाधिवेशन प्रतिनिधि संख्या थपिने संघले जनाएको छ। तीन हजार पञ्जीकृत सदस्य हुने एनसिसीबाट १३८ जना महाधिवेशन प्रतिनिधि छनोट हुनेछन्। यसमा ६ प्रतिशत अर्थात् आठजना प्रतिनिधि थप हुनेछन्। चार हजार पञ्जीकृत सदस्य भएको एनसिसीबाट १४६ जना महाधिवेशन प्रतिनिधि छनोट हुनेछन्। थप ७ प्रतिशत अर्थात् १० जना प्रतिनिधि थप हुनेछन्।

त्यस्तै, पाँच हजार पञ्जीकृत सदस्य भएको एनसिसीबाट १५२ जना महाधिवेशन प्रतिनिधि छनोट हुनेछन्। जसमा १० प्रतिशत अर्थात् १५ जना प्रतिनिधि छनोट हुनेछन्। १० हजार पञ्जीकृत सदस्य भएको एनसिसीबाट १७१ जना प्रतिनिधि छनोट हुनेछन्। २० प्रतिशत अर्थात् ३४ जना प्रतिनिधि थप गर्न सकिनेछ। त्यस्तै, २० हजार पञ्जीकृत सदस्य हुने एनसिसीबाट १८९ महाधिवेशन प्रतिनिधि छनोट हुनेछन्। २५ प्रतिशत अर्थात् ४७ प्रतिशत प्रतिनिधि छनोट हुनेछ। ३० हजार पञ्जीकृत सदस्य हुने एनसिसीबाट १९९ महाधिवेशन प्रतिनिधि छनोट हुनेछन् भने २५ प्रतिशत अर्थात् ५० जना प्रतिनिधि थप हुनेछन्।

तेस्रो युवा उद्यमशीलता सम्मेलनको टाइटल स्पोन्सरमा रावा बैंक

नयाँ पत्रिका



नेपाल सरकार, राष्ट्रिय युवा परिषद् र नेपाल बिजनेस इन्स्टिच्युट (एनबिआई)ले संयुक्त रूपमा आयोजना गर्न लागेको नेपाल युवा उद्यमशीलता शिखर सम्मेलनको तेस्रो संस्करणमा राष्ट्रिय वाणिज्य बैंक मुख्य प्रायोजक (टाइटल स्पोन्सर) बन्ने भएको छ। सन् २०१९ बाट सुरु भएको यो सम्मेलनको पहिलो र दोस्रो सिखर सम्मेलनमा पनि राष्ट्रिय वाणिज्य बैंक नै मुख्य प्रायोजक रहेको थियो।

तेस्रो सिखर सम्मेलनको ३० भदौमा प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गर्ने जनाइएको छ। सम्मेलेनको मूल नारा 'युवा नवप्रवर्तन : लगानी र समृद्धि' तय गरिएको छ। सम्मेलनल कोभिड-१९ र पछिल्लो वित्तीय चुनौतीको समाधान पहिल्याउन तथा युवा उद्यमशीलता प्रवर्द्धनका लागि लगानीका प्राथमिकता प्राप्त क्षेत्रको पहिचान गरी स्टार्टअप उद्यममा युवाहरूको आकर्षण बढाउन सफल हुने आयोजकको अपेक्षा छ। युवा उमेर समूहका उद्यमी बन्न चाहने युवाहरू, उद्यम गरिरहेका युवाहरू र स्टार्टअपमा लगानी गरिरहेका लगानीकर्ताबीचको उच्चस्तरीय नेटवर्किङ र लगानी सम्भौताका लागि र युवाहरूमा वित्तीय पहुँच, सरकारी नीति, कर नीति, स्टार्टअप प्रोगाम, स्टोरी सियरिङ, समूहगत छलफल, र स्टाटअर्प बिजनेसबारे युवा उद्यमीहरूको क्षमता अभिवृद्धि र उद्यमको वृत्ति विकासमा यो शिखर सम्मेलन महत्त्वपूर्ण हुने आयोजकले विश्वास व्यक्त गरेका छन्।

सम्मेलनको मुख्य प्रायोजक बन्नेसम्बन्धी समझदारीपत्रमा सम्मेलन मूल आयोजक कमिटीका संयोजक विशाल गैरे र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गरेको बैंकले जनाएको छ। सम्मेलनमा संघीय सरकारका अर्थमन्त्री, उद्योगमन्त्री, सञ्चारमन्त्री, युवा तथा खेलकुदमन्त्री, योजना आयोगका उपाध्यक्ष, उद्यमीहरू डा. उपेन्द्र महतो, चन्द्रप्रसाद ढकाल, भवानी राणालगायत २० भन्दा बढी वक्ताले युवा उद्यमशीलताका बारेमा धारणा व्यक्त गर्ने कार्यक्रम रहेको छ।

उद्यमी बन्न युवाहरूलाई प्रोत्साहित गर्ने, स्टार्टअप उद्यमहरूलाई सहजीकरण गर्ने, सरकारको नीति, कार्यक्रम र बजेट युवा उद्यमीमैत्री बनाउने तथा नेपालको युवा उद्यमशीलतामार्फत समृद्धि हासिल गर्नका लागि युवा उद्यमशीलताको भिजन डकुमेन्ट २०३० को निर्माण एवं कार्यान्वयनका लागि शिखर सम्मेलन उपलब्धिमूलक हुने आयोजक संस्था राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले बताए। हस्ताक्षर कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले पछिल्लो वित्तीय चुनौतीको सामनाका लागि युवाहरूलाई आर्थिक क्रियाकलापमा सहभागी गराउँदै स्वदेशमै स्वरोजगारको वातावरण निर्माण गर्नुपर्ने बताए।

साल्ट ट्रेडिङ कर्पोरेसनको ६१औँ वार्षिकोत्सव

उपभोक्तालाई सुपथ मूल्यमा उपभोग्य वस्तु उपलब्ध गराउन संस्थानको भूमिका महत्त्वपूर्ण : उद्योगमन्त्री

नयाँ पत्रिका



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले उपभोक्तालाई सुपथ मूल्यमा गुणस्तरीय उपभोग्य वस्तु उपलब्ध गराउन संस्थानको भूमिका महत्त्वपूर्ण हुने बताएका छन्। उनले बजारलाई सन्तुलित र प्रतिस्पर्धी बनाउनसमेत संस्थानको भूमिका हुने बताए।

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले स्थापनाको ६१औँ वार्षिकोत्सवको अवसरमा बोल्दै मन्त्री रिजालले सरकारको उद्देश्यमा साल्ट ट्रेडिङजस्तो संस्थानले साथ दिइरहेको भन्दै प्रशंसासमेत गरे। 'नेपाली जनतालाई सुपथ मूल्यमा गुणस्तरीय उपभोग्य वस्तु उपलब्ध गराई कर्पोरेसनले सरकारको उद्देश्यमा साथ दिएको छ,' उनले भने, 'विभिन्न दैवीप्रकोप तथा प्राकृतिक विपत्का वेलामा समेत उपभोक्ताको घरदैलोमा उपभोग्य वस्तु उपलब्ध गराउन कर्पोरेसनले खेलेको भूमिका सराहनीय रहेको छ।'

उनले कर्पोरेसनले संस्थागत सामाजिक उत्तरदायित्व पूरा गर्न विभिन्न सामाजिक संस्थालाई पुऱ्याएको योगदानको प्रशंसा गरेका थिए। 'सामाजिक सेवामा अझ बढी योगदान गर्दै दैनिक उपभोग्य वस्तुको कारोबारका साथै कृषिक्षेत्रमा पनि प्रत्यक्ष योगदान पुऱ्याउन सकेमा सरकार अझ कृतज्ञ हुने विश्वास दिलाउन चाहन्छु,' उनले भने।

साल्ट ट्रेडिङको कालीमाटीस्थित केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा आमजनता तथा उपभोक्ताका लागि दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने लक्ष्य लिएर सेवा प्रारम्भ गरेको ६० वर्ष पूरा गरी ६१ वर्षमा प्रवेश गरेकामा हामी खुसी छौं। विषम परिस्थितिका बाबजुद पनि कर्पोरेसन आमउपभोक्ताको सेवामा सदैव सक्रिय रहिआएको छ र भविष्यमा अझ सक्रिय रहने प्रतिबद्धता जनाउन चाहन्छु।



● **उर्मिला श्रेष्ठ**, सिइओ, साल्ट ट्रेडिङ कर्पोरेसन

बालबालिकाहरूको संरक्षणमा सक्रिय संस्थाहरूलाई बालहितकारी पुरस्कार, उत्कृष्ट सेवा दिने कर्मचारीहरूलाई प्रशंसापत्र र एसइई परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण भएका कर्मचारीका सन्ततिलाई छात्रवृत्ति प्रदान गरिएको थियो।

समारोहमा कर्पोरेसनका अध्यक्ष प्रदीपलाल श्रेष्ठले सरकारको नीति निर्देशनलाई पूर्ण रूपमा पालना गरी बजारमा दैनिक उपभोग्य वस्तुको अभाव हुन नदिन प्रयास गरिरहेको बताए। कर्पोरेसनले सेवा र कार्यक्षेत्र विस्तार गर्दै आमउपभोक्ताको घरदैलोमा सेवा पुऱ्याइरहेको जानकारी दिए।

अध्यक्ष श्रेष्ठले संस्थागत सामाजिक उत्तरदायित्वको बोध गरी सामाजिक काम गर्दै आएकोसमेत बताए। उनका अनुसार बालबालिकाको उत्थानमा काम गर्ने सामाजिक संस्था तथा व्यक्तित्वहरूलाई लक्ष्मीदास मानन्धर बालहितकारी पुरस्कार, उत्कृष्ट काम गर्ने कर्मचारीलाई हेमबहादुर मल्ल तथा ईश्वरलाल श्रेष्ठको नाममा उत्कृष्ट सेवा पुरस्कारबाट पुरस्कृत गर्ने गरिएको छ।

कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले कर्पोरेसनले आमजनता तथा उपभोक्ताका लागि दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने लक्ष्य लिएर सेवा प्रारम्भ गरेको ६० वर्ष पूरा गरी ६१ वर्षमा प्रवेश गरेको भन्दै खुसी व्यक्त गरिन्। उनले विषम परिस्थितिका बाबजुद पनि कर्पोरेसन आमउपभोक्ताको सेवामा सदैव सक्रिय रहिआएको बताउँदै भविष्यमा अझ सक्रिय रहने प्रतिबद्धता व्यक्त गरिन्।

एभरेष्ट बैंकका ग्राहकले ओम अस्पतालमा छुट पाउने



काठमाडौं/ एभरेष्ट बैंक लिमिटेड र चाबहिलको ओम अस्पतालबीच बैंकका ग्राहकलाई विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ। बैंकका सम्पूर्ण ग्राहकले उक्त अस्पतालका विभिन्न सेवामा १० प्रतिशतसम्मको छुट पाउने सम्झौता भएको हो।

सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ र अस्पतालका प्रमुख कार्यकारी अधिकृत यमबहादुर महतले हस्ताक्षर गरेको जनाइएको छ। सम्झौताअनुसार बैंकका सम्पूर्ण ग्राहक, कार्ड प्रयोगकर्ताका साथै कर्मचारी तथा तिनका पारिवारिक सदस्यले उक्त अस्पतालबाट आइपिडी-डायग्नोस्टिक्स, फार्मेसी र फिजियोथेरापीमा १० प्रतिशत छुट पाउने जनाइएको छ। त्यस्तै, दन्त सेवामा पाँच प्रतिशत छुट पाउने उल्लेख छ। सम्झौताका लागि आयोजित कार्यक्रममा बैंकका बजार तथा संस्थागत निक्षेप विभाग प्रमुख पुष्पराज उप्रेती, बजार अधिकृत एलिना कार्की तथा अस्पतालका व्यापार प्रवर्द्धन प्रबन्धक विनोद अधिकारीको उपस्थिति रहेको जनाइएको छ।

बैंकले हाल देशभरमा एक सय २७ शाखा, तीन एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय, एक सय ६२ एटिएम तथा ३२ राजस्व संकलन केन्द्रमार्फत सेवा दिँदै आएको जनाएको छ।

सिभिल क्यापिटल हिमालयन क्यापिटलमा गाभिने प्रस्ताव पारित

काठमाडौं/ सिभिल क्यापिटल मार्केट लिमिटेडको विशेष साधारणसभाले हिमालयन क्यापिटल लिमिटेडमा गाभिने प्रस्ताव पारित गरेको छ।

सिभिल क्यापिटलका अध्यक्ष भोलाबहादुर विष्टको अध्यक्षतामा बसेको विशेष साधारणसभाले हिमालयन क्यापिटल लिमिटेडले गाभ्ने/प्राप्ति गर्ने र सञ्चालक समितिबाट अनुमोदन सेयर आदानप्रदान अनुपात एक सयबराबर ३१ सेयरको अनुपातमा गाभिने प्रस्ताव साधारणसभाले परित गरेको हो।

गाभिन आवश्यक पर्ने अन्य पूरक प्रस्ताव पनि पारित गरेको क्यापिटलले जनाएको छ। विशेष साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न सक्रिय भूमिका निर्वाह गर्ने सेयरधनीहरूलाई कम्पनीले पछिसम्म सल्लाह, सहयोग तथा मार्गदर्शनको अपेक्षा गरेको जनाएको छ।

टिभिएसको ई-स्कुटर आइक्युब नेपालमा

काठमाडौं/ टिभिएस नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्सले इलेक्ट्रिक स्कुटर टिभिएस आइक्युब नाडा अटो सोमा सार्वजनिक गरेको छ। कम्पनीले टिभिएस मोटरको अटल र भरपर्दो इन्जिनियरिङसहितको क्लास-लिडिङ पर्फर्मेन्स, आराम, निर्माण गुणस्तर र सुरक्षायुक्त इस्कुटर बजारमा ल्याएको हो।

स्कुटर सार्वजनिक गर्दै टिभिएस मोटर कम्पनीका निर्देशक तथा सिइओ केएन राधाकृष्णनले कम्पनीले विद्युतीय सवारीसाधनको प्रविधिमा १० वर्षभन्दा बढी समयदेखि लगानी गर्दै आएको बताए। नेपालमा विद्युतीय दुईपाग्रे सवारीसाधन (स्कुटर) लन्च गर्ने भारतबाट पहिलो ओइएम भएको उनको भनाइ थियो। टिभिएस मोटरकै इलेक्ट्रिक भेहिकलका सिनियर भाइसप्रेसिडेन्ट मनु सक्सेनाले टिभिएस आइक्युबमा क्लास-लिडिङ डिस्प्ले र युजर इन्टरफेसको साथ



प्रदर्शन र प्राविधिक सुविधाको सही मिश्रण रहेको बताए। यो नयाँ एज- कनेक्टेड सुविधा र एपले भरिएको हुनाले नेपालको टेक-स्याभी ग्राहकका लागि अत्यन्तै उपयोगी हुने उनको भनाइ थियो।

कार्यक्रममा जगदम्बा ग्रुपका अध्यक्ष साहिल अग्रवालले टिभिएस आइक्युबको लन्चले नेपाली इस्कुटरको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुगेको बताए। कम्पनीको नेपालभर रहेका वितरक र इन-स्टोर सेल्स अनुभवका साथ नेपालभर टिभिएस आइक्युबको उपलब्धता सुनिश्चित गर्न प्रतिबद्ध रहेको उनको भनाइ थियो। ३२ लिटरको अन्डर सिट स्टोरेज भएको यो स्कुटर ४.६ किलोवाट हब माउन्टेड मोटरद्वारा सञ्चालित भएकाले प्रतिघन्टा ७८ किमिको उच्च गति प्रदान गर्ने जनाइएको छ। यो स्कुटरले ४.२ सेकेन्डमै शून्यबाट ४० किमि प्रतिघन्टासम्म एक्सेलेरेसन दिने कम्पनीको दाबी छ। टिभिएस आइक्युबमा कुल ३.४ किलोवाट आवर क्षमताको एडभान्स्ड लिथियम-आयन रसायनको दुई ब्याट्री प्याक रहेको जनाइएको छ। यसले सिंगल चार्जमा एक सय किलोमिटरको रेन्ज दिने तथा साढेचार घन्टामा ८० प्रतिशत चार्ज हुने कम्पनीको भनाइ छ। यो स्कुटरमा ६५० वाटको पोर्टेबल क्यारी चार्जर पनि साथै आउने कम्पनीले जनाएको छ।

एमजीका दुईवटा इभी एकसाथ सार्वजनिक



काठमाडौं/ एमजी गाडीको नेपाली विक्रेता पारामाउन्ट मोटर्सले एमजी फोर इभी र एमजी कमेट इभी सार्वजनिक गरेको छ। कम्पनीले एमजीको इन्ट्री लेबल र मध्यम रेन्जको विद्युतीय कार नेपाली बजारमा ल्याएको हो।

भारतमा बनेको विद्युतीय कार एमजी कमेटले सिंगल चार्जमा २३० किलोमिटरको रेन्ज दिने जनाइएको छ। यसमा १७.३ किलोवाट आवरको ब्याट्री र ३१.२६ किलोवाटको मोटर रहेको छ। कमेटमा यात्रुको सुरक्षाका लागि आइपी६७ रेटेड ब्याट्री, डुअल फ्रन्ट एयर ब्याग, पार्किङ सेन्सर राखिएको छ। एमजी कमेट इभीको सुरुवाती मूल्य १८ लाख रुपैयाँ तोकिएको छ। कमेट इभी प्ले र पेस गरी दुईवटा भेरिएन्टमा उपलब्ध छ। एमजी फोर कम्फर्ट र लक्जरी गरी दुईवटा भेरिएन्टमा उपलब्ध छ। कम्फर्ट इभीको ब्याट्री क्षमता ५१ किलोवाट आवर र मोटर क्षमता ९९ किलोवाट रहेको छ। एमजी लक्जरी इभीको ब्याट्री क्षमता ६४ किलोवाट आवर र मोटर १५० किलोवाटको छ। एमजी फोरको मुख्य आकर्षण इन्डिभिजुअल सस्पेन्सन र रियर हेभी ड्राइभ हो।

एमजी फोर सिंगल चार्जमा ४३५ किलोमिटरसम्म दौडिन सक्छ। राम्रो ह्यान्डलिङ र ट्र्याक्सनका लागि यसमा रियर ह्विल लेआउट राखिएको छ। यात्रुको सुरक्षाका लागि रियर आइसोफिक्स, फ्रन्ट साइड एयर ब्याग, टायर प्रेसर मनिटरिङ सिस्टम, सिट बेल्ट रिमाइन्डरजस्ता फिचर राखिएको छ। एमजी फोर कम्फर्टको सुरुवाती मूल्य ४१ लाख ४९ हजार रुपैयाँ र एमजी लक्जरी इभीको सुरुवाती मूल्य ५९ लाख रुपैयाँ रहेको छ।

सिट्रोनले ल्यायो फेस्टिभ स्किम २०८०



काठमाडौं/ नेपालका लागि सिट्रोनको आधिकारिक वितरक सांग्रिला मोटर्सले आफ्नो फेस्टिभ स्किम २०८० सार्वजनिक गरेको छ। कम्पनीले नाडा अटो सोमा सिट्रोनका गाडी बुकिङ गर्ने ग्राहकका लागि २५ हजार रुपैयाँसम्मको आकर्षक उपहारको व्यवस्था गरेको हो।

भूकुटीमण्डपमा चलिरहेको नाडा अटो सोमा कम्पनीले आफ्नो फेस्टिभ स्किम पनि सार्वजनिक गरेको छ। यो स्किमअन्तर्गत सिट्रोन सी३ किन्न चाहने ग्राहकले आकर्षक नगद छुटका साथै निःशुल्क बिमा र निःशुल्क करको सुविधा पनि पाउन सक्ने जनाइएको छ। त्यस्तै, सिट्रोनको विद्युतीय गाडी ई सिई३ खरिद गर्न चाहने ग्राहकले पनि निःशुल्क बिमा र निःशुल्क सडक करको सुविधा पनि प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। यो योजनाका साथै नाडा आटो सोभरि निःशुल्क कार वासर पनि प्राप्त गर्न सक्ने कम्पनीले उल्लेख गरेको छ।

नाडामा टाटाको टियागो इभी र पन्च सार्वजनिक



काठमाडौं/ टाटा मोटर्सको नेपाली बिक्रेता सिप्रदी ट्रेडिङ प्रालिले नाडा अटो शोमा दुईवटा मोडल सार्वजनिक गरेको छ। कम्पनीले टियागो इभी र टाटा पन्च सार्वजनिक गरेको हो।

टियागो इभीमा कार्य कुशलता, प्रविधि, विश्वास , चार्जिङ र आरामदायी गरी पाँचवटा मुख्य विशेषता रहेको बताइएको छ। विभिन्न पाँच भेरियन्टमा उपलब्ध टियागोको मूल्य न्यूनतम २१ लाख ९९ हजारदेखि अधिकतम २७ लाख ९९ हजार रुपैयाँसम्म तोकिएको छ।

टाटा पन्च आकर्षक डिजाइन, विशेष कार्यक्षमता, फराकिलो इन्टेरियर र पूर्ण सुरक्षासहित उपलब्ध रहेको कम्पनीले जनाएको छ। विभिन्न चार भेरियन्टमा उपलब्ध यस गाडीको मूल्य न्यूनतम ३३ लाख ९९ हजारदेखि अधिकतम ४३ लाख ४९ हजारसम्म रहेको छ।

अर्को गाडी नेक्सन इभी एक्स जेट प्लसको ब्याट्री क्षमता ४०.५ किलोवाट र रेञ्ज चार सय ५३ किलोमिटर छ। पावर विन्डो र पूर्ण स्वचालित क्लाइमेट कन्ट्रोललगायतका विशेषताहरू रहेको नेक्सन इभीले उत्कृष्ट सुरक्षा प्रत्याभूति गराउने कम्पनीको दाबी छ। यसमा एन्टी-लक ब्रेकिङ सिस्टम, चाइल्ड सेफ्टी लक, ट्र्याक्सनजस्ता सुविधाहरू छन्। यसको सुरुवाती मूल्य ४५ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। सिप्रदी ट्रेडिङका सिइओ राजनबाबु श्रेष्ठले टियागो इभी र पन्चले ग्राहकहरूको ड्राइभिङ अनुभवलाई नयाँ ढंगले रूपान्तरण गर्ने बताए।

बुबाको मुख हेर्ने दिनलाई आइएमई पेको अफर

काठमाडौं/ डिजिटल वालेट 'आइएमई पे' ले बुबाको मुख हेर्ने दिनलाई लक्षित गर्दै 'मेमोरिज विथ फादर, सेयर एन्ड जोय' नामक योजना ल्याएको छ।

आज बिहीबारसम्म चल्ने यो योजनामा सेवाग्राहीले आइएमई पेको फेसबुक पेजमा रहने 'बुबाको मुख हेर्ने दिन' सम्बन्धित पोस्टमा आफू र आफ्नो बुबाको मीठा, रमाइला र यादगार पलहरूलाई समेटेर कमेन्ट लेखेर ह्यासट्यागमा बाबा र म पनि राखेर पोस्ट गर्नुपर्ने जनाइएको छ। सो कमेन्टमध्ये सबैभन्दा उत्कृट (रोमाञ्चक तथा भावुक) कमेन्ट गर्ने १० जना भाग्यशाली विजेता ले ह्युमन फिटको पाँच हजार रुपैयाँबराबरको गिफ्ट ह्याम्पर उपहारस्वरूप पाउने कम्पनीले जनाएको छ।

आइएमई पे मोबाइल वालेटमार्फत सेवाग्राही आफैंले अथवा एजेन्टमार्फत विभिन्न किसिमको भुक्तानी कार्य गर्न सक्ने जनाइएको छ। यसले व्यक्ति-व्यक्तिबीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि विभिन्न अनलाइन तथा स्थलगत स्टोरमा क्युआर स्क्यान गरी भुक्तान गर्ने, मोबाइल रिचार्ज गर्ने र विभिन्न घरायसी तथा कार्यालयका बिल भुक्तान गर्न मिल्ने सेवासमेत प्रदान गर्दै आइरहेको जनाएको छ।

नेपाल लाइफका अभिकर्ताले सिंगापुरमा फहराए नेपालको झन्डा



काठमाडौं/ नेपालको प्रतिनिधित्व गर्दै नेपाल लाइफ इन्स्योरेन्सका एजेन्सी म्यानेजरले सिंगापुरमा नेपालको झन्डा फहराएका छन्। कम्पनीका चारजना एजेन्सी मेनेजरले सिंगापुरमा आयोजित एमडिआरटी ग्लोबल कन्फरेन्समा नेपालको झन्डा फराउँदै सहभागिता जनाएका हुन्।

विश्वस्तरीय मान्यताप्राप्त बिमा अभिकर्ताहरूको संस्था एमडिआरटीले आयोजना गरेको ग्लोबल कन्फरेन्समा नेपालको झन्डा फहराउन पाउँदा गौरवान्वित महसुस भएको सहभागीहरू नेपाल लाइफबाट नेपाललाई प्रतिनिधित्व गरेका रामचन्द्र गौतम, रमा बुढाथोकी बस्नेत, सोमली शेर्पा र नेत्रकुमारी बुढाथोकीले बताए। विश्वका सात हजार पाँच सय सहभागी भएको कार्यक्रममा नेपालको परिचय दिन पाएको उनीहरूको भनाइ थियो।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले यसरी अन्तर्राष्ट्रियस्तरमा देश र कम्पनीको प्रतिनिधित्व गर्नु गौरवको विषय रहेको बताए। यस्तो एक्सपोजरले व्यक्तित्व विकासका साथै आफ्नो लर्निङ कर्भलाई माथि लैजान निकै सहयोग पुग्ने उनको भनाइ थियो। कम्पनीले धेरैभन्दा धेरै अभिकर्तालाई एमडिआरटी बन्न उत्प्रेरणा प्रदान गरिरहेको प्रमुख कार्यकारी अधिकृत पराजुलीले उल्लेख गरे।

नेपाल लाइफले ०८० असार मसान्तसम्ममा एक खर्ब ७२ अब रुपैयाँ लगानी गरेको तथा जीवन बिमा कोषमा एक खर्ब ६३ अर्ब रुपैयाँ सञ्चित रहेको जनाएको छ। कम्पनीले देशभरमा एक सय ९२ कार्यालयमार्फत जीवन बिमासम्बन्धी सेवा उपलब्ध गराइरहेको जनाइएको छ।

Godawari Municipality
Office of Municipal Executive
Bajrabarahi, Lalitpur
Bagmati Province, Nepal

Invitation for Bids(IFB)

Date of publication : 2080/05/28 BS. (2023/09/14 AD.)

1. The Godawari Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only for the Construction of the following project under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

SN	Contract Identification No.	Name of Project	Estimate Amounts NRs (Without VAT and Contingencies)	Cost of Bidding Document NRs	Bid Security NRs	Date of Pre-bid Meeting	Last Date and Time of Bid Submission	Bid opening Date and Time	Remarks
I	: Godawarimun/ lalitpur/W/ NCB/11/080/81	Upgrading of Kushlechour Chhampi and Chhampi Intabhatta Thecho Road Section, Godawari-09, Lalitpur	68,85,156.52 /-	3,000/-	1,94,000/-	2080/06/19 BS (2023-10-06 AD)	2080/06/29 BS (2023-10-16 AD) Time: 12:00 noon	2080/06/29 BS (2023-10-16 AD) Time: 13:00 PM	

3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- www.bolpatra.gov.np/egp/
6. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
7. Other mandatory information as per PPA and PPR.

Chief Administrative Officer

दुई महिनामा...

पृष्ठ १ बाट क्रमशः

केजी मात्रै बरामद (२ साउनमा) भएको हो । बाँकी ३०२.०६२ किलो निश्चित ठेगानामा पुऱ्याउन तस्करहरू सफल भएका थिए ।

सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले भनिन्, 'हडकडबाट नेपाललाई ट्रान्जिट बनाएर ठूलो परिमाणमा सुन तस्करी भएको छ । यो अपराध 'ट्रान्सनेसनल' देखिन्छ । यसमा प्रयोग भएका प्रविधि, मेनपावर, लगानी र रकम अन्तर्राष्ट्रियस्तरको तथा संलग्न अभियुक्तको पृष्ठभूमि हेर्दा जापानी तथा कोरियन 'ग्याङ लर्ड'को तहको देखिन्छ । मेरो २८ वर्षको करिअरमा यसस्तरको आपराधिक समूहसँग मुकाबिला गरेको पहिलोपटक हो ।'

सिआइबीका अनुसार हडकडबाट नेपाल हुँदै भारतमा सुन तस्करी गर्ने गिरोहका मुख्य नाइके चिनियाँ नागरिक वाङ डाओजिन हुन् । सिचुनाव प्रान्तका उनी कारोबारका लागि पटक-पटक नेपाल आउने-जाने गरेको देखिन्छ । ६०.७१६ किलो सुन बरामद हुनु केही दिनअघि मात्रै उनी नेपाल आएका थिए । कारोबारका लागि उनी हडकङ बस्ने गर्छन् । उनको कारोबारमा जेनपेङ योङछिन, झोङ जिङ्गछुन, लिन र लीसहित अन्य तीनजना साझेदार छन् । उनीहरू हडकडमा नै बस्छन् ।

सुन कारोबारका लागि उनीहरूले हडकडमा ताल्मुड, डोङ्गुन सुता ट्रान्सपोर्टेसन, जिनमेन फेङ्गटोन ट्रान्सपोर्टेसनलगायतका १० कम्पनी खडा गरेका छन् । सोही कम्पनीमार्फत उनीहरूले तस्करीको सुन नेपाल पठाउँदै आएका छन् । घटना अनुसन्धानमा संलग्न एसपी कृष्ण पँगेनीले तस्करीको सुन नेपाल पठाउन तस्करले हडकडमा विभिन्न १० कम्पनी खोलेको बताए ।

उनले भने, 'तस्करमा संलग्न गिरोहको मुख्य अभियुक्त हडकडमा बस्छ । उसले सारा अपरेट हडकङ बसेरै गर्छ । जसमध्येका एक हुन् वाङ डाओजिन । उसले नेपालमा सुन तस्करीको साम्राज्य नै खडा गरेको देखिन्छ । उनी पटकपटक नेपाल आउने-जाने गरेको देखिएको छ । ६० किलो सुन समातिनुअघि पनि ऊ नेपाल आएको थियो । योसहितको गिरोहले सुन तस्करीका लागि हडकडमा विभिन्न १० वटा कम्पनी खडा गरेको देखिन्छ ।'

सिआइबीका अनुसार सुन तस्करी र तस्करबाट प्राप्त भएको रकम 'ट्रान्जेक्सन'का लागि उनीहरूले विशेष 'कोड' नै विकास गरेका थिए । उक्त 'कोड' एउटै प्रकृतिको नोट थियो । हडकङ बसेका गिरोहका मुख्य नाइके डाओजिन, लिन र लीले तस्करीमा संलग्न गिरोहका खास सदस्यलाई उक्त नोट वितरण गर्थे र उनीहरूलाई फरक-फरक 'कन्साइन्मेन्ट' दिएर पठाउँथे ।

तस्करीको सुन ल्याउने, गाल्ने र डेलिभर गर्ने समूहलाई एउटा नोट वितरण हुन्थ्यो । रिसिभ गर्ने र मार्केटमा लैजाने गिरोहलाई पनि सोही प्रकृतिको नोट वी च्याटमार्फत वितरण हुन्थ्यो । जब डेलिभर गर्ने समूह र रिसिभ गर्ने समूह कारोबारका लागि आपसमा भेट हुन्थे, उनीहरूले वितरण भएको नोट देखाउँथे । त्यसपछि मात्रै सुन तथा रकम लेनदेनको काम हुन्थ्यो । घटनाको अनुसन्धानमा संलग्न सिआइबीका एसपी सञ्जयसिंह थापाले सुन र रकम कारोबारका लागि तस्कर समूहले विशेष कोडको विकास गरेको बताए ।

उनले भने, 'सुन कारोबारको अपरेट हडकडबाट हुन्थ्यो । यसका लागि डेलिभर र रिसिभ गर्ने फरक-फरक समूहलाई गिरोहका नाइकले एउटा कोड दिन्थ्यो । उक्त कोड एकै किसिमको नोट रहेको देखिन्छ । कारोबारका क्रममा जब यिनीहरू आपसमा भेट गर्थे, नाइकेबाट वितरण भएको नोट एकले अर्कोलाई देखाउँथे र सुन लेनदेन गर्थे । सानो परिमाणको रकम पनि यिनीहरूले सोही नोटमार्फत गर्थे ।'

ठूलो परिमाणको रकम लेनदेनका लागि गिरोहले 'क्रिप्टोकरेन्सी'को प्रयोग गरेका थिए । क्रिप्टोमार्फत गिरोहका मुख्य सदस्य तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङ, याओ फुचेङ, ली नेइकेयी र सुनचाँदी व्यवसायी संघका उपाध्यक्ष तथा कारोबारमा संलग्न शिवकुमार सर्राफबीच कारोबारका क्रममा पटक-पटक क्रिप्टोमार्फत रकम आदान-प्रदान भएको देखिन्छ ।

अनुसन्धानमा संलग्न एसपी थापाले भने, 'सुन डेलिभरीपछि सानो परिमाणको रकम ह्यान्डक्यासमार्फत नै लेनदेन गरेको देखिन्छ । ठूलो परिमाणको रकम लेनदेनमा भने यिनीहरूले क्रिप्टोकरेन्सी प्रयोग गरेको देखिन्छ । सर्सर्ती हेर्दा यिनीहरूले तस्करीमा मात्र होइन, रकम लेनदेनमा पनि हाइटेक्नोलोजी प्रयोग गरेका छन् ।'

गिरोहले रेडी ट्रेडबाहेकका कम्पनीको नाममा पनि सामान ल्याएको देखियो, विस्तृत अनुसन्धान बाँकी

दिलीप भुजेलको नाममा दर्ता भएको कम्पनी रेडी ट्रेडमार्फत मात्रै दुई महिनामा ३६२.७७८ केजी सुन नेपाल भित्रिएको थियो । जसमध्ये २ साउनमा भित्रिएको ६०.७१६ केजी मात्रै बरामद भयो । त्यसबाहेक छुङगाक इलेक्ट्रिक सप्लायर्स, भुजेल इलेक्ट्रिक सप्लायर्स, हवाडा इलेक्ट्रिक सप्लायर्स, पवटी इलेक्ट्रिक सप्लायर्स, दोलखा इलेक्ट्रिक सप्लायर्स र सरिता सप्लायर्स नामका कम्पनीसमेत खोलेर सोही गिरोहले पटक-पटक सामान ल्याएको र त्यसमा सुन तस्करी भएको अनुमान सिआइबीको छ, यसमा विस्तृत अनुसन्धान बाँकी छ ।

सिआइबी प्रमुख एआइजी बज्राचार्यले भनिन्, 'यसपटकको अनुसन्धान रेडी ट्रेडबाट ल्याइएका सामग्रीमाथि मात्रै केन्द्रित गरिएको छ । गिरोहका सदस्यले अन्य कम्पनीको नाममा पनि सामग्री ल्याएको देखिन्छ । जसमा अनुसन्धान गर्न बाँकी छ । त्यसैले अनुसन्धान सकिएको छैन । पूरकका रूपमा अनुसन्धानलाई सिआइबीले पुनः जारी राख्नेछ ।'

गिरोहका नाइके जोसँग नेपाली नागरिकता थियो

सुन तस्करीका लागि नेपालमा सम्पूर्ण व्यवस्थापन मिलाउने काम तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङले गर्दै आएका थिए । सुन रिसिभ गरेर भारतीय बजारमा लैजाने काम भने एलेक्स भनिने याओ फुचेङले गर्दै आएका थिए । नेपालमा बस्ने दावाले नेपाली नागरिकता मात्रै लिएनन्, नेपाली पासपोर्टसमेत बनाएका थिए । उनकै सहयोगमा गिरोहका सदस्य चिनियाँ नागरिक फुचेङले पनि छिरिङ सोनाम तामाङको नाममा नेपाली नागरिकता र राहदानी बनाएका थिए ।

त्यस्तै, गिरोहका अर्का सदस्य नेङकाई लीले सोनाम लामा, वेन सुन लीले छिरिङ लामा, सेड फा डिङले राम लामाको नाममा नेपाली नागरिकता र राहदानी बनाएका थिए । सिआइबीका अनुसार नागरिकता र राहदानी बनाउन उनीहरूलाई दावाले नै सघाएका थिए ।

यसकारण नेपाल ट्रान्जिट प्वाइन्ट

- नेपालमा कम्पनी खोल्नुअघि सञ्चालकको आर्थिक हैसियत हेरिँदैन । नेपाली नागरिकता लिएको भरमा जोकोही नेपाली नागरिकले कम्पनी खोल्न सक्छ । सुन तस्करीमा संलग्न गिरोहले नेपाली कानुनको यो 'लुप होल'मा खेलेर नेपाललाई सुन तस्करीको ट्रान्जिट बिन्दु बनाए । उनीहरूले दैनिक मजदुरी गर्ने दिलीप भुजेल, कुमार भुजेल, रामकुमार भुजेल, सरिता तामाङ, लेखनाथ कार्की, वैकुण्ठ भुजेल, रामबहादुर भुजेललाई आर्थिक प्रलोभनमा पारे । उनीहरूको नाममा कम्पनी खोलेर कारोबार सुरु गरे ।
- ठूलो परिमाणको कारोबार गर्न कुनै पनि कम्पनीले 'एक्जिम (इम्पोर्ट, एक्स्पोर्ट) कोड' लिनुपर्छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार यसो गर्न कम्पनी भ्याट (भ्यालुएबल ट्याक्स) मा दर्ता भएको हुनुपर्छ । तर, नेपालमा यो कोड लिन प्यान (पर्मानेन्ट अकाउन्ट नम्बर)मा दर्ता भए पुग्छ । कानुनको यो 'लुप होल' गिरोहले बुझ्यो र नेपाललाई सुन तस्करीको ट्रान्जिट बिन्दु बनायो । नेपालीको नाममा कम्पनी खोलेर प्यानमा दर्ता गऱ्यो, एक्जिम कोड लियो र कारोबार सुरु गऱ्यो ।
- ठूलो परिमाणको सामग्री आयात गर्न अनिवार्य रूपमा एलसी (लेटर अफ क्रेडिट) खोल्नुपर्छ । तर, नेपालमा पाँच सय डलरभन्दा कम मूल्यको सामग्री आयात गर्दा एलसी खोल्न आवश्यक छैन । कानुनको यो 'लुप होल' गिरोहले बुझ्यो र यसैमा टेकेर नेपालीको नाममा खोलिएको कम्पनीबाट सानो-सानो परिमाणमा धेरै सामग्री आयात गर्न सक्यो ।
- चार्ल्स शोभराजले नेपाली भन्सार नाकाको व्यंग्य गर्दै भनेका थिए, 'नेपालको अन्तर्राष्ट्रिय विमानस्थलबाट हात्ती छिराइदिन्छु ।' नेपाली भन्सारको यो कमजोरी गिरोहका सदस्यले बुझे र नेपाललाई सुन तस्करीको ट्रान्जिट बिन्दु बनाए ।
- आवश्यक परेको खण्डमा सजिलै कानुनको फन्दाबाट फुत्किन सजिलो होस् भनेर उनीहरूले नेपाली नागरिकता र राहदानी बनाए । नेपालमा यो खरिद-बिक्री नै हुने गरेको छ । तस्करीमा संलग्न गिरोहका सदस्यले नेपालीको भ्रष्ट मनोविज्ञान बुझेर नागरिकता र राहदानी लिए । नेपाली नागरिक बनेर उनीहरूले कारोबार गरे । हुन पनि सुन तस्करीमा संलग्न पाँच चिनियाँ नागरिकले सहजै नेपाली नागरिकता लिएका छन् ।

महानगरको...

पृष्ठ १ बाट क्रमशः

कम सिफारिस भएका छन् । यसबाहेक कतिपय विद्यार्थीले आफूले छानेको विद्यालयमा पढ्न नपाएपछि छात्रवृत्ति नै छाडेका छन् । तर, प्राविधिक कारणले छात्रवृत्तिमा छुटेका तीन सय १० विद्यार्थीलाई महानगरले १३ भदौमा सिफारिस गरेको थियो । ती विद्यार्थी विभिन्न विद्यालयमा भर्ना भएर पढाइ सुरु गरिसकेका छन् । योसँगै यस वर्ष महानगरबाट छात्रवृत्तिमा कक्षा ११ र १२ पढ्ने विद्यार्थी संख्या दुई हजार ६ सय ५१ पुगेको छ । यी विद्यार्थी सिफारिस भएका विद्यालयमा तोकिएको शुल्कअनुसार सशुल्क पढ्नुपरेको भए दुई वर्षमा प्रतिव्यक्ति औसत दुई लाख ५० हजार तिर्नुपर्थ्यो । यस आधारमा दुई हजार ६ सय ५१ विद्यार्थीसँग निजी विद्यालयले ६६ करोड २७ लाख ५० हजार उठाउँथे । अब यति ठूलो रकम दुरुपयोग हुनबाट जोगिएको छ ।

महानगरले आफैं छात्रवृत्ति कोटामा विद्यार्थी तोक्दा करोडौंको छात्रवृत्ति कार्यक्रम सदुपयोग भएको शिक्षाविद् विद्यानाथ कोइरालाले बताए । 'महानगरले छात्रवृत्ति कार्यक्रममा गरेको अभ्यास उदाहरणीय छ, अन्य स्थानीय तहले पनि यसको सिको गर्न जरुरी छ, छात्रवृत्ति कोटा कार्यान्वयनमा मेयरसापको भूमिका राम्रो देखियो,' उनले भने, 'यसले गर्दा विपन्न र मिहिनेती विद्यार्थीले पनि राम्रो विद्यालयमा पढ्न पाउँछन् ।'

विद्यालय आफैंले छनोट गर्दा छात्रवृत्ति पारदर्शी नभएको, आफ्ना नजिकका व्यक्तिलाई छात्रवृत्ति दिएको, विपन्न र जेहेनदार विद्यार्थी छात्रवृत्तिबाट वञ्चित भएको, छात्रवृत्तिको १० प्रतिशत कोटा पनि अन्य विद्यार्थीलाई बेचेकोलगायत विकृति देखिएपछि यसपटक महानगर आफैंले छात्रवृत्ति छनोटको जिम्मा लिएको थियो । महानगरले जेठमा निजी विद्यालयसँग अघिल्लो वर्षको छात्रवृत्ति कार्यक्रमको विवरणसमेत माग गरेको थियो । तर, अधिकांश विद्यालयले छात्रवृत्ति नदिएको, आफ्ना नजिकका विद्यार्थीलाई दिएकोलगायत तथ्य फेला पारेको थियो ।

दुरुपयोग रोक्न महानगरपालिकाले आफैंले विद्यार्थी छनोट गरेर सम्बन्धित विद्यालयलाई सिफारिस गर्ने योजना तय गर्दै छात्रवृत्ति कार्यक्रम सुरु गरेको थियो । महानगरले आह्वान गरेको छात्रवृत्ति कार्यक्रमका लागि झन्डै १७ हजार हाराहारीले आवेदन दिएका थिए । तर, दोब्बरभन्दा बढी आवेदन परेपछि विज्ञसहितको सहभागितामा महानगरपालिका शिक्षा विभागले विद्यार्थी छनोट गरेको थियो ।

विद्यार्थीको रोजाइ नमिल्दा झन्डै आधा कोटा खेर

महानगरले विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा, कानुन तथा प्राविधिक विषयमा छात्रवृत्तिका लागि परीक्षा लिएको थियो । पाँच हजार हाराहारी सिटका लागि आवेदन भर्नेको संख्या झन्डै १७ हजार भए पनि छनोट प्रक्रियामा चार हजार पाँच सय ५१ विद्यार्थी मात्र पास भएका थिए ।

तर, तीमध्ये पनि विद्यार्थीको रोजाइ नमिल्दा र योग्यता नपुग्दा धेरैले छात्रवृत्ति छाडेका छन् । महानगरका शिक्षा विभाग प्रमुख सीताराम कोइरालाले छात्रवृत्ति कार्यक्रममा छनोट भएका कतिपय विद्यार्थी आफैंले छात्रवृत्ति छाडेर अर्कै विद्यालय गएको, कतिपयले प्राविधिक विषय रोजे पनि तल्लो तहको विषय नमिलेकोलगायत कारण छात्रवृत्ति कार्यक्रमका कोटा पूरा हुन नसकेको बताए ।

'हामीले नाम निस्किएका विद्यार्थीलाई व्यवस्थापन गरेर कोटा पूरा गर्ने भनेका थियौं, तर कतिपय विद्यार्थीले हामीले तोकिदिएको विद्यालयमा पढ्न मान्नुभएन,' उनले भने, 'यसले गर्दा छात्रवृत्तिको धेरै कोटा खेर जाने अवस्था आयो, तर छात्रवृत्तिमा हुने विगतको धाँधली यसपटकदेखि रोकिएको छ ।' उनका अनुसार विज्ञानमा दुई सय ९३, शिक्षामा १६, व्यवस्थापनमा एक हजार सात सय ६२, कानुन संकायमा ७७ र मानविकी संकायमा सयभन्दा बढी कोटा खाली भएका छन् । हालसम्म सबैभन्दा बढी विज्ञान र व्यवस्थापन संकायमा विद्यार्थी सिफारिस भएका छन् ।

नाम चलेका विद्यालय भरिए, नचलेकामा कोटा खाली

तिनकुनेस्थित पेन्टागन कलेजका प्रिन्सिपल लोकन्द्रबहादुर चन्दले महानगरले १० प्रतिशत कोटा पुग्ने गरी विद्यार्थी नपठाएकाले उक्त कोटाका केही सिट खाली रहेको बताए । उनले महानगरले थप विद्यार्थी सिफारिस गर्ने भनेपछि सो कोटा खाली राखिएको जानकारी दिए ।

महानगरले बुद्धनगरस्थित रोजबड कलेजमा १० प्रतिशत अर्थात् तीनवटा कोटा छात्रवृत्तिका लागि विद्यार्थी नै पठाएको छैन । प्रिन्सिपल दामोदर ढुंगानाले कक्षा ११ मा विद्यार्थी संख्या नै ३० जना रहेकाले त्यसको १० प्रतिशत कोटा खाली राखे पनि विद्यार्थी अझै नपठाएको बताए ।

उच्च माध्यमिक विद्यालय संघ (हिसान)का महासचिव रमेश सिलवाललेे महानगरले विद्यालय छनोट र विद्यार्थीको विद्यालय छनोटमा समस्या उत्पन्न भएको जानकारी दिए । उनका अनुसार विद्यार्थीले एउटा विद्यालय रोज्ने, तर महानगरले उसलाई अर्कै विद्यालयमा पठाउने गरेका कारण छात्रवृत्तिमा नाम निस्केका कतिपयले छात्रवृत्ति नै त्यागेका छन् । विद्यार्थीको रोजाइअनुसारको विद्यालयमा महानगरले सिफारिस नगर्दा कतिपयमा १० प्रतिशत कोटा नभरिएको सिलवाललेे बताए । 'नाम चलेका विद्यालयमा विद्यार्थी भरिएका छन्, तर ठिक्काका विद्यालय र विषयमा विद्यार्थी नै छैनन्,' उनले भने, 'यसमा महानगरले सही व्यवस्थापन गर्न सकेन ।'

यसकारण विवाद

महानगरपालिकाले समयमै विद्यार्थी नपठाएको, १० प्रतिशत कोटाभन्दा बढी र घटी विद्यार्थी पठाएको, प्रयोगशाला शुल्कसमेत लिन नपाउने नियम लागू गरेकोलगायत विषयमा महानगरभित्र रहेका निजी स्कुल र महानगरबीच विवाद बढेको छ । छात्रवृत्तिमा सिफारिस भएकालाई महानगरले प्रयोगशाला शुल्कसमेत नलिन निर्देशन दिएको छ । तर, विज्ञान विषय पढाउने विद्यार्थीलाई प्रयोगशालामा धेरै खर्च गर्नुपर्ने र सो शुल्क नलिँदा विद्यालयलाई घाटा हुने तर्क विद्यालयको छ ।

दुई करोड...

पृष्ठ १ बाट क्रमशः

गरेका उनको बढुवा ०६४ माघमा भएको थियो । त्यसपछि ०७२ मा उनी सिनियर डिभिजनल इन्जिनियर पदमा बढुवा भई उनले खानेपानी तथा ढल व्यवस्थापन विभागका विभिन्न कार्यालय तथा आयोजना प्रमुखका रूपमा जिम्मेवारी पाउँदै आएका थिए । सिडिई शाक्यको ०७६ फागुनसम्मको सम्पत्ति गणना गर्दा वैध आय एक करोड ६१ लाख ७३ हजार रुपैयाँ हुनुपर्ने थियो । तर, उनले १२ करोड ३९ लाख रुपैयाँभन्दा बढीको सम्पत्ति सिर्जना गरेको भेटिएको थियो । यसरी १० करोड ७७ लाख रुपैयाँभन्दा बढी रकम वैध आयस्रोतले खामेको नपाइएपछि मुद्दा चलाइएको थियो ।

यातायात...

पृष्ठ १ बाट क्रमशः

आफूमातहत राखेपछि बागमतीले सर्वोच्चमा रिट दायर गर्ने निर्णय गरेको हो ।

बागमती सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठका अनुसार बुधबारको मन्त्रिपरिषद् बैठकले संघ सरकारको सहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण ऐन २०७९ को दफा १२ को (१) विरुद्ध सर्वोच्च जाने निर्णय गरेको छ । संघीय संसद्बाट पारित ऐनको दफा १२ उपदफा १ मा भनिएको छ, 'संघीय राजधानी, सहरी क्षेत्रको सार्वजनिक यातायात सेवालाई नियमन तथा व्यवस्थापन गर्न संघीय सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण स्थापना गरिनेछ ।'

बागमतीले उक्त ऐन संविधानसँग बाझिएको भन्दै बदरको माग गर्ने भएको हो । संविधानको अनुसूची ६ मा प्रदेशको एकल अधिकार सूचीमा सवारीसाधन कर, यातायात र प्रदेश लोकमार्ग उल्लेख छ । सवारी दर्ता, सवारीचालक अनुमतिपत्र प्रदान र नवीकरण, प्रदेशभित्र भाडा निर्धारण प्रदेश सरकारले गर्दै आएको छ । 'संविधानले प्रत्यायोजन गरेको प्रदेश सरकारको अधिकार ऐनबाट संकुचन गर्ने काम भयो, त्यही भएर सर्वोच्चमा जाने निर्णय भएको हो,' मन्त्री श्रेष्ठले भने ।

प्राधिकरणको सिइओ सरकारले नियुक्त गर्ने व्यवस्था ऐनमा गरिएको छ भने काठमाडौं महानगरपालिकाका मेयर परिषद् अध्यक्ष रहनेछन् । प्राधिकरणमा भौतिक मन्त्रालय, यातायात विभाग, बागमती प्रदेश र उपत्यकाका २१ वटै स्थानीय तहको प्रतिनिधित्व रहने गरी कानुनी व्यवस्था गरिएको छ ।

संघ, प्रदेश र स्थानीय तहबीचका अधिकार बाँडफाँटसँगै विवाद समाधानका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको राष्ट्रिय समन्वय परिषद् बैठक बसेको साढे दुई महिनामा बागमतीले सर्वोच्च जाने निर्णय गरेको हो । प्रदेश सरकारको अघिल्लो कार्यकालमा मधेश प्रदेशले संघविरुद्ध ६ वटा मुद्दा दायर गरेको थियो । तर, सबै संवैधानिक इजलासमा विचाराधीन छन् । अन्य प्रदेशले पनि क्षेत्राधिकारलाई लिएर संघविरुद्ध असन्तुष्टि जनाउँदै आएकामा मुद्दा मामिलामा भने गएका छैनन् ।

०७६ मा विधेयक दर्ता हुँदा नै आपत्ति जनाएको थियो बागमतीले

सरकारले २६ साउन ०७६ मा संघीय संसद्मा विधेयक दर्ता गराउँदा नै बागमती सरकारले आपत्ति जनाएको थियो । त्यतिखेर काठमाडौं, ललितपुर र भक्तपुर अर्थात् काठमाडौं उपत्यकाको सार्वजनिक यातायात व्यवस्थापनका लागि 'काठमाडौं उपत्यका सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक' अगाडि बढाएको थियो । तर, पछि सहरी यातायातको अधिकारसमेत प्रदेश सरकारबाट खोसेर २ ९ साउन ०७९ मा 'सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक'पारित गरिएको थियो । सोही वर्ष ९ असोजमा राजपत्रमा प्रकाशित गरिएको थियो ।

मोटरसाइकल हराएको सूचना

मिति २०८०/०४/३० गतेका दिन हरिवन नगरपालिका १० नयाँरोड चोकमा रहेको घर भित्र राखेको श्रवण कुमार रुपाखेती को नाममा रहेको रोयल ब्लु कलरको दर्ता नं. ना ४६ प २३३१ नं. को २२० सिसि को पल्सर बाइक रातिको समयमा हराएको हुदा देखुनुहुने महानुभावले मोबाइल नं. वा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
इन्जिन नं. DKYCHL 49979
च्यासिस नं. MD2A13EYXHCL17385

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
तारा गाउँ विकास समिति
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
सूचना प्रकाशित मिति २०८०/५/२८

यस समितिबाट मिति २०८०/४/२६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा 02/TGDB/2080/081 - Entrance Gate and Boundary Wall Works at Kakani Rural Municipalty, Tara Gaon Resort Hotel, Kakani को निर्माण कार्य गर्न बोलपत्र आव्हान गरिएकोमा तोकिएको म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्याङ्कित समेत भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

सि.नं	ठेक्का नं. तथा विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मु.अ.कर बाहेक)
१	02/TGDB/2080/081- Entrance Gate and Boundary Wall Works at Kakani Rural Municipalty, Tara Gaon Resort Hotel, Kakani	Shubham Builders, Bidur Municipality-7, Nuwakot.	१६,२०,५३९.३०

कार्यालय कोठा खाली गरी दिने सम्बन्धमा

सूचना प्रकाशित मिति : २०८०/५/२८

उपरोक्त सम्बन्धमा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. नं. १९३५३५।०७४।०७५ मा दर्ता भएको का.जि. का.म.पा. वडा नं. ३० स्थित येस यन यल जब एंड ट्रेनिंग सेन्टर प्राइभेट लिमिटेडका तर्फबाट अख्तियार प्राप्त श्री सुदिप चन्द्र बखरेलले यस स्टार होल्डिङ्गस प्राइभेट लिमिटेडका तर्फबाट अख्तियार प्राप्त शौरभ श्रेष्ठसँग स्टार होल्डिङ्गस प्राइभेट लिमिटेडको नाममा दर्ता कायम रहेको का.जि. का.म.पा. वडा नं. ३०, पुतलीसडक स्थित व्यापारिक भवन (स्टार मल) को पहिलो तलामा अवस्थित दक्षिण तर्फको ३५५ वर्ग फिटको कार्यालय कोठा (Office No. 12) बहालमा लिने गरी मिति २०७५ असोज २४ गते बहाल सम्बन्धि सम्झौता गरेकोमा त्यस प्रा.लि.ले उक्त सम्झौता बमोजिम तिर्न बुझाउँनु पर्ने बहाल तथा अनुसुची-१ बमोजिमका रकमहरु समयमा नै भुक्तान नगर्नु नगराउँनु भएको र बक्यौता रकमहरु चुक्ता भुक्तान गरी दिनु हुन भनि पटक पटक ताकेता गर्दा समेत त्यस प्रा.लि.ले बेवास्ता गरेको हुँदा उक्त बहाल सम्बन्धि सम्झौता रद्ध गरिएको छ । त्यस प्रा.लि.ले आजको मितिबाट ३५ दिन भित्र यस प्रा.लि.लाई तिर्न बुझाउनु पर्ने सम्पुर्ण रकमहरु तथा घरबहाल कर समेत चुक्ता गरी उक्त स्थान खाली गरी दिनु हुन अनुरोध छ । सो अवधि सम्म पनि उक्त कार्यालय कोठा खाली नगरेमा त्यस स्थानमा त्यस प्रा.लि.को कुनै पनि सरसामानहरु प्रति यस प्रा.लि.ले कुनै पनि जिम्मेवारी नलिने नहुने व्यहोरा समेत तहाँको जानकारीको लागि अनुरोध छ ।

स्टार होल्डिङ्गस प्राइभेट लिमिटेड
का.जि. का.म.पा. वडा नं. ३०, पुतलीसडक
सम्पर्क नं. : ०१-४०१२५०६

Pokhara Metropolitan City
Office of Municipal Executive
Newroad, Pokhara

Invitation for Bids
IFB No: 5.1/PMC/080-081
(First Date of publication: 2080/05/28)

1. **Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad,** Pokhara invites **online bids for NCB Contracts** under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

SN No.	IFB No.	Description and location of work	Estimate Amount Without VAT and With PS (NRs)	Average Annual Construction Turnover of the best 3 Years within last 10Years (NRs)	Minimum Work Experience of Similar work and Nature (NRs)	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Bid Security Validity Period
12.	5.1/PMC/ 080-081	Rental of Vehicle for Supervision of Talchowk Begnast Road Project, (Contract ID: 5/PMC/ NCB/G/Rental /080-081)	NA	NA	NA	3,000	81,000.00	120 days

2. **Pre- Bid Meeting, Submission and Opening**

Contract No.	Pre-Bid Meeting		Submission of Bid		Opening of Bid	
	Date	Time	Date	Time	Date	Time
For NCB Contract	October 3, 2023	13:00	October 15, 2023	12:00	October 15, 2023	13:00
Bank Name	**Name of Office**		**Revenue Account No.**		**Deposit Account No.**	
Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski	Pokhara Metropolitan City ,Office of Municipal Executive, Newroad		3020100301010002		3020100303000002	

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (12th Amendment, 2079).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding..
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

Chief Administrative Officer

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.नं. १७/०६९/०७०
बिहीबार २८ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

खेल संक्षेप

चार वडा प्रि-क्वार्टरफाइनलमा

काठमाडौं/ प्रयागराज सिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगितामा बुधबार चार वडा प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्। वडा २३ को आयोजनामा भइरहेको प्रतियोगिताको बुधबार दोस्रो दिन लैनचौर फुटसल मैदानमा वडा २६ ले वडा ५ लाई १-० ले हरायो। सो खेलमा करण खड्गीले निर्णायक गोल गरेका थिए। अर्को खेलमा वडा २८ ले वडा २४ लाई ४-१ ले पराजित गऱ्यो। विजयी टोलीका लागि उदेश खड्गीले दुई-दुई गोल गरेका थिए। अर्को खेलमा वडा १३ ले वडा २१ लाई २-० ले हरायो। वडा १३ का लागि विकेश साही र अभय रानाले एक-एक गोल गरे।

बास्केटबलमा ६८ टोली

काठमाडौं/ ग्रिनल्यान्ड माविको आयोजनामा १७औँ क्विक्स-ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिता बिहीबारदेखि हुने भएको छ। प्रतियोगितामा तीन विधामा जम्मा ६८ टोलीको सहभागिता रहने बुधबार ग्रिनल्यान्डका प्राचार्य थकिनकुमार गुरुङले जनाएका छन्। सिनियर पुरुषमा २८, जुनियर पुरुषमा १६ र महिलामा २४ टोलीले भाग लिनेछन्। खेल लिगकम नकआउट आधारमा हुनेछ। समग्रमा एक सय १८ खेल हुनेछ।

नकआउट फुटबल सुरु

धादिङ/ धादिङ जिल्ला फुटबल संघको आयोजनामा बुधबारदेखि जिल्लास्तरीय नकआउट फुटबल प्रतियोगिता सुरु भएको छ। गजुरी गाउँपालिका-५ गलौंदी खेलमैदानमा भएको प्रतियोगितामा जिल्लाका १२ क्लबको सहभागिता रहेको छ। उपाधि विजेताले जिल्ला लिगका लागि स्थान सुरक्षित गर्नेछन्। जिल्ला लिगका लागि १० टोली छनोट भइसकेका छन्।

कीर्तिपुर मैदानको फ्लड लाइटका लागि टेन्डर नै परेन

कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा फ्लड लाइट र आधुनिक डिजिटल स्कोर बोर्ड जडानका लागि राष्ट्रिय खेलकुद परिषद्ले दोस्रोपटक टेन्डर आह्वान गर्दासमेत कुनै पनि कम्पनीले रुचि देखाएनन्, टेन्डर नै परेन।

नयाँ पत्रिका

नेपालमा रहेको एक मात्र अन्तर्राष्ट्रियस्तरको कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानका लागि आह्वान गरेको फ्लड लाइटको टेन्डर अहिलेसम्म कुनै पनि कम्पनीले दाबी गरेका छैनन्। राष्ट्रिय खेलकुद परिषद्ले दोस्रोपटक टेन्डर खुलाएको छ। कसैले पनि मागअनुसार टेन्डर भरेका छैनन्। परिषद्ले दोस्रोपटक मैदानमा फ्लड लाइट र डिजिटल स्कोर बोर्डका लागि भ्याटबाहेक २८ करोडको टेन्डर आह्वान गरेको छ।

गत चैतमा त्रिवि क्रिकेट मैदानमा आइसिसी विश्वकप लिग-२ मा युएईविरुद्धको खेल हेर्न पुगेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तत्काले फ्लड लाइट र डिजिटल स्कोर बोर्ड जडान गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका थिए। विश्वकप क्रिकेट लिग-२ को शीर्ष स्थानमा रहँदै छनोट भएको थियो।

एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा स्थान बनाएको नेपाली टोलीलाई प्रधानमन्त्री प्रचण्डले प्रधानमन्त्रीनिवास बालुवाटारमा खेलाडीलाई बधाइ दिएका थिए। उनले मैदानमा देखिएको समस्याको सम्बोधन गर्दै सम्बन्धित निकायलाई आधुनिक फ्लड लाइट र स्कोर बोर्ड जडान गर्न राखेप र खेलकुद मन्त्रालयलाई निर्देशन दिएका थिए। उनले मूलपानी मैदान र चितवनमा रोकिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय रंगशाला बनाउन चासो देखाएका थिए। यद्यपि, मूलपानी र चितवनमा रोकिएको काम सुचारु भएको छैन।



सकिनै लाग्यो दोस्रोपटकको आह्वान मिति

प्रधानमन्त्रीको निर्देशनलगत्तै राष्ट्रिय खेलकुद परिषद्ले टेन्डर आह्वान गरेको हो। दोस्रोपटकको टेन्डर भर्ने मिति पनि सकिन लागेको परिषद्ले जनाएको छ। 'प्रधानमन्त्रीज्यूको निर्देशनसँगै टेन्डर आह्वान गरेका थियौं। पहिलोपटकको टेन्डर परेन, अहिले हामीले दोस्रोपटक पुनः आह्वान गरेका छौं,' परिषद्का सदस्यसचिव टंकलाल घिसिङले नयाँ पत्रिकासँग भने, 'कुनै न कुनै कम्पनीले दाबी गर्ने विश्वास छ।'

एकदिवसीय ग्लोबल छनोटमा नेपालले स्थान बनाउन विश्वकप लिग-२ को तेस्रो स्थान रक्षा गरेको थियो। नेपालले त्रिवि मैदानमा खराब प्रकाशपछि संयुक्त अरब इमिरेट्स (युएई)लाई ६ विकेटले हराउँदै ग्लोबल छनोटमा स्थान बनाएको थियो। खराब मौसम र प्रकाशका कारण एसिसी प्रिमियर कपका केही खेल प्रभावित बनेका थिए। त्रिवि मैदान र मूलपानीको माथिल्लो मैदानमा एसिसी प्रिमियर कप भएको थियो।

नयाँ पत्रिकाकर्मी सुवेदी पुरस्कृत



काठमाडौं/ नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)ले नयाँ पत्रिकाकर्मी रमेश सुवेदीलाई सुमन बम्जन युवा पत्रकारिता पुरस्कारबाट सम्मानित गरेको छ। मञ्चले एनएसजेएफ पत्रकारिता अवार्ड मुकुन्द बोगटीलाई प्रदान गरेको छ। मञ्चको २८औँ स्थापना दिवसको अवसरमा बुधबार अग्रज खेल पत्रकार बोगटी र युवा खेल पत्रकार सुवेदीलाई सम्मान गरिएको हो।

मञ्चले ०७१ देखि अग्रज र ०७६ बाट युवा खेल पत्रकारलाई सम्मान गर्दै आएको छ। सम्मानित भएका बोगटीलाई २५ हजार र युवा पत्रकार सुवेदीलाई एक थान ल्यापटप प्रदान गरिएको छ। नेपाल ओलम्पिक कमिटी (एनओसी)का अध्यक्ष जीवनराम श्रेष्ठ, महासचिव नीलेन्द्रराज श्रेष्ठ, अखिल नेपाल फुटबल संघ (एन्फा)का महासचिव किरण राई र मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदीलगायतले उनीहरूलाई सम्मान गरेका थिए।

बोगटीले अग्रजको योगदान स्मरण गर्दै मञ्चले गरेको सम्मानप्रति आभार प्रकट गरे। युवा पत्रकारबाट पुरस्कृत भएका सुवेदीले फुटबलको समर्थकका रूपमा खेलकुदमा प्रवेश गर्दा मञ्चबाट प्रोत्साहन प्राप्त भएको जनाए। अहिलेसम्म एनएसजेएफ पत्रकारिता अवार्डबाट १० जना र सुमन बम्जन युवा पत्रकारिताबाट पाँचजना सम्मानित भइसकेका छन्।

एनओसी अध्यक्ष श्रेष्ठले अनुज र अग्रजलाई मञ्चले गर्दै आएको सम्मान राम्रो संस्कारको सुरुवात भएको धारणा राखे। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले खेलाडी र प्रशिक्षकका लागि नै मञ्चले निकै लोकप्रिय अवार्ड आयोजना गर्दै आएको स्मरण गरे।

विशालले बनाए राष्ट्रिय रेकर्ड



काठमाडौं/ नेपालका विशालसिंह विष्टले साउदी अरबको रियादमा चलिरहेको विश्व भारोत्तोलन च्याम्पियनसिपमा नयाँ राष्ट्रिय कीर्तिमान बनाएका छन्। उनले पुरुष ९६ केजी तौलसमूहमा स्न्याच, क्लिन एन्ड जर्क र कुलमा गरी तीनवटा राष्ट्रिय कीर्तिमान बनाएका हुन्। नेपाल भारोत्तोलन संघका अनुसार उनले आफ्नै नाममा रहेको रेकर्ड सुधार गरेका हुन्। विशालले स्न्याचतर्फ १२६ केजी, क्लिन एन्ड जर्कमा १६५ केजी र समग्रमा २९१ केजी भार वहन गरे। गत वर्ष पोखरामा भएको नवौं राष्ट्रिय खेलकुदमा उनले स्न्याचमा १२० केजी, क्लिन एन्ड जर्कमा १६१ र समग्रमा २८१ केजीको रेकर्ड राखेका थिए। १६ वर्षपछि विश्व भारोत्तोलन च्याम्पियनसिपमा नेपालले सहभागिता जनाएको हो।

नेपालका लागि यसअघि विकास भट्टले स्न्याच, क्लिन एन्ड जर्क र कुलमा आफ्नै नाममा रहेको कीर्तिमान सुधार गरेका थिए। च्याम्पियनसिपमा नेपालबाट पाँच खेलाडी छन्। महिला खेलाडीद्वय टीकामाया गुरुङ र शारदा चौधरीको प्रतिस्पर्धा सकिइसकेको छ। महिला खेलाडीले भने राष्ट्रिय कीर्तिमान बनाउन सकेनन्। विशाल, विकास, टीकामाया र शारदा चारै खेलाडीले चीनको हान्झाउमा हुने १९औँ एसियन गेम्समा पनि सहभागिता जनाउनेछन्। च्याम्पियनसिपमा नेपालका सागर भण्डारीको प्रतिस्पर्धा बाँकी छ। उनले पुरुष १०९ केजी तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन्।

श्रीलंका र पाकिस्तानबीचको विजेताले भारतसँग खेल्ने

कोलम्बो/ एसिया कप क्रिकेट प्रतियोगिताको बिहीबार श्रीलंका र पाकिस्तानबीच महत्त्वपूर्ण खेल हुँदै छ। कोलम्बोमा हुने खेल दुवै टोलीको नजरमा सेमिफाइनलसरह नै हो। यस खेलको विजेताले सीधै फाइनलमा भारतको सामना गर्नेछ। यसै कारण श्रीलंका र पाकिस्तान गर या मरको अवस्थामा प्रतिस्पर्धा गर्दै छन्। सुपर फोरमा दुवै टोलीले दुई खेलबाट समान दुई अंक जोडेका छन्। रनरेटमा श्रीलंका राम्रो छ।

वर्षाका कारण खेल रोकिँदा श्रीलंका अन्तिम दुईमा पुग्नेछ। पाकिस्तान प्रतियोगिताबाट बाहिरिनेछ। भारतसँग दुई सय २८ रनको फराकिलो अन्तरले पराजित भएपछि पाकिस्तानको रनरेट कमजोर बनेको हो। भारतले मंगलबार श्रीलंकालाई ४१ रनले हराउँदै फाइनल स्थान पक्का गरेको थियो। पाकिस्तानले बंगलादेशलाई सात विकेटले हराउँदै दुई अंक बटुलेको थियो। श्रीलंकाले बंगलादेशलाई २१ रनले निराश पारेको थियो।

सुपर फोर

टोली	खेल	जित	हार	अंक	रनरेट
भारत	२	२	०	४	२.६९
श्रीलंका	२	१	१	२	-०.२०
पाकिस्तान	२	१	१	२	-१.८९
बंगलादेश	२	०	२	०	०.७९

प्रतियोगितामा श्रीलंकाले सर्वाधिक ११ पटक फाइनल स्थान पक्का गरेको छ। भारत नौ र पाकिस्तान पाँचपटक फाइनलमा पुगेका छन्। भारतबाहेक अन्य खेलमा उत्कृष्ट प्रदर्शन गरेको पाकिस्तान पछिल्ला आठ खेलमा श्रीलंकामाथि हावी छ। पाकिस्तान श्रीलंकामाथि मानसिक दबाब राख्ने प्रयासमा हुनेछ। पाकिस्तानले भारतसँगको खेलमा दुई महत्त्वपूर्ण खेलाडी चोटका कारण गुमाएको थियो।

मोहमद ह्यारिसले सम्भवतः प्रतियोगिता गुमाएका छन्। बलर नसिम साह चोटकै कारण प्रतियोगिताबाट बाहिरिएका छन्। श्रीलंकाविरुद्धको खेलमा पाकिस्तानलाई यी दुवै खेलाडीको अभाव खड्किने पक्का छ। पाकिस्तानको स्ट्राइक बलर साहिन साह अफ्रिदी फर्ममा रहँदा श्रीलंकाली ओपनर सचेत भएर खेल्नुपर्छ।

RUPSE HOLIDAYS
"Crafting Memorable Holidays"



VIETNAM
4 Nights & 5 Days
Rs. 119,999/-
Direct flight on 21, 25 and 29 Oct. 2023



BAKU
5 Nights & 6 Days
Rs. 99,999/-



EYGPT
4 Nights & 5 Days
Rs. 99,999/-

CONTACT US
info@rupseholidays.com
www.rupseholidays.com
HATTISAR, KATHMANDU
977-1-4545662
9851344538 9802311295 9851329752 9851329763 9851344536 9851329762
9851344543 9851344535 9851344542

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com